निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL



# निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य,
राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

# निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य,
राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

**द्रष्टव्यः**

*यो प्रकाशनमा उल्लिखित तथ्याङ्कमा दलित समुदाय / गैरदलित समुदायको वर्गीकरण गर्दा राष्ट्रिय दलित आयोगबाट प्रकाशित जातीय अनुसूचिमा लेखिएको थरलाई आधार मानिएको छ। यसैगरी मधेशी समुदायको वर्गीकरण गर्दा जाती वा थरको हिसाबले मधेशी समुदायको भनी पहिचान गर्दै आइएका जाती / थरलाई आधार लिएको छ। तथा जातजाती सम्बन्धी विवरण तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्क तथा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जारी गरिएको स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९बाट लिइएको छ।*

# विषय सूची


| | |
|---|---|
| **परिच्छेद १ परिचय** | पृष्ठ |
| १.१ पृष्ठभूमि | ११ |
| १.२ अध्ययनको उद्देश्य | १३ |
| १.३ अध्ययनको ढाँचा र विधि | १३ |
| १.४ अध्ययनको सीमा | १५ |
| **परिच्छेद २ लैङ्गिक तथा सामाजिक समावेशीताका सम्बन्धमा भएको निर्वाचन सम्बन्धी कानुनी व्यवस्था** | |
| २.१ संवैधानिक व्यवस्था | १९ |
| २.२ निर्वाचन ऐन तथा कानुन | २१ |
| **परिच्छेद ३ स्थानीय, प्रदेश तथा सङ्घीय संसदमा निर्वाचित महिला** | |
| ३.१ स्थानीय तह निर्वाचनमा महिला प्रतिनिधि | २७ |
| ३.१.१ प्रमुख तथा अध्यक्ष | ३० |
| ३.१.२ उपप्रमुख तथा उपाध्यक्ष | ३२ |
| ३.१.३ वडा अध्यक्ष | ३४ |
| ३.१.४ समग्रमा स्थानीय तहमा महिलाको प्रतिनिधित्व | ३६ |
| ३.२ प्रदेश सभा सदस्य निर्वाचनमा महिला प्रतिनिधि | ३८ |
| ३.२.१ प्रदेश सभा सदस्यमा महिला प्रतिनिधित्व | ३९ |
| ३.२.२ समग्रमा प्रदेश सभा सदस्यमा महिला प्रतिनिधित्व | ४१ |
| ३.३ सङ्घीय संसद्मा महिला प्रतिनिधित्व | ४२ |
| ३.३.१ प्रतिनिधि सभा सदस्यमा महिला प्रतिनिधित्व | ४२ |
| ३.३.२ राष्ट्रिय सभा सदस्यमा महिला प्रतिनिधित्व | ४७ |
| ३.३.३ समग्रमा सङ्घीय संसद्मा महिला प्रतिनिधित्व | ४८ |
| ३.४ राष्ट्रपति तथा उपराष्ट्रपति पदमा महिला प्रतिनिधित्व | ४९ |
| ३.५ समग्रमा विभिन्न तहको निर्वाचनमा महिला प्रतिनिधित्व | ४९ |

**परिच्छेद ४ विभिन्न तहमा निर्वाचित मधेसी समुदाय**
४.१ स्थानीय तहमा मधेसी समुदायको प्रतिनिधित्व ५३
४.२ प्रदेश सभामा मधेसी समुदायबाट प्रतिनिधित्व ५४
४.३ सङ्घीय संसदमा मधेसी समुदायबाट प्रतिनिधित्व ५६

**परिच्छेद ५ विभिन्न तहमा निर्वाचित दलित समुदाय**
५.१ स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्व ६१
५.२ वडा समितिमा दलित महिला सदस्य ६२
५.३ प्रदेश सभामा दलित समुदायवाट प्रतिनिधित्व ६७
५.४ सङ्घीय संसदमा दलित समुदायबाट प्रतिनिधित्व ६९

**परिच्छेद ६ विभिन्न तहमा निर्वाचित अपाङ्गता भएका व्यक्तिहरू**
६.१ अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा प्रतिनिधित्व ७५
६.१.१ स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व ७७
६.१.२ प्रदेश सभामा अपाङ्गता भएका व्यक्ति ७९
६.१.३ सङ्घीय संसदमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व ७९

**परिच्छेद ७ निष्कर्ष तथा सुझाव**
७.१ निष्कर्ष ८३
७.२ सुझाव ८५

**अनुसूची**

# तालिका विवरण


| | | पृष्ठ |
|---|---|---|
| तालिका १ | वि. सं. २०७४ सालमा सम्पन्न विभिन्न तहको निर्वाचनमा निर्वाचित जनप्रतिनिधि | १२ |
| तालिका २ | प्रमुख राजनीतिक दलहरूले वडा अध्यक्ष पदमा दिएका उम्मेदवारी सम्बन्धी विवरण, २०७४ | ३५ |
| तालिका ३ | प्रदेश सभा सदस्य निर्वाचनमा महिला प्रतिनिधित्व, २०७४ | ३९ |
| तालिका ४ | प्रमुख राजनीतिक दलहरूबाट प्रदेश सभा सदस्य पदको महिला उम्मेदवारी र निर्वाचन परिणाम, २०७४ | ४१ |
| तालिका ५ | स्थानीय तहमा प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष पदमा मधेसी समुदायको प्रतिनिधित्व | ५४ |
| तालिका ६ | प्रदेश सभामा मधेसी समुदाय को प्रतिनिधित्व | ५५ |
| तालिका ७ | सङ्घीय व्यवस्थापिकामा मधेसी समुदायको प्रतिनिधित्व | ५६ |
| तालिका ८ | स्थानीय तहमा प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष पदमा दलित समुदायको प्रतिनिधित्व | ६२ |
| तालिका ९ | प्रदेश सभामा दलित समुदायको प्रतिनिधित्व | ६७ |
| तालिका १० | सङ्घीय व्यवस्थापिकामा दलित समुदायको प्रतिनिधित्व | ६९ |
| तालिका ११ | राष्ट्रिय जनगणना २०६८ सालको जनगणनाको आधारमा नेपालमा अपाङ्गताको स्थिति | ७६ |
| तालिका १२ | अपाङ्गता भएका व्यक्तिहरूको विभिन्न किसिम | ७७ |
| तालिका १३ | स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व | ७८ |
| तालिका १४ | प्रदेश सभामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व | ७९ |
| तालिका १५ | राष्ट्रिय सभा र प्रतिनिधि सभामा अपाङ्गता भएका व्यक्ति (PWD) को प्रतिनिधित्व, २०७४ | ८० |

# चित्र विवरण


| | | पृष्ठ |
|---|---|---|
| चित्र १ | वि सं २०५४ र २०७४ सालमा सम्पन्न भएका स्थानीय निकाय/तहको निर्वाचनमा निर्वाचित भएका महिला जनप्रतिनिधिको प्रतिशत | २८ |
| चित्र २ | उमेर अनुसार स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधिहरुको अवस्था | ३७ |
| चित्र ३ | प्रतिनिधि सभा (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली) उम्मेदवार र परिणाम | ४३ |
| चित्र ४ | प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा महिला उम्मेदवारी र निर्वाचन परिणाम, २०७४ | ४५ |
| चित्र ५ | विगतका संविधान सभा तथा  सङ्घीय संसद्मा महिलाको प्रतिनिधित्वको हिस्सा (वि. सं. २०६४, २०७०, २०७४) | ४६ |
| | लैङ्गिक आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचित परिणाम (%) | ४७ |
| चित्र ६ | जातीय आधारमा कोटा र सङ्घीय संसदमा प्रतिनिधित्व (%) | ५७ |
| चित्र ७ | राष्ट्रिय सभामा विभिन्न जातजातिहरुको प्रतिनिधित्व | ६३ |
| चित्र ८ | दलित महिला सदस्यको खाली सङ्ख्या | ६९ |
| चित्र ९ | जातीय आधारमा कोटा र सङ्घीय संसदमा प्रतिनिधीत्व (%) | ६९ |
| चित्र १० | राष्ट्रिय सभामा विभिन्न जातजातिहरुको प्रतिनिधित्व | ७० |

# परिच्छेद १
## परिचय

# परिच्छेद १
## परिचय

### १.१ पृष्ठभूमि

नेपालको निर्वाचन इतिहासलाई हेर्दा वि.सं. २००४ साल जेठ २९ गते तत्कालिन श्री ३ पद्म शम्शेर राणाको प्रधानमन्त्रित्व कालमा २१ वर्ष नाघेको पुरुष मतदाताहरूले मात्र मत हाल्न पाउने गरी सम्पन्न काठमाडौं म्यूनिसिपलिटीको निर्वाचन नै पहिलो र ऐतिहासिक निर्वाचनका रूपमा पाउन सकिन्छ ।[1] यद्यपि महिलाहरूले पनि भोट हाल्न पाउनुपर्छ भनी तत्कालीन प्रधानमन्त्री समक्ष माग राखिएको भए तापनि महिलाहरूलाई मताधिकार प्रदान गरिएको थिएन । वि. सं. २००७ साल पछि नगरपालिका कानुन बमोजिम वि. सं. २०१० साल भाद्र १७ गते सम्पन्न काठमाडौं नगरपालिकाको निर्वाचनमा २१ वर्ष उमेर पुगेका महिला तथा पुरुष मतदाताहरूले उम्मेदवार बन्ने तथा मताधिकार प्रयोग गर्ने समेत अवसर पाएका थिए ।[2] तर नेपालमा सबै बालिग महिलाहरूले मताधिकारको प्रयोग भने वि. सं. २०१५ सालको संसदीय निर्वाचनमा मात्र गर्न पाएका थिए । वि. सं. २०४६ सालको जन आन्दोलनको आधारमा निर्माण भएको **नेपाल अधिराज्यको संविधान २०४७** ले १८ वर्ष उमेर पूरा गरेका र मतदाता नामावलीमा नाम समावेश भएका सबै नेपाली नागरिकलाई मताधिकार तथा २५ वर्ष उमेर पूरा गरेका नागरिकलाई उम्मेदवार हुने अधिकार प्रदान गरेको थियो ।

**दिगो विकास लक्ष्य ५ :** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा बालिकालाई सशक्तीकरण गर्ने

**सूचक ५.५.१ :** राष्ट्रिय संसद्हरू तथा स्थानीय सरकारहरूमा महिला रहेका स्थानहरूको अनुपात

**दिगो विकास लक्ष्य १६ :** दिगो विकासका लागि शान्तिपूर्ण तथा समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच उपलब्ध गराउने र सबै तहमा प्रभावकारी, उत्तरदायी तथा समावेशी संस्थानहरू निर्माण गर्ने

**सूचक १६.७.१ :** राष्ट्रिय वितरणको तुलनामा सार्वजनिक संस्थानहरू (राष्ट्रिय तथा स्थानीय व्यवस्थापिकाहरू, निजामति सेवा तथा न्यायपालिका) मा पदहरू (लिङ्ग, अपाङ्गता भएका व्यक्तिहरू तथा जनसङ्ख्या समूहहरूका आधारमा) का अनुपातहरू

वि. सं. २०६२/२०६३ सालमा भएको जनआन्दोलन पछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ मार्फत नेपालमा पहिलो पटक समानुपातिक समावेशी सिद्धान्तका आधारमा

---

[1] निर्वाचन आयोग, नेपालको निर्वाचन इतिहास पृ.१५१

[2] ऐ. पृ. १५५

निर्वाचन गर्ने गरी पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरियो । यही प्रणाली अनुरूप वि. सं. २०६४ र २०७० मा दुई पटक संविधान सभाको निर्वाचन भई सोही संविधान सभाबाट वि. सं. २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गरियो । जसमा समानुपातिक समावेशी प्रतिनिधित्वलाई संविधानको एउटा मर्मका रूपमा लिइएको छ ।

लैङ्गिक भेदभाव हटाई लोकतान्त्रिक निर्वाचनमा पुरुष सरह महिलाहरू पनि सहभागी हुन पाउने अधिकारको सुनिश्चितता गर्नुपर्ने लगायत जातीय तथा अपाङ्गता विरुद्धका भेदभाव हटाउने विषयलाई विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, सम्झौता एवं घोषणापत्रमा प्राथमिकता दिइएको छ । विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा नेपालले पक्ष राष्ट्र भई समावेशी सिद्धान्तलाई कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय स्तरमै प्रतिबद्धता जनाएको छ ।[३] यसै प्रतिवद्धता अनुरूप नेपालको संविधानमा नै विशेष व्यवस्था गरी सोही अनुरूप ऐन कानुनको तर्जुमा गरी क्रमशः कार्यान्वयनको चरणमा रहेको छ ।

वि. सं. २०७४ साल नेपालको निर्वाचन इतिहासमा ऐतिहासिक वर्ष हुन पुग्यो । नेपालको संविधानले गरेको व्यवस्था बमोजिम वि. सं. २०७४ सालमा स्थानीय तह, प्रादेशिक, सङ्घीय, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन समेत गरी सबै तहको निर्वाचन सम्पन्न भयो जसमा मुलकभरवाट १४,६५५ जना महिला सहित कुल ३५,९२७ जना जनप्रतिनिधि निर्वाचित भएका छन् । यस निर्वाचनमा सबै क्षेत्र, वर्ग र समुदायबाट ठूलो सङ्ख्यामा उम्मेदवारी रहेकाले यसको निर्वाचन परिणाम पनि निकै महत्वपूर्ण र उल्लेख्य रह्यो । समावेशीताको दृष्टिकोणले निर्वाचित जन प्रतिनिधिहरूको प्रतिनिधित्व र सङ्ख्या एक हदसम्म महत्वपूर्ण रहयो । यस निर्वाचन मार्फत नेपालकै इतिहासमा पहिलो पटक महिला, विभिन्न जातजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय तथा सीमान्तकृत समूहबाट ठूलो सङ्ख्यामा जनप्रतिनिधि निर्वाचित हुन पुगेकाछन् ।

**तालिका नं. १**

वि. सं. २०७४ सालमा सम्पन्न विभिन्न तहको निर्वाचनमा निर्वाचित जनप्रतिनिधि

| निर्वाचन | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| स्थानीय तह | २०,६८८ | १४,३५३ | ३५,०४१ |
| प्रदेश सभा सदस्य | ३६१ | १९८ | ५५९ |
| प्रतिनिधि सभा सदस्य | १८५ | ९० | २७५ |
| राष्ट्रिय सभा सदस्य | ३७ | २२ | ५९ |
| राष्ट्रपति | - | १ | १ |
| उपराष्ट्रपति | १ | - | १ |
| **जम्मा** | **२१,२७२** | **१४,६५४** | **३५,९३६** |

[३] मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्टिय अनुबन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७५, सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने अन्तराष्ट्रिय महासन्धि १९६५, अपाङ्गताका अधिकार सम्बन्धी महासन्धि २००८

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य नेपालको संविधान तथा निर्वाचन सम्बन्धी कानुनमा भएको व्यवस्था अनुरूप २०७४ सालमा सम्पन्न सबै तहका निर्वाचनमा लैङ्गिक तथा समावेशीकरण सम्बन्धमा भएको नीतीगत र विकास तथा यसको अभ्यासको गुणात्मक तथा परिमाणात्मक स्थितिको अध्ययन गर्नु रहेको छ । महिला तथा समावेशी समूहको तीन तहका निर्वाचनमा सहभागीता र प्रतिनिधित्वको लेखाजोखा गर्नु रहेको छ । तथापि यस अध्ययनको विशिष्ट उद्देश्य निम्न रहेका छन् :

- निर्वाचन प्रक्रियामा लैङ्गिक तथा समावेशीकरण सम्बन्धमा अहिलेसम्म भएका उपलब्धिहरूको अभिलेखन गर्ने ।
- निर्वाचन प्रक्रियामा लैङ्गिक तथा समावेशीकरणका सवालमा देखिएका समस्याहरू पहिचान गर्ने ।
- आगामी निर्वाचनहरूमा समावेशीकरणका सवालमा गर्नुपर्ने सुधारका लागि सुझावहरू प्रस्तुत गर्ने ।

## १.३ अध्ययनको ढाँचा र विधि

### १.३.१ अध्ययनको ढाँचा

यस अध्ययनले लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा थप अनुसन्धान गर्नका लागि उत्प्रेरित गर्ने आशा गरिएको छ । यसमा विभिन्न तहको निर्वाचनमा महिला लगायत अन्य समावेशी समूहको प्रतिनिधित्वको विषयमा विश्लेषण गर्ने प्रयास गरिएको छ । प्रतिवेदनलाई सात परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचय रहेको छ भने दोस्रो परिच्छेदमा निर्वाचन सम्बन्धी कानुनी व्यवस्थालाई समेटिएको छ । अन्तिम परिच्छेदमा निष्कर्ष र सुझाव रहेको छ । यस प्रतिवेदनमा परिचय, कानुनी व्यवस्था र निष्कर्ष तथा सुझाव बाहेक देहाय बमोजिमका चार भाग रहेका छन् ।

- स्थानीय, प्रदेश तथा सङ्घीय संसदमा निर्वाचित महिला (परिच्छेद तीन)
- विभिन्न तहमा निर्वाचित मधेसी समुदाय (परिच्छेद चार)
- विभिन्न तहमा निर्वाचित दलित समुदाय (परिच्छेद पाँच)
- विभिन्न तहमा निर्वाचित अपाङ्गता भएका व्यक्तिहरू (परिच्छेद छ)

### १.३.२ अध्ययनको विधि

अध्ययनका क्षेत्रमा प्रयोग हुने विभिन्न विधिहरू मध्ये यस अध्ययनका लागि देहायका विधिहरू अपनाइएको थियो ।

## डेस्क समीक्षा

नेपालको संविधान तथा निर्वाचन कानुनले लैंङ्गिक तथा समावेशिताका सम्बन्धमा गरेको व्यवस्थाको सन्दर्भमा विभिन्न समयमा आयोगमा कार्यरत कर्मचारी र निर्वाचन सहायता परियोजना (UNDP / ESP) मा कार्यरत कर्मचारीको सहभागितामा अध्ययन तथा डेस्क समीक्षा गरिएको थियो । यस डेस्क समीक्षा कार्यक्रममा नेपालको संविधान, स्थानीय तह निर्वाचन ऐन, २०७३, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७५, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन ऐन, २०७४ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लगायतका अन्य निर्वाचन सम्बन्धी कानुनहरूको अध्ययन र समीक्षा गरिएको छ ।

## तथ्याङ्कको स्रोत र विश्लेषण

वि. सं. २०७४ सालको निर्वाचन तथ्याङ्कको विश्लेषण नै यो अध्ययनको आधारको रूपमा रहेको छ । यस अध्ययनका क्रममा सूचना तथा तथ्याङ्कको स्रोत निर्वाचन आयोगबाट प्रकाशन भएको उम्मेदवार तथा निर्वाचित प्रतिनिधिको तथ्याङ्क रहेको छ ।

यसका अतिरिक्त संविधान, निर्वाचन कानुन, निर्वाचनसँग सम्बन्धित विभिन्न प्रतिवेदन, महिला तथा समावेशीकरण समूहको राजनीतिक सहभागीता सम्बन्धी प्रतिवेदन तथा सञ्चार माध्यममा प्रकाशित सामग्रीहरूलाई पनि यो अध्ययनको लागि स्रोतको रूपमा प्रयोग गरिएको छ। निर्वाचन आयोग नेपाल तथा नेपाल सरकारका अन्य सम्बन्धित मन्त्रालय एवं विभागबाट पनि तथ्याङ्क तथा जानकारी सङ्कलन गरिएको थियो ।

यसका अतिरिक्त स्थानीय निकाय निर्वाचन २०५४, पहिलो संविधान सभा सदस्य निर्वाचन २०६४ तथा दोस्रो संविधान सभा सदस्य निर्वाचन २०७० को तथ्याङ्क समेतलाई विश्लेषण गरिएको छ । यसका लागि यस आयोगमा कार्यरत कर्मचारी र UNDP / ESP मा कार्यरत कर्मचारी एवं संसद् सचिवालयका कर्मचारीहरुको पनि सहयोग लिइएको छ ।

स्थानीय निर्वाचननका क्रममा वि. सं. २०७४ सालमा महिला सशक्तीकरण कार्यक्रमका लागि निर्वाचन आयोग नेपाल र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम को निर्वाचन सहयोग परियोजना मार्फत विभिन्न जिल्लामा संन्चालित महिला सशक्तीकरणका कार्यक्रमका सहयोगी गैर सरकारी संस्थाबाट पनि सूचना सङ्कलन गरिएको थियो ।

## अन्तर्वार्ता

लैंङ्गिक तथा समावेशी विषयका विज्ञहरू, निर्वाचनमा सहभागी महिला उम्मेदवारहरू, प्रतिनिधि सभा, प्रदेश सभा, राष्ट्रिय सभा, स्थानीय तहमा निर्वाचित भएका तथा मनोनयन गरिएका महिलाहरू, संवैधानिक आयोगका प्रमुख आयुक्त, आयुक्त तथा पूर्व आयुक्तहरू, राजनीतिक दलका प्रतिनिधिहरू, निर्वाचन अधिकारीहरू लगायत अन्य सरोकारवालाहरूसँग अन्तर्वार्ता लिइएको थियो ।

## लक्षित समूह छलफल

डेस्क समीक्षा, तथ्याङ्क विश्लेषण तथा अन्तर्वार्ताबाट प्राप्त तथ्यहरूको पुष्टि तथा थप विषयवस्तुमा छलफल गर्नका लागि लक्षित समूहसँग व्यापक छलफल गरिएको थियो । यसमा मधेसी समुदाय, दलित, महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको चार समूहमा लक्षित समूह (Focused Group) छलफल गरिएको थियो ।

## १.४ अध्ययनको सीमा

नेपालको संविधानमा समानुपातिक समावेशी सिद्धान्त अनुरूप विभिन्न तह र पदमा निर्वाचन गर्दा विभिन्न आठ वटा क्लस्टर (महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी समुदाय, थारू, मुस्लिम, पिछडिएको क्षेत्र) बाट प्रतिनिधित्व हुने गरी निर्वाचन गरिनु पर्ने व्यवस्था भएको भए पनि यस अध्ययनले महिला, मधेसी समुदाय, दलित समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई मात्र समेटिएको छ ।

कुनै पनि निर्वाचन प्रक्रियामा समावेशीकरणका आयाम विभिन्न हुन सक्छन् । यी विभिन्नताका बीच यो प्रतिवेदन खास गरी यस ऐतिहासिक निर्वाचनबाट निर्वाचित उम्मेद्वार र त्यसभित्र पनि महिला, दलित समुदाय, मधेसी समुदाय र अपाङ्गता भएका व्यक्ति गरी चार वर्गको विश्लेषणमा केन्द्रित हुनेछ । यो विषय दिगो विकासको लक्ष्यहरू अन्तर्गतको लक्ष्य ५ र लक्ष्य १६ सँग पनि सम्बन्धित छ । तर, अन्य समावेशी समूह ( आदिवासी जनजाति, थारु, मुस्लिम तथा खस आर्य) को हकमा यो अध्ययनले विश्लेषण गरेको छैन ।

अतः यो अध्ययनलाई वि. सं. २०७४ सालमा सम्पन्न सबै तहका निर्वाचन, वि. सं. २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचन, वि. सं. २०५६ सालको संसदीय निर्वाचन, वि. सं. २०६४ र २०७० सालमा सम्पन्न संविधान सभा निर्वाचनहरूमा मात्र सीमित गरिएको छ ।

# परिच्छेद २

## लैङ्गिक तथा सामाजिक समावेशीताका सम्बन्धमा भएको निर्वाचन सम्बन्धी कानुनी व्यवस्था

# परिच्छेद २

## लैङ्गिक तथा सामाजिक समावेशीताका सम्बन्धमा भएको निर्वाचन सम्बन्धी कानुनी व्यवस्था

लैङ्गिक तथा समावेशी दृष्टिले स्थानीय तह, प्रदेश सभा, राष्ट्रिय सभा, प्रतिनिधि सभा, राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन सम्बन्धी विद्यमान संवैधानिक तथा कानुनी प्रावधानहरू देहाय अनुसार रहेकाछन् ।

## २.१ संवैधानिक व्यवस्था

- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने : यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्ने संवैधानिक प्रावधान (*नेपालको संविधान, २०७२ धारा ७०*) ।
- प्रतिनिधि सभाका लागि  सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दस सदस्य (*नेपालको संविधान, २०७२ धारा ८४ (१) ख* ) यसमा राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ (*नेपालको संविधान, २०७२ धारा ८४ (२)*) राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ (*नेपालको संविधान, २०७२ धारा ८४ (३)* ) ।
- राष्ट्रिय सभा सदस्यका लागि प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना (*नेपालको संविधान, २०७२ धारा ८६ (२) क* ) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत ३ जना मध्ये कम्तीमा एक जना महिला हुनुपर्ने प्रावधान (*नेपालको संविधान, २०७२ धारा ८६ (२) ख*) ।
- प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी निर्वाचित गर्नु पर्नेछ र प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ  (*नेपालको संविधान, २०७२ धारा ९१ (२)*) ।

- राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी निर्वाचित गर्नु पर्नेछ (*नेपालको संविधान, २०७२ धारा ९२ (२)*) ।
- प्रदेश सभाको लागि सातवटा प्रदेशमा २२० पदमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ (*नेपालको संविधान, २०७२ धारा १७६ (६)*) ।
- राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ (*नेपालको संविधान, २०७२ धारा १७६ (७)*) ।
- प्रदेश सभाको सभामुख वा उपसभामुख मध्ये एक जना महिला हुने गरी निर्वाचित गर्नु पर्नेछ र प्रदेश सभाका सभामुख वा उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ (*नेपालको संविधान, २०७२ धारा १८२ (२)*) ।
- गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् (*नेपालको संविधान, २०७२ धारा २१५ (४)*) ।
- नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने छन् (*नेपालको संविधान, २०७२ धारा २१६ (४)*) ।
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ (*नेपालको संविधान, २०७२ धारा २२० (३)*) ।
- गाउँ सभामा गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् (*नेपालको संविधान, २०७२ धारा २२२ (२)*) ।
- गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेछ (*नेपालको संविधान, २०७२ धारा २२२ (३)*) ।

- नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् (*नेपालको संविधान, २०७२ धारा २२३ (२)* ) ।
- नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेछ (*नेपालको संविधान, २०७२ धारा २२३ (३)*) ।

## २.२ निर्वाचन ऐन तथा कानुन

- लैङ्गिकमैत्री र समावेशी हुनु पर्ने : आयोगले यस ऐन बमोजिम निर्वाचन सम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्नु पर्नेछ (*निर्वाचन आयोग ऐन, २०७३ दफा ४२* )।
- दलको सङ्गठनात्मक संरचना : विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आफ्ना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागीता हुने व्यवस्था गर्नु पर्नेछ (*राजनीतिक दल सम्बन्धी ऐन, २०७३ दफा १५ उपदफा ३*) । दलको सबै तहको समितिमा कम्तीमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नु पर्नेछ (*राजनीतिक दल सम्बन्धी ऐन, २०७३ दफा १५ उपदफा (४)* ) ।
- निर्वाचन प्रणाली : गाउँपालिका वा नगरपालिकाको वडा समितिका एक जना दलित महिला सहित दुई महिला वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा सबै भन्दा बढी मत ल्याउने दुई दुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ (*स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ६ उपदफा २*) ।
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले आफू मध्येबाट गाउँ कार्यपालिकाको हकमा सबै भन्दा बढी मत प्राप्त गर्ने चार जना र नगर कार्यपालिकाको हकमा सबै भन्दा बढी मत प्राप्त गर्ने पाँच जना निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा गोप्य मतदानद्वारा निर्वाचन गर्नेछन् (*स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ६ उपदफा ३*) ।
- जिल्ला समन्वय समितिको लागि सम्बन्धित जिल्ला सभाका सदस्यले सम्बन्धित जिल्लाभित्रका गाउँ सभा वा नगर सभाका सदस्यहरू मध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा

अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई निर्वाचित गर्नेछन् (*स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ६ उपदफा ५*) ।

- उम्मेदवारको मनोनयन : दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ (*स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा १७ उपदफा ४*) ।

- मतदाता, मतदान केन्द्रमा प्रवेशको अनुमति प्राप्त व्यक्ति, महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालक, दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य बाहेक अन्य कसैलाई पनि मतदान केन्द्रमा प्रवेशको अधिकार नहुने (*स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ३६ उपदफा (१) को खण्ड ङ र च* ) ।

- उम्मेदवार मनोनयन गर्दा महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा पचास प्रतिशत धरौटी छुट हुनेछ (*स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ६२ उपदफा (२)* ) ।

- प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा पचास प्रतिशत उम्मेदवार महिला रहने गरी नाम समावेश गर्नु पर्नेछ । दलले उम्मेदवारको बन्दसूची तयार गर्दा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा यथासम्भव दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र तथा अल्पसङ्ख्यक समुदाय समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गर्नु पर्नेछ । दलले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नु पर्नेछ (*प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा २८ उपदफा (३, ५ र ६)* ) ।

- दलले प्राप्त गर्ने सिट सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलको तर्फबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित गर्नु पर्ने महिलाको सङ्ख्या समेत यकिन गरी सम्बन्धित दललाई जानकारी गराउनु पर्नेछ । दलले निर्वाचित हुने उम्मेदवारको सूची पेश गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय तथा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्द सूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ (*प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा २८ उपदफा (४ र ६)* ) ।

- प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्नेछ । दलले उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा ऐनमा उल्लेख भए बमोजिम दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु र मुस्लिम समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गर्नु पर्नेछ । दलले उम्मेदवारको बन्दसूची तयार गर्दा पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । दलले उम्मेदवारको बन्दसूची तयार गर्दा प्रत्येक समावेशी आधारमा समावेश गरिएका उम्मेदवार छुट्टिने गरी तोकिएको ढाँचामा तयार गर्नु पर्नेछ (*प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा २८ उपदफा (३, ५, ६ र ७)* ) ।

- दलले प्राप्त गर्ने सिट सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलको तर्फबाट सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको एक तिहाई महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्या समेत यकिन गरी सम्बन्धित दललाई जानकारी गराउनु पर्नेछ । दलले विजयी उम्मेदवारको सूची पेश गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा ऐनमा तोकिएको प्रतिशत अनुरूप दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु तथा मुस्लिमको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ । त्यस्तो सूचीमा यथासम्भव पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ ।

- समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्धारण गरिएको कुल सदस्य सङ्ख्याको दश प्रतिशतभन्दा कम सिट प्राप्त गर्ने दलले कम्तीमा एक तिहाई महिला निर्वाचित हुने गरी यथासम्भव अन्य समावेशी आधार समेत मिलाई निर्वाचित हुने उम्मेदवारको सूची पठाउनु पर्नेछ (*प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ६० उपदफा (४, ६, र ८)* ) ।

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा  धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ (*प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ७० उपदफा (२)* ) ।

- महिला, दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ (*राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ दफा ६३ उपदफा (२)* ) ।

# परिच्छेद ३

## स्थानीय, प्रदेश र सङ्घीय संसदमा निर्वाचित महिला

# परिच्छेद ३

## स्थानीय, प्रदेश र सङ्घीय संसदमा निर्वाचित महिला

### ३.१ स्थानीय तह निर्वाचनमा निर्वाचित महिला प्रतिनिधित्व

नेपालमा वि. सं. २०५४ सालमा पछिल्लो पटक स्थानीय निकायको निर्वाचन सम्पन्न भएको थियो । नेपालको संविधान वि. स. २०७२ सालमा जारी भएपछि वि. स. २०७४ सालमा नयाँ संरचना अनुसार स्थानीय तहको पहिलो निर्वाचन सम्पन्न भएको छ। वि. सं. २०५४ र २०७४ मा स्थानीय तहको सांगठनिक संरचनामा उल्लेखनीय परिवर्तन गरिएको छैन । तथापि साविकका स्थानीय निकाय विशेषत गाउँ विकास समिति (गा. वि. स.) तथा केही नगरपालिका (न. पा.) मा वडा कार्यालय नरहेको सन्दर्भमा यस पटक भने सबै स्थानीय तहहरुमा वडा कार्यालय रहने व्यवस्था रहेकोछ। यसै गरी साविकका स्थानीय निकायहरू स्थानीय सरकारका रूपमा रहेका थिएनन् भने हालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रूपमा स्वीकार गरेको छ । स्थानीय तहको नेतृत्व नगरपालिकामा प्रमुख र उपप्रमुख तथा गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षले गर्छन् भने वडा कार्यालयको नेतृत्व सम्बन्धित वडाको वडा अध्यक्षले गर्छन् र त्यस्तो कार्यालयमा अन्य चार जना निर्वाचित सदस्य रहन्छन् । समितिमा रहने यी चार सदस्य मध्ये पनि एक महिला र एक दलित महिला गरी दुई जना महिलाको उपस्थिति अनिवार्य हुने व्यवस्था गरिएको छ ।

पहिलेको स्थानीय निकायको निर्वाचनको तुलनामा हालै सम्पन्न स्थानीय तह निर्वाचनमा स्थानीय तहको सङ्ख्यामा धेरै फरक भएको छ। वि. सं. २०७४ सालमा भएको निर्वाचनमा साविकका स्थानीय निकायलाई ठूलो सङ्ख्यामा एकीकृत गरी गाउँ/नगरपालिकाको नाममा स्थानीय तहको सङ्ख्या निर्धारण गरिएको छ। फलस्वरूप पछिल्लो व्यवस्थाले साविकको स्थानीय निकायको सङ्ख्यामा उल्लेख्य कमी आएको छ। वि. सं. २०५४ सालमा ३,९७४ स्थानीय निकायमा ३६,०५६ वडा थिए। वि. सं. २०७४ सालको निर्वाचनमा आइपुग्दा यो सङ्ख्या घटेर स्थानीय तहको सङ्ख्या ७५३ र वडाको सङ्ख्या ६,७४३ कायम भएको छ। यस तथ्याङ्कले नै पुष्टि गर्दछ कि साविकको स्थानीय निकाय र तिनमा रहेको वडाको सङ्ख्या धेरै घटेको छ। यस किसिमको सङ्ख्यात्मक घटाइले स्वाभाविक रूपमा ती निकायमा निर्वाचित हुने जनप्रतिनिधिको सङ्ख्या पनि ठुलो मात्रामा कमी भएको छ। यसरी स्थानीय तह र निर्वाचित जनप्रतिनिधिको सङ्ख्यामा कमी आए पनि निर्वाचित जनप्रतिनिधिले प्रतिनिधित्व गर्ने भूगोलको क्षेत्र भने ठूलो हुन पुगेको छ । भूगोलमा भएको यस वृद्धिले स्वाभाविक रूपमा निर्वाचित जनप्रतिनिधि जनसङ्ख्याको ठूलो अंशप्रति जिम्मेवार हुन पुगेका छन् ।

वि. सं. २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनको निर्वाचन परिणामलाई आधार मानी निर्वाचित महिलाको प्रतिशत हेर्दा महिलाका लागि आरक्षण गरिएको वडा समितिको सदस्य एउटै पदमा मात्र भए पनि सङ्ख्या धेरै हुँदा महिलाको प्रतिनिधित्व उल्लेख्य रहेको थियो । महिला प्रतिनिधित्वका लागि आरक्षण गरिएका यस्ता पदमा स्वाभाविक रूपमा उनीहरूको प्रतिनिधित्व शतप्रतिशत रह्यो । वि. सं. २०५४ सालको स्थानीय निकाय निर्वाचनमा वडा समितिको सदस्य एक पदमा मात्र महिलालाई आरक्षण दिइएकोमा वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनमा वडा स्तरमा महिलाको प्रतिनिधित्वलाई दोब्बर बनाएर महिला सदस्य र दलित महिला सदस्य गरी महिलाका लागि २ वटा पद आरक्षण गरिएको थियो ।

यस निर्वाचनमा नगरपालिकाको उपप्रमुख र गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित महिलाको सङ्ख्याले महिला प्रतिनिधित्वमा उल्लेख्य परिवर्तन भएको देखिएको छ । वि. सं. २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा एक प्रतिशतभन्दा कम महिला उपप्रमुख/उपाध्यक्ष पदमा निर्वाचित भएका थिए भने वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनमा ती पदमा निर्वाचित महिलाको प्रतिनिधित्व बढेर झन्डै ९३ प्रतिशत पुगेको छ । वि. सं. २०५४ सालमा सम्पन्न भएको स्थानीय निकाय र वि. सं. २०७४ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा विभिन्न पदमा विजयी भएका महिलाको प्रतिशतलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १**

वि सं २०५४ र २०७४ सालमा सम्पन्न भएका स्थानीय निकाय/तहको निर्वाचनमा निर्वाचित भएका महिला जनप्रतिनिधिको प्रतिशत



२०७४




*स्रोतः निर्वाचन आयोग, नेपाल*

स्थानीय तह निर्वाचनमा भाग लिने राजनीतिक दलले नगरपालिकाको हकमा प्रमुख र उपप्रमुख तथा गाउँपालिकाको हकमा अध्यक्ष र उपाध्यक्ष दुवै पदमा उम्मेदवारी दिँदा कम्तीमा एक जना महिलालाई अनिवार्य रूपमा उम्मेदवार बनाउनु पर्ने कानुनी प्रावधानका कारण यसरी निर्वाचित महिलाको सङ्ख्यामा वृद्धि हुन पुगेको हो । स्थानीय तहका उच्च पदमा महिलाको प्रतिनिधित्व वृद्धि हुनुमा नगरपालीकाका प्रमुख/उपप्रमुख र गाँउ पलिका अध्यक्ष/उपाध्यक्ष पदमा उम्मेदवारी दिने राजनीतिक दलले एक जना महिला उम्मेदवार अनिवार्य रुपमा दिनुपर्ने कानुनी प्रावधानको प्रभाव रहेको देखिन्छ । यद्यपि स्थानीय तहको नेतृत्व गर्ने नगरपालिकामा प्रमुख र गाउँपालिकामा अध्यक्ष पदमा भने महिलाको प्रतिनिधित्व झिनो रूपमा मात्र वृद्धि भएर ०.३ प्रतिसतबाट वृद्धि भएर २.४ प्रतिशतमा पुगेको देखिन्छ ।

स्थानीय तहमा निर्वाचित हुने महिलाको प्रतिनिधित्वमा यसरी उल्लेख्य वृद्धि हुनुमा कानुनी प्रावधानले महत्वपूर्ण मार्ग निर्देश गरेको देखिन्छ । यस किसिमको परिवर्तनले महिलाको प्रतिनिधित्वलाई करिब २० प्रतिशतबाट बढाएर ४१ प्रतिशतसम्म पुऱ्याएको छ । यद्यपि हाल स्थानीय तहको सङ्ख्या घटेको अवस्थामा निर्वाचित भएका महिलाको अङ्कगणितीय कुल सङ्ख्या भने पहिलाको तुलनामा घट्न गएको देखिन्छ। वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनमा स्थानीय तहमा महिला तथा पुरुष दुवै निर्वाचित हुनुपर्ने कुल पद सङ्ख्या ३५,२२१ रहेको थियो भने वि. सं. २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा निर्वाचित हुने एक्लो महिला वडा समिति सदस्यको पद सङ्ख्या मात्र पनि जम्मा वडा सङ्ख्याको आधारमा ३६,०५६ थियो ।

तर यहा उल्लेख गर्नै पर्ने कुरा के हो भने विशेष पहलका कारण आरक्षण गरिएका स्थान र पदमा बाहेक अन्य पदमा महिलाको प्रतिनिधित्वको अवस्थामा विगत २० वर्षको अवधिमा उल्लेखिय परिवर्तन भएको छ भन्न सक्ने स्थिति भने रहेन । वि. सं २०५४ र वि. सं. २०७४ सालमा भएका स्थानीय स्तरका दुवै निर्वाचनमा महिला तथा पुरुष जो कोही पनि उम्मेदवार हुन सक्ने गरी खुला रहेका "अन्य" वडा सदस्य पदमध्ये ९८ प्रतिशतमा पुरुष उम्मेदवार निर्वाचित भएका थिए भने वडा अध्यक्षको पदमा भने ९९ प्रतिशत पुरुष उम्मेदवार निर्वाचित भएका थिए ।

वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचन अन्तर्गत हरेक वडाको वडा सदस्य पदको निर्वाचनमा निर्वाचित गर्नु पर्ने कुल सदस्य सङ्ख्या ४ मध्ये २ स्थान कानुनद्वारा नै दलित महिला र अन्य महिलाका लागि आरक्षित गरिएको थियो । यो व्यवस्थाले यस निर्वाचनमा वडा समितिको सदस्य पदमा कानुनले नै यसरी परिवर्तन ल्यायो भने वडा अध्यक्ष पदका विषयमा साविककै व्यवस्था कायम रहेकाले यस पदमा महिला उम्मेदवारी र प्रतिनिधिमा कुनै किसिमको प्रभाव परेन । सकारात्मक विभेद गरिएको अवस्थामा बाहेक अरू परिस्थितिमा नेपालमा निर्वाचनबाट हुने महिलाको प्रतिनिधित्वमा पार्ने प्रभावको अध्ययन/मूल्याङ्कन गर्नका लागि वडा अध्यक्ष पदमा 'एक प्रतिशत निर्वाचित महिला प्रतिनिधित्वको अवस्था' एक सर्वोत्कृष्ट सूचक हुन सक्छ । **यो अवस्थाले के देखाउँछ भने बाध्यात्मक कानुनी प्रावधानको माध्यमबाट मात्र महिला प्रतिनिधित्वको अवस्थामा थप सुधार ल्याई अझ प्रभावकारी बनाउन सकिन्छ ।**

अर्को स्पष्ट देखिने तथ्य के हो भने स्थानीय तहमा प्रमुख/अध्यक्ष तथा उपप्रमुख/ उपाध्यक्ष पद दुवैमा उम्मेदवारी दिने राजनीतिक दलले ती मध्ये कम्तीमा एक पदमा महिला उम्मेदवार दिनु पर्ने कानुनी प्रावधानलाई पालना गरे पनि उम्मेदवारी दिँदा महिलाको प्रतिनिधित्वको उम्मेदवारी पूर्ण रूपमा उपप्रमुख/उपाध्यक्ष पदमा मात्र सीमित गरेको देखिन्छ । यसले के पुष्टि गर्छ भने कानुनी प्रावधान खुला गरी राजनीतिक दललाई निर्णय गर्न छुट दिएको अवस्थामा पनि कुनै पनि राजनीतिक **दलले महिलाको पक्षमा निर्णय गर्न सकेको देखिन्न ।**

### ३.१.१ प्रमुख तथा अध्यक्ष

स्थानीय तहमा निर्वाचनबाट पूर्ति हुने उच्चतम प्रमुख/अध्यक्ष पदमा पुरुषको वाहुल्यताले फेरि पनि निरन्तरता पाएको अवस्था छ । वि. सं. २०७४ सालमा निर्वाचन भएका ७५३ वटा स्थानीय तहमध्ये केवल १८ स्थानीय तहमा नगरपालिकाको प्रमुख तथा गाउँपालिकाको अध्यक्ष पदमा १८ जना महिला निर्वाचित भएका थिए । विद्यमान कानुनी प्रावधान बमोजिम प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष पद गरी दुवैमा उम्मेदवारी दिने राजनीतिक दलले निर्वाचन गर्नु पर्ने दुई वटा पदमध्ये एउटा पदमा कम्तीमा एक जना महिलालाई उम्मेदवार मनोनयन गर्नु पर्ने व्यवस्था भए पनि राजनीतिक दलले दुवै पदका लागि थप महिला उम्मेदवारी दिन सक्ने अवस्था थियो । **तर, राजनीतिक दलले अधिकांश महिलालाई स्थानीय तहको दोस्रो पद अर्थात् उपप्रमुख/उपाध्यक्ष पदको उम्मेदवारीमा मात्र सीमित गरेको**

**अवस्था रह्यो । यसरी राजनीतिक दलले महिला उम्मेदवारलाई स्थानीय तहको प्रमुख र अध्यक्ष पदको उम्मेदवारी दिनबाट नियन्त्रण गरेको पाइन्छ ।** स्थानीय तहको कुल ७५३ प्रमुख/अध्यक्ष पदका लागि परेको ५८३७ उम्मेदवारीमध्ये ३६८ जना अर्थात् ६ प्रतिशत महिला मात्रै स्थानीय तहको प्रमुख/अध्यक्ष पदका उम्मेदवार थिए । यसरी उम्मेदवारीको अवस्थामा नै थोरै महिलाले अवसर पाएका र तीमध्ये पनि स्वाभाविक रूपमा थोरै मात्र विजयको घेराभित्र समेटिन पुगेका देखियो । निर्वाचनमा प्रत्येक २० जना महिला उम्मेदवारमा एक जनाले मात्रै प्रमुख/अध्यक्ष पदमा विजय हासिल गरेका थिए । तर, पुरुष उम्मेदवारको हकमा भने ७ जना पुरुष उम्मेदवारमध्ये एक जनाले त्यस्तो सफलता प्राप्त गरेको देखियो । पाँच वटा प्रमुख राजनीतिक दलबाट परेको उम्मेदवारीलाई आधार मानेर निर्वाचित महिलाको अवस्थालाई विश्लेषण गर्दा महिलाले विजय हासिल गरेका स्थानमा पनि निकटतम प्रतिद्वन्दीसँगको मतान्तरको अवस्था निकै कम पाइयो । अझ एक स्थान झापा जिल्लाको कमल गाउँपालिकामा त त्यसरी निर्वाचित हुने महिला गोला प्रथाबाट निर्वाचित भएकी थिइन् ।

तुलनात्मक अध्ययन विश्लेषण गर्ने क्रममा त्यसरी तुलना गरिने सङ्ख्या जति सानो भयो त्यत्तिकै त्यसको प्रवृत्ति (Trend) पत्ता लगाउन गाह्रो हुन्छ । यस किसिमको विश्लेषणको क्रममा त्यसरी निर्वाचित महिलाको विगतको पृष्ठभूमि केलाउनु पनि यहाँ सान्दर्भिक देखिन्छ । यसरी केलाउँदा निर्वाचित महिला बढी मात्रामा शिक्षण पृष्ठभूमिबाट आएका पाइन्छन् । स्थानीय स्तरमा शिक्षण पेशामा संलग्न र जीविकाका हिसाबले केही सरल पृष्ठभूमि भएका व्यक्तिहरू निर्वाचनमा सहभागी भएको देखिन्छ । यसैको प्रतिबिम्ब निर्वाचनमा विजयी हुने अधिकांश महिलामा देखिएको छ । शिक्षण पेशामा संलग्न कुल जनशक्तिमा एक तिहाईभन्दा बढी महिला छन् । त्यसमाथि शिक्षकको असल भूमिकामा रहँदा स्थानीय समुदायमा तिनले निर्वाह गरेको सकारात्मक भूमिकाले पूर्व शिक्षकलाई स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन र मतदातामा राम्रो प्रभाव पारी विजय हासिल गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

कतिपय राजनीतिक दलबाट निर्वाचित महिला उम्मेदवारको राजनीतिक चेतनाको स्तर तुलनात्मक रूपमा केही उच्च देखिन्छ । त्यस्ता महिलाहरूले एक दशकभन्दा बढी अवधिसम्म विभिन्न किसिमका आन्दोलन समेतमा सहभागी भई विभिन्न भूमिका निर्वाह गरेका देखिन्छन् । उनीहरूको यस किसिमको राजनीतिक पृष्ठभूमि समेत निर्वाचनका लागि सहयोगी बन्न पुग्यो । किनकि, यस किसिमको संलग्नताले उनीहरू राजनीतिक रूपमा बढी सचेत हुन पुगे । यसले उनीहरूलाई आफ्ना अधिकार बारे पनि सचेत गराएको पाइयो । वास्तवमै स्थानीय तहका उच्च पदमा निर्वाचित करिब सबै महिलाको राजनीतिक संलग्नताको लामो इतिहासलाई केलाउँदा विगतका दिनमा उनीहरू कि त राजनीतिक रूपमा सक्रिय परिवारबाट आएका देखिन्छन्, कि त प्रभावशाली राजनीतिज्ञका नजिकका नातेदार पृष्ठभूमिबाट आएका देखिन्छन् ।

निर्वाचनमा भाग लिई सफलता समेत हासिल गर्नका लागि राजनीतिक पृष्ठभूमि र पारिवारिक संलग्नता आवश्यक पनि पर्ने रहेछ । राजनीतिक चेतना तथा सामाजिक पहुँच, जनताका दैनिकीसँगको निकटता र सामाजिक अन्तरघुलन, समाजको वास्तविक धरातल र

त्यहाँको आवश्यकता, जनताको मनोविज्ञान आदि प्रारम्भिक अवस्थादेखि नै थाहा पाउँदा निर्वाचनमा सहभागी भएको अवस्थामा त्यसले सकारात्मक परिणाम दिन सक्ने रहेछ । त्यसैले माथि उल्लेख गरिएझैं राजनीतिक संलग्नता र सम्बन्धको लामो इतिहास बोकेका महिलालाई निर्वाचनमा उम्मेदवार हुन मनोनयन गरिनु सान्दर्भिक देखियो ।

## ३.१.२ उपप्रमुख तथा उपाध्यक्ष

वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनमा राजनीतिक दलले महिलालाई अधिकांशतः स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष पदमा मात्र सीमित गरेको पाइयो । यति हुँदा हुँदै पनि यस तहमा महिलाको महत्वपूर्ण र उल्लेख्य उपस्थिति रह्यो । यसले के सङ्केत गर्छ भने विगतको निर्वाचनको तुलनामा हालको निर्वाचनमा निर्वाचित महिलाको निर्वाचन परिणामको स्थितिमा निकै सुधार आएको छ जसलाई महिलाको सन्तुष्टिको विषय हो भन्न उपयुक्त नहोला ।

यसले निर्णायक पदमा क्रमश महिलाको सहभागीता बढ्दै जाने, महिलाको नेतृत्व गर्ने क्षमताको विकास भई आगामी दिनमा महिलाको सहभागीतामा सकारात्मक वृद्धि हुने र आगामि आवधिक निर्वाचनमा प्रमुख तथा अध्यक्ष पदमा धेरै भन्दा धेरै महिला विजयी हुने अवसर प्राप्त नहोला भन्न सकिन्न ।

निर्वाचन कानुनमा गरिएको सकारात्मक कानुनी प्रावधानका कारण वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनको ७५३ उपप्रमुख/उपाध्यक्ष पदमध्ये ७०० स्थानमा महिला उम्मेदवार निर्वाचित भए । प्रतिशतका हिसावले यो सङ्ख्या कुल निर्वाचित स्थानको ९३ प्रतिशत हो । संवैधानिक व्यवस्था अनुसार यी पद सम्हाल्ने व्यक्तिले स्थानीय तहमा व्यवस्था गरिएका न्यायिक समितिको नेतृत्व गर्नुपर्छ । साथै स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्थाले स्थानीय तहमा रहने विभिन्न समितिहरूको संयोजकको भूमिका समेत निर्वाह गर्नु पर्दछ । यस अर्थमा अहिलेको सन्दर्भमा उपप्रमुख/उपाध्यक्ष पदको जिम्मेवारी, गरिमा र भूमिका निकै महत्वपूर्ण हुन पुगेको छ । **यस स्थितिले के देखाउँछ भने राजनीतिक दलले ठूलो मात्रामा पुरुष उम्मेदवारलाई स्थानीय तहको प्रमुख/अध्यक्ष पदमा र महिलालाई उपप्रमुख/उपाध्यक्ष पदमा सीमित गरे पनि स्थानीय तहको न्यायिक कार्यको महत्वपूर्ण जिम्मेवारी र स्थानीय समितिको जिम्मेवारीले महिलालाई आफ्नो नेतृत्व कौशलता प्रदर्शन गर्ने ठूलो अवसर प्राप्त भएको छ ।**

निर्वाचन परिणामको उपलब्ध तथ्याङ्कलाई दृष्टिगत गर्दा स्थानीय तहका प्रमुख/अध्यक्ष पदमा निर्वाचित भएका महिलाको सङ्ख्याभन्दा उपप्रमुख/उपाध्यक्ष पदमा निर्वाचित भएका पुरुषको सङ्ख्या बढी देखिन आउँछ । यथार्थमा ७५३ स्थानीय तहमध्ये ३८ वटा स्थानीय तहका दुवै पदमा पुरुष निर्वाचित भएका छन् भने ३ वटा स्थानीय एकाइ मात्र दुवै पदमा महिला निर्वाचित भएका छन् ।

उम्मेदवार मनोनयनको निर्धारित मापदण्ड अनुसार दुई राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारीबाट उम्मेदवार निर्वाचित हुन पुगेको अवस्थामा मात्र प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष दुवै पदमा पुरुष वा महिला उम्मेदवार निर्वाचित हुन सक्ने अवस्था रहन्छ । समग्रमा निर्वाचनको परिणाम केलाउँदा ७५३ वटा स्थानीय तहमध्ये १८३ तहमा प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष दुवै पदका दुवै उम्मेदवार एउटै दलबाट निर्वाचित नभएर फरक फरक दलका वा स्वतन्त्र उम्मेदवार निर्वाचित हुन पुगेका छन् ।

अधिकांश अवस्थामा यस स्थितिको सिर्जना राजनीतिक दलबिच नियतवस वा अन्य कुनै कारणवस भएको सहमतिबाट उत्पन्न परिणाम हो भन्ने देखिन्छ । राजनीतिक गठबन्धनको कारणले समेत महिलाको प्रतिनिधित्वलाई संकुचन बनाएको अवस्था देखिन्छ । वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनमा कतिपय स्थानीय तहमा दुई राजनीतिक दलले आपसी सहमति गरी स्थानीय तहको प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष दुई पदमध्ये एउटा पदका लागि एउटा दलले र अर्को पदका लागि अर्को दलले उम्मेदवार मनोनयन गर्ने गरी एक आपसमा चुनावी तालमेल गर्ने वचनबद्धता गरेका थिए । यस्तो अवस्था सिर्जना गरिएका ८३ प्रतिशत स्थानमा पाँच प्रमुख दलमध्ये एउटाले आफ्नो भागमा परेको एक जना मात्र उम्मेदवार उठाएका थिए र त्यसरी खडा गरिएका उम्मेदवार पनि पुरुष नै थिए । यस स्थितिले स्थानीय तहको प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष पदमध्ये एउटा पदमा महिला उम्मेदवारी अनिवार्य हुनु पर्ने प्रावधानलाई उल्लङ्घन गरेको देखिन्छ ।

**यसरी राजनीतिक दलले स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष पदमा उम्मेदवार मनोनयन गर्दा कम्तीमा एक जना महिला उम्मेदवार खडा गर्नु पर्ने वाध्यात्मक कानुनी व्यवस्थालाई चलाखीपूर्वक छल्न सक्ने अवस्था देखियो ।** स्थानीय तह निर्वाचनको मतपत्रको बनावट राजनीतिक दलबाट उम्मेदवारी दिन सक्ने अधिकतम ७ वटा पदका लागि एउटै तेर्सो लहरमा मतदान गर्न सकिने अवस्थाको थियो । यस किसिमको अवस्थाले कुनै एउटा दलका उम्मेदवारहरूलाई मत दिन सजिलो बनाइदिएको थियो । तर, यसको राम्रो सदुपयोग राजनीतिक दलले गर्न सकेनन् । उनीहरूले विभिन्न राजनीतिक दलबिच एक आपसमा चुनावी तालमेल गरेर एउटै राजनीतिक दललाई मतदान गर्ने मतदाताको चाहना र मतदानको सजिलोपनलाई भत्काइदिए । यस अवस्थामा राजनीतिक दलबिचको चुनावी तालमेल अनुसार मतदान गर्न मतदातालाई दिइने निर्देशन पनि त्यति स्पष्ट हुन सकेन । फलतः मतदानमा कठिनाइको स्थिति सिर्जना हुनपुग्यो ।

त्यसको परिणाम के देखिन आयो भने कतिपय मतदाताले आफ्नो सबै मत एउटै लहरमा एउटै राजनीतिक दललाई दिए । आफूले मतदान गरेका दलले सबै पदमा उम्मेदवार मनोनयन गरेका थिए थिएनन् भन्ने कुरामा पनि कतिपय मतदाताले ध्यानै दिएनन् वा त्यस्तो मतदानद्वारा राजनीतिक दलको चुनावी तालमेलप्रति आफ्नो असन्तुष्टि जाहेर गरे । स्थानीय तहका यी दुवै पदमा पुरुष वा महिला जुनसुकै उम्मेदवार उठाएका भए पनि दुवै पद जित्न सक्ने सम्भावना प्रचुर रहेछ भन्ने अनुभूति स्थानीय स्तरमा प्रभावशाली उपस्थिति रहेका राजनीतिक दलले पहिलो चरण भन्दा दोस्रो र तेस्रो चरणका चुनावमा बढी गरे । पहिलो चरणको निर्वाचनपछि राजनीतिक दलमा यस किसिमको तत्व बोध भएको देखिन्छ । यस

कुराको पुष्टि पाँच प्रमुख राजनीतिक दलबिच दुई जनाभन्दा पनि एक्लो उम्मेदवार उठाएको घटनाको प्रतिशत स्थानीय तह निर्वाचनको अघिल्लो चरणको भन्दा पछिल्लो प्रत्येक चरणमा घट्दै गएको तथ्याङ्कले देखाउँछ ।

### ३.१.३ वडा अध्यक्ष

निर्वाचित वडा अध्यक्ष पदको सङ्ख्यात्मक स्थिति, उम्मेदवारी मनोनयन, निर्वाचित उम्मेदवारको अवस्था र ती पदमा पुरुषका तुलनामा महिला किन निकै कम निर्वाचित भए भन्ने बारे नजिकबाट अध्ययन गर्दा त्यसको एउटा कारणका रूपमा दलको सदस्यता वितरणको अवस्थालाई उल्लेख गरेको पाइयो । प्रमुख राजनीतिक दलले वडा अध्यक्ष वा त्योभन्दा माथिका पदका लागि उम्मेदवारी दिँदा आफ्नो दलको सक्रिय सदस्य हुनु पर्ने प्रावधानलाई अघि सारेको पाइयो । दलको सक्रिय सदस्य हुनुको अर्थ नियमित रूपमा सदस्यता नवीकरण र ती दलका तोकिएका बैठकमा नियमित रूपमा उपस्थिति जनाउनु पनि भन्ने हुँदो रहेछ । राजनीतिक दलभित्र विद्यमान यस्तो आन्तरिक प्रावधानले योग्य महिलालाई उच्च पदका लागि उम्मेदवार मनोनयन गर्न अवरोध सिर्जना गरेको पाइयो । यति हुँदाहुँदै पनि महिलालाई निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित गर्ने बाधक तत्व यो एउटै मात्र हो भन्न सक्ने स्थिति भने छैन ।

निर्वाचनमा वडा अध्यक्ष पदका लागि महिलाको उम्मेदवारी केवल तीन प्रतिशत मात्र रह्यो । निर्वाचन परिणामको तथ्याङ्कलाई केलाउँदा सो पदमा उम्मेदवार बनेका हरेक पाँच जना पुरुष उम्मेदवारमध्ये एक जना निर्वाचित भएका छन् भने महिला तर्फ यसरी नै उम्मेदवार बनेका हरेक १७ जना महिला उम्मेदवारमध्ये एक जना मात्र निर्वाचित भएका छन् । मुलुकका मुख्य पाँच वटा राजनीतिक दल *(नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), सङ्घीय समाजवादी फोरम नेपाल, राष्ट्रिय जनता पार्टी, नेपाल (राजपा)* बाट दिइएका उम्मेदवारीका सन्दर्भमा मात्र विचार गर्दा पनि यस कुराको पुष्टि हुन आउँछ ।

यसै गरी यी पाँच राजनीतिक दलको उम्मेदवारी हेर्दा प्रत्येक तीन जना पुरुष उम्मेदवारमा एक जना निर्वाचित भएका छन् भने प्रत्येक आठ जना महिला उम्मेदवारमा करिब एक जना मात्र उम्मेदवार निर्वाचित भएका देखिन्छन् । यसले के देखाउँछ भने उम्मेदवार बन्ने प्रयोजनमा महिला सफल भए पनि पुरुष उम्मेदवारको तुलनामा निर्वाचनबाट उनीहरू निर्वाचित भएको अवस्था भने निकै कम रहेको देखिन्छ । त्यसैले महिलालाई निर्वाचनमा उम्मेदवार हुन बाधा दिने तत्व एउटै कुरामा मात्र सीमित छैन भन्ने अनुमान लगाउन सकिन्छ ।

**तालिका नं. २**

प्रमुख राजनीतिक दलहरूले वडा अध्यक्ष पदमा दिएका उम्मेदवारी सम्बन्धी विवरण, २०७४

| राजनीतिक दलको नाम | उम्मेदवार | | | निर्वाचित | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | **जम्मा** | पुरुष | महिला | **जम्मा** |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | ६,३६१ | १३० | **६,४९१** | २,५२९ | ३१ | **२,५६०** |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५,८८६ | १६७ | **६,०५०** | १,०९६ | ७ | **१,१०३** |
| नेपाली काँग्रेस | ६,४६२ | ७४ | **६,५३६** | २,२७१ | १५ | **२,२८६** |
| राष्ट्रिय जनता पार्टी नेपाल | १,००० | १९ | **१,०१९** | १९२ | २ | **१९४** |
| सङ्घीय समाजवादी फोरम, नेपाल | १,६८५ | ५९ | **१,७४४** | २५९ | ३ | **२६२** |

*स्रोत : निर्वाचन आयोग, नेपाल*

यस सम्बन्धमा निर्वाचनमा भाग लिन इच्छा भएका, निर्वाचनमा भाग लिएका लगायतका केही राजनीतिककर्मी महिलाहरूसँग अन्तर्वार्ता लिने क्रममा उनीहरूबाट विभिन्न किसिमका जवाफ पाइयो । निर्वाचनमा भाग लिएर विजय हासिल गर्नेहरू सकारात्मक रूपमा प्रस्तुत भए भने निर्वाचनमा पराजय भोग्ने र निर्वाचनमा भाग लिन नै नपाएकाहरू नकारात्मक रूपमा प्रस्तुत भएको थियो । कतिपयले महिलाको उपस्थितिलाई उत्साहजनक भनेका छन् भने कतिपयले तल्लो पदमा बढी उपस्थिति हुनुभन्दा माथिल्लो पदमा बढी उपस्थिति हुनु पर्ने धारणा व्यक्त गरेका छन् । सुधारका लागि सुझाव दिनेहरू प्राय: सबैले वस्तुगतभन्दा विषयगत हिसाबमा आफ्ना सुझाव राखेका छन् । यही नै गर्ने वा यस्तो हुनुपर्छ भन्ने ठोस सुझाव कसैको पनि देखिएन ।

समग्रमा वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनमा वडा अध्यक्ष पदमा देशभरिबाट निर्वाचित वडा अध्यक्षको कुल सङ्ख्या ६७४२ मध्ये महिलाको सङ्ख्या जम्मा ६१ जना मात्र रहेको छ जस मध्ये २ जना स्वतन्त्र र १ जना राष्ट्रिय प्रजातन्त्र पार्टी बाट निर्वाचीत भएका छन् । यस्तो सानो सङ्ख्याका आधारमा व्याख्या विश्लेषण गर्नुपर्दा यस किसिमको स्थिति सिर्जना हुनुको कारण वा तथ्य पत्ता लगाउन निकै कठिन हुन्छ । भौगोलिक आधारमा निर्वाचित महिला वडा अध्यक्षको प्रतिशतलाई हेर्ने हो भने क्रमश: हिमाली क्षेत्र पछि पहाडी क्षेत्र र त्यसपछि तराई क्षेत्रबाट निर्वाचित हुने महिलाको सङ्ख्यामा केही बढोत्तरी भएको अवस्था देखिन आउँछ । वडा अध्यक्ष पदमा महिला उम्मेदवार सबैभन्दा बढी निर्वाचित भएको जिल्ला कैलाली हो । कैलालीमा वडा अध्यक्ष पदमा निर्वाचित हुने महिलाको सङ्ख्या ४ जना छ । समग्र रूपमा हेर्दा विदेशी सेनामा काम गर्न वा श्रमिकका रूपमा

बाहिरी मुलुकमा काम गर्नका लागि पुरुषहरू बाहिरिएको र नयाँ बस्ती बसेका स्थानमा महिलाहरू स्थानीय तहका पदमा निर्वाचित भएका देखिन्छन् ।

श्रम तथा रोजगार मन्त्रालयले हालै प्रकाशन गरेको कामको लागि बसाइ सराइ : नेपालको अवस्था सम्बन्धी प्रतिवेदन २०१४/२०१५ (Labour Migration for Employment: A Status Report for Nepal 2014/2015) मा पहाड र तराईका केही प्रमुख जिल्लाहरूबाट वैदेशिक रोजगारका लागि गएका पुरूषहरूको सङ्ख्या अत्यधिक रहेको छ । यसै गरी निर्वाचन परिणामको तथ्याङ्कलाई केलाउँदा जुन जुन जिल्लाबाट वैदेशिक रोजगारीका लागि पुरुषहरू विदेशिएका छन् ती जिल्लामा स्थानीय तहको निर्वाचनमा महिला निर्वाचित सङ्ख्या बढी नै देखिएको छ ।

## ३.१.४ समग्रमा स्थानीय तहमा महिला प्रतिनिधित्व

स्थानीय तहमा निर्वाचन गर्नु पर्ने कुल ३५,२२१ पदमध्ये विभिन्न पदमा निर्वाचित भएका सम्पूर्ण महिलाको समग्र आँकडा हेर्दा उनीहरूबाट निर्वाचित सङ्ख्या १४ हजार ३५३ अर्थात् ४०.७५ प्रतिशत रहेको छ। यो प्रतिशत वि. सं. २०५४ सालको स्थानीय निकाय निर्वाचनको तुलनामा दोब्बर हो । यस किसिमको निर्वाचन परिणाम नेपालको निर्वाचनको इतिहासमा महिलाका लागि उपलब्धि पूर्ण भएको छ । यो अङ्क दिगो विकासको पाँचौं लक्ष्यको सूचक नं. ५.५.१ का सन्दर्भमा एउटा महत्वपूर्ण लक्षित उपलब्धि पनि हो । यस सूचकले नेपालमा लैङ्गिक समानता हासिल गरिएको छ वा छैन र सबै महिला एवं बालिकालाई सशक्तीकृत गरिएको छ वा छैन भन्ने मापनका सन्दर्भमा सङ्घीय संसद् तथा स्थानीय तहमा महिलाले हासिल गरेका स्थानको स्थितिको मापन गर्दछ । यस सङ्ख्याले नेपालको राष्ट्रिय योजना आयोगले निर्धारण गरेको सन् २०१९ सम्ममा ४०.५ प्रतिशत महिला सहभागीता पुऱ्याउने लक्ष्य पूरा गरेको छ। सन् २०३० को लक्ष्य ४२ प्रतिशत हो। यो लक्ष्य हासिल गर्नका लागि स्थानीय तहका पदमा अहिलेको स्थितिमा अझै ४४० जना थप महिला निर्वाचित हुनु आवश्यक छ । यो लक्ष्य प्राप्तिका लागि महिलाका लागि विद्यमान आरक्षित स्थान र उम्मेदवार मनोनयन सम्बन्धी प्रावधानमा दलको दायित्व र महिलाको नेतृत्व विकासमा अझै सुधार हुन जरुरी देखिन्छ ।

**चित्र नं. २**

उमेर अनुसार स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधिहरुको अवस्था




*स्रोत : निर्वाचन आयोग, नेपाल*

माथि उल्लेख गरिएको तथ्याङ्कमा दृष्टि दिँदा स्थानीय तहका विभिन्न पदमा निर्वाचित भएका महिलाको ४०.७५ प्रतिशतको वर्तमान अङ्कले वडा अध्यक्ष लगायत माथिल्लो पदमा तीन प्रतिशतभन्दा कममा मात्र महिला रहेका र महिलाले अझै पनि निर्वाचित हुने क्रममा विभिन्न किसिमका अवरोध सामना गर्नु पर्ने अवस्थाको राम्रोसँग चिरफार भएको छैन । यसको अर्थ अझै पनि केही तथ्य लुकेकै अवस्थामा छन् । यस स्थितिलाई उजागर गर्न आगामी वर्षहरूमा अझै ठुलो प्रयासको आवश्यकता देखिन्छ । राज्यले चाहेमा यस क्षेत्रमा चाहे अनुसारको प्रगति हासिल गर्न सम्भव छ भन्ने कुरा वि. सं. २०७४ सालको निर्वाचनले नै स्पष्ट रूपमा देखाइसकेको छ । यसले के पनि सङ्केत गर्छ भने स्थानीय तह निर्वाचनको अर्को दुई चरणपछि सन् २०३० सम्ममा महिला प्रतिनिधित्वलाई ५० प्रतिशत पुर्‍याउने लक्ष्य राज्यले सजिलै हासिल गर्न सक्ने अवस्था छ । अर्थात्, राजनीतिमा महिलाको सहभागीता बढ्दै जाँदा उल्लिखित लक्ष्य सहजै प्राप्त गर्न सकिने देखिन्छ ।

निर्वाचन परिणामका विभिन्न तथ्याङ्कबाट स्थानीय तहको निर्वाचनमा खडा गरिएका महिला उम्मेदवार तथा निर्वाचित महिलाको उमेर पनि विश्लेषण गर्न सकिन्छ । उपलब्ध तथ्याङ्कलाई केलाउँदा उम्मेदवार र तीमध्येका निर्वाचित दुवैको अवस्थामा पुरुष समकक्षी उम्मेदवारकोभन्दा महिला उम्मेदवारको उमेर औसतमा कम देखिन्छ । त्यसैले पुरुष र महिला बिच उमेर समूहको तुलनाबाट के स्पष्ट हुन्छ भने महिलाको प्रतिनिधित्वमा युवाको बाहुल्य छ । (हेर्नुहोस चित्र नं. २)

## ३.२ प्रदेश सभा सदस्य निर्वाचनमा महिला प्रतिनिधित्व

वि. सं. २०६३ सालमा जारी भएको नेपालको अन्तरिम संविधानले संविधान सभाको कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनु पर्ने आवश्यकतालाई महसुस गरी त्यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको थियो । यस प्रावधानलाई हालको संविधानले निरन्तरता दिएको छ। वर्तमान संविधानले सङ्घीय संसद्को प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनमा कुल ३३४ सदस्य रहने व्यवस्था गरेको छ । यी दुईको संयुक्त रूप नै सङ्घीय संसद् हो। सङ्घीय संसद्का लागि तोकिएको कुल सदस्य सङ्ख्या ३३४ को कम्तीमा एक तिहाई महिला हुनु पर्ने प्रावधानलाई वर्तमान संविधानले पनि कायमै राखेको छ । सङ्घीय संसद्का अतिरिक्त यस संविधानले कम्तीमा एक तिहाई महिला सदस्य हुनु पर्ने व्यवस्थालाई प्रदेश सभाको हकमा पनि व्यवस्था गरेको छ। प्रतिनिधि सभा र प्रदेश सभा दुवैमा दुई किसिमका प्रणालीबाट निर्वाचित भएर आएका सदस्य रहने व्यवस्था संविधानले नै गरेको छ। तीमध्ये एउटा हो - भौगोलिक निर्वाचन क्षेत्रका आधारमा निर्वाचन क्षेत्रगत रूपमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट मतदाताले प्रत्यक्ष मतदानका माध्यमबाट सोझै निर्वाचित गरेका सदस्य, र अर्कोमा समानुपातिक निर्वाचन प्रणालीका माध्यमबाट राजनीतिक दललाई मत दिने प्रणाली अनुरूप निर्वाचित भएका सदस्य ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने प्रतिनिधिको सम्बन्धमा निर्वाचन कानुनले आरक्षण वा अरू त्यस्तो कुनै किसिमको विशेष व्यवस्था गरेको छैन । तर संविधान र निर्वाचन कानुन बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलले आफ्नो कुल निर्वाचित प्रतिनिधि सङ्ख्याको एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था गरेको छ । यस्तो अवस्थामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट तोकिएको सङ्ख्यामा महिलाको प्रतिनिधित्व हुन नसकेमा उक्त राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीबाट कुल सदस्य सङ्ख्याको एक तिहाई महिला सदस्य निर्वाचित गर्नु पर्नेछ । यस किसिमको प्राबधान प्रत्येक राजनीतिक दलका सन्दर्भमा अलग-अलग (individual) रूपमा लागु हुन्छ ।

### ३.२.१ प्रदेश सभा सदस्यमा महिला प्रतिनिधित्व

तालिका नं. ३

प्रदेश सभा सदस्य निर्वाचनमा महिला प्रतिनिधित्व, २०७४

| प्रदेश नं. | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित | | समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित | | दुवै किसिमको निर्वाचन प्रणालीबाट निर्वाचित कुल सदस्य सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | महिला % |
| १ | ५४ | २ | ७ | ३० | ६१ | ३२ | ९३ | ३४.४ % |
| २ | ५९ | ५ | ११ | ३२ | ७० | ३७ | १०७ | ३४.६ % |
| ३ | ६१ | ५ | १२ | ३२ | ७३ | ३७ | ११० | ३३.६ % |
| ४ | ३४ | २ | ६ | १८ | ४० | २० | ६० | ३३.३ % |
| ५ | ५० | २ | ५ | ३० | ५५ | ३२ | ८७ | ३६.८ % |
| ६ | २४ | ० | ३ | १३ | २७ | १३ | ४० | ३२.५ % |
| ७ | ३१ | १ | ४ | १७ | ३५ | १८ | ५३ | ३४.० % |
| **जम्मा** | **३१३** | **१७** | **४८** | **१७२** | **३६१** | **१८९** | **५५०** | **३४.४ %** |

*स्रोत : निर्वाचन आयोग, नेपाल*

माथि उल्लिखित प्रदेशगत निर्वाचन परिणामले के देखाउँछ भने प्रदेश नं. ६ बाहेक अरू सबै प्रदेशले प्रदेश सभामा कम्तीमा एक तिहाई महिला सदस्य हुनु पर्ने संवैधानिक प्रावधान पूरा गरेका छन् । कम्तीमा एक तिहाई सदस्य महिला हुनु पर्ने कानुनी प्रावधान अलग-अलग दल र समानुपातिक प्रतिनिधित्व अन्तर्गतका स्थानका सन्दर्भमा लागू हुने भएता पनि प्रदेश नं. ६ ले ३२.५ प्रतिशत महिलाको मात्र प्रतिनिधित्व गराई संवैधानिक प्राबधान पूरा गर्न नसकेको देखिन्छ । स्वतन्त्र उम्मेदवारका रूपमा पुरुष उम्मेदवार निर्वाचित भएका स्थानमा अन्य कुनै उपायबाट महिलाको स्थान क्षतिपूर्ति गराउने छुट्टै प्रावधान नभएकोले प्रदेश नम्बर ६ मा एक तिहाई महिला सदस्य पुग्न नसकेको देखिन्छ ।

यसका अतिरिक्त पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा आफ्ना बहुसङ्ख्यक पुरुष उम्मेदवार निर्वाचित भएका कुनै एक राजनीतिक दलसँग आफ्ना सदस्यमध्ये कम्तीमा एक तिहाई महिला भएको सुनिश्चित गर्न समानुपातिक प्रतिनिधित्वका माध्यमबाट आफ्नो दलले प्राप्त गरेको सिट सङ्ख्या अपर्याप्त पनि हुन सक्छ । वास्तवमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा थुप्रै सिटमा विजय हासिल गरेर पनि समानुपातिक निर्वाचन प्रणालीमा अत्यन्त न्यून वा शून्य सिट पनि दलका भागमा पर्न सक्दछ । समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनका माध्यमबाट एक जना पनि सदस्य

निर्वाचित हुन नसक्ने दल पनि हुन सक्छन् । प्रदेश नं. ६ मा उत्पन्न परिस्थितिको परिणाम पनि यीमध्येको कुनै कारणमा अल्झिएको हुन सक्छ ।

प्रदेश नं. ६ को प्रदेश सभा निर्वाचनमा चार वटा राजनीतिक दलले मात्र विजय हासिल गरेका थिए । यस प्रदेशमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित भएका २४ जना उम्मेदवारमा सबै पुरुष मात्र छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै पनि स्थानमा विजय हासिल गर्न सकेन भने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा सो दललाई एक स्थान उपलब्ध भएको थियो । त्यसैले उक्त स्थानमा राष्ट्रिय प्रजातन्त्र पार्टीले महिला उम्मेदवारको नाम पठाएर प्रदेश सभामा निर्वाचित गराएको थियो । यसै गरी नेपाली काँग्रेसले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एउटा स्थान र समानुपातिक निर्वाचन प्रणालीबाट पाँच वटा स्थानमा विजय हासिल गरेको थियो । सो दलले उनीहरूले विजय हासिल गरेका कुल ६ स्थानमध्ये प्रदेश सभामा कम्तीमा एक तिहाई महिला पुर्‍याउन समानुपातिक निर्वाचन प्रणालीबाट विजय हासिल भएका स्थानमध्येबाट दुई स्थानमा महिलालाई पठाएको थियो । सो प्रदेशमा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) ले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत क्रमशः १४ र ९ स्थानमा विजय हासिल गरेका थिए । त्यसरी विजय हासिल गर्ने सबै उम्मेदवार पुरुष थिए । त्यसैले नेकपा (एमाले) ले एक तिहाई महिला सदस्य पुर्‍याउन समानुपातिक निर्वाचन प्रणालीबाट विजय हासिल गरेका स्थानमध्येबाट सात वटामा र माओवादी केन्द्रले पाँच जना महिला पठाउन पर्ने अवस्था सिर्जना भयो । तर, एमालेले समानुपातिक निर्वाचन प्रणालीबाट ६ वटा स्थानमा मात्र विजय हासिल गरेको थियो भने माओवादी केन्द्रले चार वटा स्थानमा मात्र । त्यसैले ती दुवै दलबाट विजय हासिल भएका सबै स्थानमा महिलाको नाम पठाएर निर्वाचित गराइयो । यति गर्दा पनि उक्त सभामा रहने कुल ४० जना सदस्यमध्ये राप्रपाको १, नेपाली काँग्रसको २, एमालेको ६ र माओवादी केन्द्रको ४ गरी कुल १३ जना मात्र महिला सदस्य सभामा पुगे जुन सङ्ख्या एक तिहाईभन्दा केही कम हो ।

समग्र निर्वाचन परिणामका आधारमा मात्र संसद्मा महिला सदस्यको सङ्ख्या एक तिहाई पुग्ने नपुग्ने निर्क्योल हुन्छ । त्यसैले यो प्रावधानको कार्यान्वयन सम्भव छ वा छैन भन्ने कुरा केही हदसम्म दुवै प्रणालीको निर्वाचनको परिणाममा पनि निर्भर गर्दछ ।

खास गरी न्यूनतम एक तिहाई महिला सदस्य पुर्‍याउनु पर्ने गणितीय व्याख्यालाई लागू गर्ने आयोगको निर्णयका कारण अन्य सबै प्रदेश सभामा यो आवश्यकता पूरा भएको देखिएको छ । वास्तवमै कम्तीमा एक तिहाईको अर्थ प्रत्येक दलका लागि आवश्यक महिलाको सङ्ख्यालाई एकै ठाउँमा जम्मा गर्नु हो । उदाहरणका लागि - दस वटा स्थान जित्ने राजनीतिक दलले कम्तीमा एक तिहाई महिला सदस्यको सङ्ख्या पुर्‍याउनका लागि चार जना महिलालाई पठाउनु पर्दछ । नयाँ कानुनी प्रावधान कडाइका साथ लागू गर्ने सन्दर्भमा आयोगले खेलेको भूमिका सह्राहनीय छ । माथि उल्लेख गरिएको उदाहरणमा दस जनामा तीन जना हुने गरी महिलाको सङ्ख्यालाई एकै स्थानमा जम्मा गर्ने अनुमति निर्वाचन आयोग नेपालले राजनीतिक दललाई दिएको भए प्रदेश नं. १, २ र ३ मा पनि संविधानले

गरेको न्यूनतम सङ्ख्या सम्बन्धी व्यवस्था कार्यान्वयन हुन सक्ने अवस्था थिएन । समग्रमा भन्नुपर्दा निर्वाचन आयोग नेपालको भूमिका सकारात्मक नभएको भए सात वटा प्रदेश सभाले अहिले पाएको १८९ जना (३४.४ प्रतिशत) महिलाका स्थान १७८ (३२.४ प्रतिशत) मा सीमित हुन पुग्थ्यो ।

निर्वाचन परिणामबाट स्पष्ट रुपमा देखिएको दोस्रो तथ्य के हो भने प्रदेश सभामा पुगेका मध्ये ९ प्रतिशत महिला सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट र ९१ प्रतिशत महिला सदस्य समानुपातिक निर्वाचन प्रणालीका माध्यमबाट निर्वाचित भएका थिए ।

सर्वसाधारण जनताको दृष्टिकोणमा दुई किसिमका निर्वाचिन प्रणलिद्वारा सदस्यमा दुई किसिमकै प्रभाव देखिएको हुन्छ । उनीहरू समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यलाई कम शक्तिशाली र जनताभन्दा अलिक टाढाको जस्तो र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यलाई बढी शक्तिशाली र जनताको नजिकको रूपमा व्यवहार गर्छन् ।

## ३.२.२ समग्रमा प्रदेश सभा सदस्यमा महिला प्रतिनिधित्व

सात वटा प्रदेशमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भई आएका जम्मा ३३० जना सदस्यमध्ये १७ जना मात्र महिला थिए । प्रतिशतका हिसाबले यो सङ्ख्या ५ प्रतिशत मात्र हुन आउँछ । पुरुष र महिला उम्मेदवारबिच अझ ठुलो असमानता छ । निर्वाचनमा खडा भएका ९३६ उम्मेदवारमध्ये ५५ जना मात्र महिला उम्मेदवार थिए । यो सङ्ख्या कुल उम्मेदवार सङ्ख्याको जम्मा ६ प्रतिशत मात्र हुन आउँछ । तलको तालिकाको अध्ययनबाट यसलाई अझ सजिलोसँग बुझ्न सकिन्छ :

**तालिका नं. ४**

प्रमुख राजनीतिक दलहरूबाट प्रदेश सभा सदस्य पदको महिला उम्मेदवारी र निर्वाचन परिणाम, २०७४

| राजनीतिक दल | कुल उम्मेदवार | महिला | | | |
|---|---|---|---|---|---|
| | | उम्मेदवार | | निर्वाचित | |
| | | संख्या | % | संख्या | % |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २०० | १० | ५ % | ८ | ४ % |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १२८ | ९ | ७ % | ७ | ५ % |
| नेपाली काँग्रेस | ३२२ | ६ | २ % | ० | ० % |
| राष्ट्रिय जनता पार्टी नेपाल | १०५ | १३ | १२ % | २ | २ % |
| सङ्घीय समाजवादी फोरम नेपाल | १८१ | १७ | ९ % | ० | ० % |
| **जम्मा** | **९३६** | **५५** | **६ %** | **१७** | **२ %** |

*स्रोत : निर्वाचन आयोग, नेपाल*

प्रदेश सभामा महिला र पुरुषको उम्मेदवारीको प्रतिशत हेर्ने हो भने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा राष्ट्रिय जनता पार्टीले सबैभन्दा बढी महिला उम्मेदवारी दिएको देखिन्छ । यसै गरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले १० जना महिला उम्मेदवारी दिएको देखिन्छ जसमध्ये ८ जना विजयी भएका छन् । यसले के देखाएको छ भने प्रदेश सभाको लागि यो पार्टीले संभावित विजयी हुने महिला उम्मेदवारलाई मात्र टिकट दिएको देखिन्छ । नेपाली काँग्रेसले ६ जना महिला उम्मेदवारलाई चुनावी मैदानमा ल्याए पनि एक जनाले पनि विजय हासिल गर्न सकेनन् । सङ्ख्यात्मक रूपमा सङ्घीय समाजवादी फोरम नेपालले १७ जना महिला पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली मार्फत उम्मेदवारी दिए पनि एक जनाले पनि जित हासिल गर्न सकेनन् ।

## ३.३ सङ्घीय संसद्मा महिला प्रतिनिधित्व

### ३.३.१ प्रतिनिधि सभा सदस्यमा महिला प्रतिनिधित्व

प्रतिनिधि सभाका लागि गरिएको महिला प्रतिनिधित्व सम्बन्धी कानुनी प्रावधान प्रदेश सभाका लागि गरिएको प्रावधान जस्तै छन् । तर एउटा अतिरिक्त जटिलता के छ भने प्रत्येक दलका प्रतिनिधि बिच कम्तीमा एक तिहाई महिलाको सङ्ख्या गणना गर्दा प्रतिनिधि सभाको आधारमा मात्र नभई राष्ट्रिय सभा सहितको सिङ्गो सङ्घीय संसद्मा रहने प्रतिनिधिका आधारमा गरिनुपर्छ । राष्ट्रिय सभामा रहने ५९ जना सदस्यमध्ये २२ जना सदस्य महिला हुनु पर्ने भएकोले यसले वास्तवमा सङ्घीय संसद्मा ३३४ सदस्यमध्ये ११२ जना महिला प्रतिनिधित्व पुऱ्याई एक तिहाईको संवैधानिक प्रावधानलाई मूर्त रूप दिन सम्भव बनाउँछ ।

महिला सदस्यको प्रतिनिधित्वको सन्दर्भमा प्रतिनिधि सभा र प्रदेश सभाको प्रवृत्ति उस्तै उस्तै किसिमको देखिन्छ । सङ्घीय संसद्मा ९३ प्रतिशतभन्दा बढी महिला समानुपातिक निर्वाचन प्रणालीमा दललाई प्राप्त स्थान मार्फत निर्वाचित भएका थिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका १६५ स्थान मध्ये ६ स्थानमा मात्रै महिला निर्वाचित भएका देखिन्छन् । प्रतिशतका हिसाबले यो तीन प्रतिशतभन्दा पनि कम हो । निर्वाचनको नतिजाले नै के देखाउँछ भने निर्वाचनमा पुरुष उम्मेदवारको तुलनामा महिला उम्मेदवार निर्वाचित हुने सम्भावना निकै कम छ । निर्वाचनमा भाग लिएका प्रत्येक ११ जना पुरुष उम्मेदवारमा एक जना निर्वाचित भएका छन् भने महिलाका हकमा प्रत्येक २४ जना उम्मेदवारमा मात्र एक जना उम्मेदवार निर्वाचित भएका छन् ।

पाँच वटा प्रमुख राजनीतिक दलले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दिएको महिला उम्मेदवारीको प्रतिशत ४.८ देखि ९.४ प्रतिशत (राष्ट्रिय जनता पार्टी नेपालका सन्दर्भमा) सम्म रहेको थियो तर तीमध्ये दुई दल मात्र आफ्ना महिला उम्मेदवारलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका स्थानमा विजयी बनाउन सफल भए । तिनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का तीन जना अर्थात् पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित भएका उक्त दलको कुल

उम्मेदवार सङ्ख्याको ८.३ प्रतिशत र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का दुई जना अर्थात् पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित भएका उक्त दलको कुल उम्मेदवार सङ्ख्याको २.५ प्रतिशत हुन आउँछ ।

**चित्र नं. ३**

प्रतिनिधि सभा (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली) उम्मेदवार र परिणाम




| | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | नेपाली कांग्रेस | सङ्घीय समाजवादी फोरम, नेपाल | राष्ट्रिय जनता पार्टी नेपाल |
|---|---|---|---|---|---|
| उम्मेदवारी पुरूष | ९७ | ५५ | १४४ | १०० | ५८ |
| उम्मेदवारी महिला | ५ | ४ | ९ | ५ | ६ |
| निर्वाचित पुरूष | ७८ | ३३ | २३ | ११ | १० |
| निर्वाचित महिला | २ | ३ | ० | ० | ० |

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले मुलुकभरको १६५ निर्वाचन क्षेत्रमध्ये ८० क्षेत्रमा विजय हासिल गरेको थियो । निर्वाचित ८० मध्ये दुई जना महिला थिए । एमालेले प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत ५ महिला सहित १०२ जनालाई उम्मेदवार बनाएको थियो । यसै गरी प्रदेश सभामा एमालेले दिएको २०० जनाको उम्मेदवारीभित्र महिलाको सङ्ख्या १० जना थियो । तीमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ८ जना उम्मेदवार निर्वाचित भएका थिए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सबैभन्दा बढी महिला उम्मेदवार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भए । प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भएका उनीहरूको कुल ३६ जना उम्मेदवारमध्ये ३ जना महिला थिए । प्रतिनिधि सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले दिएको कुल ५९ जनाको उम्मेदवारीमा महिला उम्मेदवार चार जना थिए । यसै गरी प्रदेश सभामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले १२८ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको थियो । माओवादी केन्द्रको १२८ उम्मेदवारीभित्र परेका ९ जना महिला उम्मेदवारमध्ये सात जना निर्वाचित भएका थिए । प्रदेश सभामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट महिलाको उम्मेदवारी सात प्रतिशत परेको थियो भने पुरुषको ९३ प्रतिशत परेको थियो ।

प्रतिनिधि सभाको निर्वाचनका लागि नेपाली काँग्रेसले दिएको कुल १५३ जनाको उम्मेदवारीमध्ये महिला उम्मेदवारी ९ जनाको थियो । निर्वाचनमा सहभागी प्रमुख तीन राजनीतिक दलमध्ये नेपाली काँग्रेसले प्रतिनिधि सभाको निर्वाचनमा सबैभन्दा बढी महिला उम्मेदवार खडा गरेको थियो । यसरी उम्मेदवारी दिइए पनि प्रतिनिधि सभा सदस्य पदको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा कोही पनि निर्वाचित हुन सकेनन् । यसै गरी प्रदेश सभाका लागि नेपाली काँग्रेसले दिएको कुल ३२२ जनाको उम्मेदवारीमा ६ जना मात्र महिला थिए ।

प्रतिनिधि सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट राष्ट्रिय जनमोर्चाको तर्फबाट एक जना उम्मेद्वार निर्वाचित हुनु भएको थियो । राष्ट्रिय जनमोर्चाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा प्रतिस्पर्धा गर्न ७८ जना पुरुष तथा १० जना महिलालाई उम्मेदवार बनाएको थियो ।

महिलाहरूको न्यून उम्मेदवारी वा टिकट वितरणका सम्बन्धमा अर्थात पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा महिलालाई उम्मेदवार बनाउने सम्बन्धमा, राजनीतिक दलहरू त्यतिविधि खुलेर बोल्न चाहेको स्थिति छैन । उनीहरूसँगको कुराकानीका आधारमा के मात्र अनुमान गर्न सकिन्छ भने महिलाहरू निर्वाचनको मैदानमा गएर विभिन्न किसिमका राजनीतिक हतकण्डा अपनाएर निर्वाचनको नतिजालाई आफ्ना पक्षमा पार्न सक्षम हुँदैनन् भन्ने उनीहरूको बुझाइ छ । निर्वाचनमा होमिइसकेपछि जितका लागि बढीभन्दा बढी सम्भावनाको खोजी गर्नु पर्ने भएकाले त्यसका लागि महिला उम्मेदवारी त्यतिविधि उपयुक्त नहुने र मतदाताले पनि उनीहरूलाई त्यतिविधि नरुचाउने उनीहरूको मनोविज्ञान देखिन्छ । एकातिर राजनीतिक दलको यस किसिमको मनोविज्ञान र बुझाइ छ । निर्वाचनमा संलग्न केहि राजनीतिककर्मी महिलासँग यस विषयमा जिज्ञासा राख्दा उनीहरू स्वयं पनि समानुपातिक निर्वाचन प्रणालीको बन्द सूचीमा बस्न रुचाएको अवस्था भेटिएको छ ।

माथि उल्लेख गरिए जस्ता विविध कारणले गर्दा प्रतिनिधि सभा र प्रदेश सभा दुवैको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनका लागि करिब करिब सबै जसो राजनीतिक दलले पुरुष उम्मेदवारलाई प्राथमिकता दिएका थिए । यसरी पुरुषलाई उम्मेदवार बनाउने बिषयमा सबै राजनीतिक दलको प्रवृत्तिको एककिसिमको देखियो । त्यसैले सबै राजनीतिक दलले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको उम्मेदवार तय भइसकेपछि कानुनले प्रावधानको कारणले मात्र ५० प्रतिशत महिला उम्मेदवारको नाम समानुपातिक निर्वाचन प्रणालीको बन्द सूचीमा समावेश गरेर सो सूचीलाई राजनीतिक दलले अन्तिम रूप दिएका थिए ।

**चित्र नं. ४**

प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा महिला उम्मेदवारी र निर्वाचन परिणाम, २०७४




प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवारीको सम्बन्धमा केही राजनीतिक कर्मी महिलासँग छलफल गर्ने क्रममा उनीहरूको विचार के पाइयो भने - सबै राजनीतिक दल महिला उम्मेदवारलाई समानुपातिक निर्वाचन प्रणालीको सूचीमा राख्न रुचाउँछन् । त्यसैले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको "युद्ध मैदान" मा उनीहरूले पुरुष उम्मेदवारलाई प्राथमीकता दिएका हुन् । केहि महिला उम्मेदवारले त प्रस्ट रूपमा भने कि दुइवटा निर्वाचन प्रणाली रोज्नै परे उनीहरू आफैं पनि समानुपातिक निर्वाचन प्रणालीको बन्द सूची नै रोज्न रुचाउछन् ।

केहि महिला राजनीतिक कामको भनाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा उम्मेदवार भएर निर्वाचनमा प्रतिस्पर्धा गर्न सोचेभन्दा निकै बढी खर्च लाग्छ । निर्वाचन आयोगले निर्वाचनमा भाग लिने सबै दलसँग छलफल गरी निर्वाचन आचार संहितामा नै निर्वाचन खर्चको सीमा निर्धारण गरिदिएको छ । तर, निर्वाचनमा खडा भएका अधिकांश उम्मेदवारले आयोगले त्यसरी तोकेको सीमाभन्दा निकै गुणा बढी खर्च गर्ने गरेको अनुभूति सबैले गरेका छन् । निर्वाचनमा उम्मेदवार बनेका कतिपय नेता तथा कार्यकर्ता स्वयम् पनि अनौपचारिक रूपमा यो तीतो यथार्थलाई स्वीकार गर्छन् । साथै कतिपय राजनीतिक दल आफ्ना उम्मेदवार आफैंले आफ्नो लागि निर्वाचन खर्चको स्रोत जुटाउन् र त्यसलाई परिचालन गरुन् भन्ने पनि चाहन्छन् । यस किसिमको चाहना पूरा गर्ने गराउने क्षमता महिला उम्मेदवारभन्दा पुरुष उम्मेदवारले बढी राख्छन् । यस कारणले पनि कुनै पनि राजनीतिक दल महिला उम्मेदवारभन्दा पुरुष उम्मेदवारलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको उम्मेदवार बनाउन उद्यत रहन्छन् ।

कतिपय महिला नेतृहरूले विभिन्न प्रसङ्गमा राजनीतिक कार्य संगै पारिवारिक दायित्व पुरा गर्नमा पुरुषको तुलनामा महिलालाई बढि जिम्मेवारीको अनुमति हुने हुदा, पुरुषका तुलनामा कतिपय महिला आफैं पनि पहिलो हुने निर्वाचित प्रणलीमा उम्मेदवार बन्नका लागि समय दिननसक्ने हुदा पुरुष नेता र उम्मेदवारलाई समाजले पनि सहज रूपमा स्वीकार गर्ने तर महिला नेतृ तथा उम्मेदवारहरूको क्षमताको कम आकलन गर्ने प्रवृत्ति नेपाली समाजमा विद्यमान रहेको पनि बताएका छन् ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको प्रतिस्पर्धामा महिला उम्मेदवार खडा भएर अगाडि नआउनुको अर्को प्रमुख कारण उनीहरू आफैंले आफ्नो क्षमतालाई आफैंले पहिचान गर्ने नसक्नु पनि रहेको विचार केही महिला नेतृ आफैंले व्यक्त गरेका छन् ।

राजनीतिक अभियानको कठिन जिम्मेवारी सम्हाल्न पुरुषको तुलनामा महिलाहरू धेरै इच्छुक नहुने गरेको तथ्य केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानले पनि देखाएका छन् । यस किसिमको परिदृश्य नेपालको निर्वाचनमा पनि प्रस्ट रूपमा अनुभव गर्न सकिन्छ। नेपालको सन्दर्भमा प्रदेश सभा नयाँ किसिमको संरचना भएकाले यसको तुलना गर्ने अवस्था यतिखेर रहेन। तर, सङ्घीय संसद्का सन्दर्भमा भने विगतका निर्वाचनसँग केही ऐतिहासिक तुलना गर्न सकिने अवस्था छ। यसरी तुलना गर्दा महिलाको राजनीतिमा प्रवेश नै पछिल्लो चरणमा भएको र खुला समाजको विकासपछि मात्रै उनीहरूको सहभागीता बढ्दै गएको अवस्था देखिन्छ ।

**चित्र नं. ५**

विगतका संविधान सभा तथा सङ्घीय संसद्मा महिलाको प्रतिनिधित्वको हिस्सा
(वि. सं. २०६४, २०७०, २०७४)



लैङ्गिक आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन परिणाम (%)




यस तथ्याङ्कले दुई वटा कुरा देखाउँछ। पहिलो, वि. सं. २०६४ सालको संविधान सभाको पहिलो निर्वाचनमा महिलाका लागि कम्तीमा एक तिहाई स्थान हुनु पर्ने व्यवस्था लागू गरिएपछिको अवधिमा पनि सङ्घीय संसदमा महिला प्रतिनिधित्वको अवस्थामा सुधार हुन सकेको देखिँदैन। दोस्रो, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा भाग लिएर निर्वाचित हुने महिलाको सङ्ख्या अघिका निर्वाचनभन्दा पछिका निर्वाचनमा बढ्नुको साटो झनै घट्दै गएको देखिन्छ। प्रतिशतमा यसलाई हेर्दा वि. सं. २०६४ सालको पहिलो संविधान सभामा १२.५० प्रतिशत रहेको महिलाको सङ्ख्या वि. सं. २०७० को संविधान सभाका निर्वाचनमा घटेर ४.१७ हुन पुगेको छ भने वि. सं. २०७४ सालको निर्वाचनमा अझै घटेर ३.६४ मा सीमित हुन पुगेको देखिन्छ । यसले के देखाउँछ भने प्रत्यक्ष निर्वाचनमा महिलाको प्रतिनिधित्व बढन सकेको देखिएन।

## ३.३.२ राष्ट्रिय सभा सदस्यमा महिला प्रतिनिधित्व

सङ्घीय संसद्मा रहने दुई वटा सभा मध्ये एक राष्ट्रिय सभा हो । नेपालको संविधान बमोजिम भएको राष्ट्रिय सभाको पहिलो निर्वाचन राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश अनुसार पहिलो हुने निर्वाचित हुने र एकल सङक्रमणीय निर्वाचन प्रणाली अनुरूप सम्पन्न भएको थियो । संविधान बमोजिम राष्ट्रिय सभामा हरेक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित, एक जना अपाङ्ग वा अल्पसङ्ख्यक र तीन जना अन्य क्षेत्रबाट निर्वाचित हुने व्यवस्था रहेको छ । राष्ट्रिय सभाका सदस्यको निर्वाचनका लागि

गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष,  नगरपालिकाका प्रमुख र उपप्रमुख तथा प्रदेश सभाका सदस्यहरू रहेको निर्वाचन मण्डल रहने, प्रदेश सभाका सदस्यको मतभार ४८ र स्थानीय तहका मतदाताको मतभार १८ रहने कानुनी व्यवस्था रहेको छ । उक्त निर्वाचन मण्डलले नै मतदान गरी हरेक प्रदेशबाट आठ जनाका दरले कुल ५६ जना निर्वाचित गर्ने व्यवस्था रहेको छ । राष्ट्रपतिबाट कम्तीमा एकजना महिला सहित तीन जना सदस्य मनोनीत गरी कुल ५९ सदस्य राष्ट्रिय सभा गठन हुने व्यवस्था रहेको छ ।

वि. सं. २०७४ सालमा सम्पन्न राष्ट्रिय सभामा महिला २२ जना तथा पुरुष ३७ जनाको प्रतिनिधित्व रहेको छ । ३७ जना पुरुष मध्ये ७ जना दलित र ७ जना अपाङ्ग तथा अल्पसङ्ख्यकको प्रतिनिधित्व रहेको छ ।

## ३.३.३ समग्रमा सङ्घीय संसदमा महिला प्रतिनिधित्व

माथि उल्लेख गरिएका कतिपय तथ्यले नेपालको निर्वाचनमा सङ्ख्यात्मक रूपमा निर्वाचित महिलाको सङ्ख्यामा कमी आएको स्थिति देखाए पनि अन्तर्राष्ट्रिय स्थितिको तुलनामा नेपालले राम्रो प्रगति गरिरहेको अवस्था छ । अन्तरसंसदीय युनियनले प्रकाशित गर्ने गरेको राष्ट्रिय संसद्मा महिला सम्बन्धी तथ्याङ्क महिला सहभागीताका प्रमुख अन्तर्राष्ट्रिय सूचकमध्ये एउटा हो । सन् २०१८ मे १ सम्मको अद्यावधिक तथ्याङ्क अनुसार तल्लो तथा माथिल्लो सदनका आधारमा गरिएको विश्व वर्गीकरणमा रहेका १९३ राष्ट्रमध्ये नेपाल ३७ औँ स्थानमा रहेको छ । वि. स. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा ३३.५३ प्रतिशत महिला निर्वाचित भएबाट नेपालले स्वीट्जरल्याण्डलाई पनि पछाडि पारेको छ । एसियाको मात्र तुलना गर्ने हो भने सम्पूर्ण एसियाली राष्ट्रमा नेपाल पहिलो राष्ट्र भएको छ । माथिल्लो सदनका सन्दर्भमा अन्तरसंसदीय युनियनको सूचीले चित्रण गर्ने ७८ वटा राष्ट्रमध्ये नेपाल ३७.३ प्रतिशतको उपलब्धि सहित १३ औं स्थानमा पुगेको छ भने सम्पूर्ण एसियाली राष्ट्रबिच फेरि पनि नेपाल नै पहिलो देखिएको छ ।

**दिगो विकास लक्ष्य ५.५.१ का सन्दर्भमा पनि नेपालले राम्रो प्रगति गरिरहेको देखिएको छ । संसद्का दुवै सदनमा हासिल भएको ३३.५३ प्रतिशत प्रतिनिधित्वका कारण सन् २०१९ (२०७६ पौष सम्म) का लागि नेपालले लिएको ३३ प्रतिशतको लक्ष्य हासिल भएको देखिन्छ । यसो हुँदा हुँदै पनि संविधानमा बाध्यात्मक व्यवस्था गरिएको न्यूनतम महिला प्रतिनिधित्वको सङ्ख्यामा बढोत्तरी हुने अवस्था देखिँदैन ।** किनकि, समानुपातिक निर्वाचन प्रणालीबाट राजनीतिक दललाई प्राप्त हुने स्थानमा पुरुष वा महिला कसलाई पठाउने भन्ने निर्णयको अधिकार राजनीतिक दलमा निहित छ । प्रदेश सभा तथा सङ्घीय संसद् दुवैमा एउटै राजनीतिक दलले पनि महिलालाई कानुनले तोकेको न्यूनतम सङ्ख्याभन्दा बढी प्रतिनिधित्व गरिएको पाइदैन ।

कानुनी प्रावधानले मात्र महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गर्छ भन्ने कुरा वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनको परिणामले पनि सङ्केत गरिसकेको छ । यस्तो अवस्थामा

संवैधानिक वा अन्य कानुनी प्रावधान एक तिहाईमा रहिरह्यो भने सन् २०३० सम्ममा सङ्घीय तथा प्रादेशिक संसद्मा महिलाको सहभागीता ४० प्रतिशत पुऱ्याउने लक्ष्य नेपालले कसरी हासिल गर्न सक्ला ? भन्ने कुरा अझै अस्पष्ट र अमुर्त देखिन्छ । यस अवस्थामा स्थानीय तहको सन्दर्भमा ५० प्रतिशतभन्दा तलका कुनै पनि प्रतिनिधित्वलाई लैङ्गिक समानताका रूपमा गणना गर्न सकिएला र ? भन्ने प्रश्न पनि उत्तिकै उठ्न सक्छ ।

## ३.४ राष्ट्रपति तथा उपराष्ट्रपति पदमा महिला प्रतिनिधित्व

नेपालको संविधान अनुसार राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको लागि प्रदेश सभाका सदस्य तथा सङ्घीय संसद्का सदस्य रहेको एक निर्वाचक मण्डल रहने व्यवस्था छ । प्रदेश सभाका सदस्यको मतभार ४८ र सङ्घीय संसद्का सदस्यको मतभार ७९ रहने कानुनी व्यवस्था रहेको छ । राष्ट्रपति र उपराष्ट्रपतिले निर्वाचित हुनका लागि ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ । राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन संम्बन्धी ऐन, २०७४ बमोजिम वि. सं. २०७४ सालमा सम्पन्न राष्ट्रपतिको निर्वाचनमा दुई जना महिलाको उम्मेदवारी परेको थियो । उक्त निर्वाचनबाट विद्यादेवी भण्डारी राष्ट्रपतिमा निर्वाचित हुनु भएको थियो ।

संविधानत : राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा जातजातिबाट हुनु पर्ने व्यवस्था रहे बमोजिम वि. सं. २०७४ सालको निर्वाचनमा उपराष्ट्रपतिमा एक जना पुरुष (नन्दकिशोर पुन) को मात्र उम्मेदवारी परेको थियो । उपराष्ट्रपतिमा एक जनाको मात्र उम्मेदवारी परेकोले उहाँ निर्विरोध निर्वाचित हुनु भएको थियो ।

## ३.५ समग्रमा विभिन्न तहको निर्वाचनमा महिला प्रतिनिधित्व

महिलाहरूको उम्मेदवारीका विषयमा राजनीतिक दलहरुसंग जिज्ञासा राख्दा धेरैले राजनीतिक दलले महिलालाई शक्ति र प्रतिस्पर्धाका दृष्टिकोणले कम आकलन गरेको, पारिवारिक तथा अन्य सामाजिक परिस्थितिका दृष्टिकोणले पुरुषका तुलनामा महिलाहरू सक्रिय रूपमा खट्न नसक्ने, आर्थिक हिसाबले निर्वाचन खर्च जुटाउने तथा खर्च गर्न गराउन नसक्ने, निर्वाचनको प्रचार प्रसारमा पछिल्लो समयमा देखिएका विकृत प्रकृतिका व्यवहार आदिमा घुलमिल हुन नसक्ने, निर्वाचनका क्रममा हुने अराजनीतिक मुठभेड जस्ता क्रियाकलापमा पछि हट्ने जस्ता मनोवैज्ञानिक कारणले महिलाको उम्मेदवारी कम भएको धारणा व्यक्त गरे । समग्रमा महिला उम्मेदवारी कम हुनुमा राजनीतिक दलहरुको महिलाप्रतिको उदार भावनामा कमि नै हो भन्ने देखियो । महिलाले पहिलो हुने निर्वाचन हुने निर्वाचनमा विजय हासिल गर्न सक्छन् भन्ने कुरामा सबै राजनीतिक दलमा द्विविधाको स्थिति हो कि? भन्ने मात्र हुन्छ ।

आआफ्ना राजनीतिक दलबाट टिकट पाएर निर्वाचनमा भाग लिएका महिलाले निर्वाचनमा पराजय भोग्नु पर्नाका कारण बारे जिज्ञासा राख्दा धेरै महिला उम्मेदवारले स्थानीय मतदाताको आवश्यकता र दलले लिएको नीति मेल नखाएको, निर्वाचन प्रचार प्रसारमा आएको भड्किलो र विकृत परिस्थितिलाई आफ्नो नियन्त्रणमा राख्ने किसिमले निर्वाचन खर्च व्यवस्थापन गर्न नसकिएको, योजनाबद्ध रूपमा निर्वाचन प्रचार प्रसारको काम हुन नसकेको जसका कारण महिला सङ्गठन वा अरू सहयोगी सङ्गठनहरू पनि निर्वाचनका समयमा वडाका तल्लो स्तरसम्म पुग्न नसकेको, उम्मेदवार भएका महिलाका हकमा पनि दलगतभन्दा व्यक्तिगत हैसियतका आधारमा मतदाताले तिनलाई हेरेको । व्यक्तिगत सम्बन्धका आधारमा मतदातासम्म जसको पहुँच राम्रो रह्यो उसको मात्र स्थिति राम्रो देखिएको, आफ्नो दलको धेरै मतदाता नभएका स्थानमा महिलालाई टिकट दिइएको, निर्वाचन प्रचार प्रसार अवधि कम भएकाले सबै मतदाताका घर आँगनमा पुग्न नसकिएको, निर्वाचन बाहेकको समयमा पार्टीले कुनै विशेष जिम्मेवारी नदिएका कारण महिला जनतासँग नजिक हुन नसकिएको, निर्वाचन प्रचार प्रसारमा राजनीतिक दलको संलग्नता कम भएको, राजनीतिक दलको घोषणापत्रमा उल्लेख गरिएका सबै विषय जनतालाई राम्रोसँग बुझाउन नसकिएको, निर्वाचन प्रचार प्रसार सामग्रीको अपर्याप्तता र व्यवस्थापनमा कमजोरी जस्ता कारण प्रमुख रूपमा उल्लेख भएका छन् । अन्तरवार्ताका क्रममा जानकारी हुन आएको एउटा उल्लेख्य पक्ष के रह्यो भने निर्वाचनमा विजय हाासिल गरेका/नगरेका सबैले आगामी निर्वाचनमा भाग लिने इच्छा जाहेर गरे । यस कुरालाई राजनीतिप्रति उनीहरूको सकारात्मक चासोका रूपमा लिन सकिन्छ । यथार्थ जे जस्तो भए पनि विभिन्न किसिमका अन्तर्वार्ताका क्रममा जानकारी हुन आएका राजनीतिककर्मी महिलाको यस किसिमको बुझाइको स्थिति वास्तवमै सबैका लागि र सधैंका लागि मननीय देखिन्छ ।

पछिल्ला राजनीतिक विकास क्रमले नेपालको निर्वाचनमा महिलाको सहभागीताका लागि केही हद सम्म सकारात्मक प्रभाव पार्दै गएको निर्वाचन कानुनमा भएको व्यवस्थालाई व्यवहारमा उतार्नका लागि सरकार, राजनीतिक दल अझ बढी महिला मैत्री बन्नु पर्ने देखिएको छ ।

# परिच्छेद ४

## विभिन्न तहमा निर्वाचित मधेसी समुदाय

# परिच्छेद ४
# विभिन्न तहमा निर्वाचित मधेसी समुदाय

नेपालको संविधानमा भएको सङ्घीय र प्रादेशिक व्यवस्थापिकाको गठन सम्बन्धी प्रावधानले जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम तथा पिछडिएको क्षेत्रलाई समावेशी समूहको रूपमा स्वीकार गरेको छ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि जारी गरिएका कानुनले निर्वाचन हुनु भन्दा तत्काल अघि सम्पन्न जनगणनाका आधारमा समावेशी समूहको प्रतिशत निर्धारण गर्ने गरी व्यवस्था गरेकोछ (वि. सं. २०७४ सालका निर्वाचनमा वि. सं. २०६८ सालमा गरिएको जनगणनाको आधारमा यो प्रतिशत निर्धारण गरिएको थियो) । तर यस्ता समूहभित्र पनि उपसमूह रहेकाले तिनको अनुपात प्रयोग गर्नका लागि केही सीमाहरू भने छन् ।

दिगो विकासका सूचकका सन्दर्भमा, राष्ट्रिय योजना आयोगले महिलाका लागि मात्र लक्ष्य निर्धारण गरेको देखिन्छ, जब कि दिगो विकास लक्ष्य ५ को सूचकले सम्बन्धित निर्वाचित पदले सकेसम्म सबैलाई समेट्नुपर्छ । सूचक १६.७.१ ले सङ्घीय तथा प्रदेश व्यवस्थापिकाका अतिरिक्त निजामती सेवा तथा न्यायपालिकालाई समेत समेट्छ । तर, यस प्रतिवेदनमा निर्वाचित पद विशेष गरी सङ्घीय संसद् तथा प्रदेश सभाको बारेमा मात्र उल्लेख गरिने छ । यस परिच्छेदमा मधेसी समुदाय समूहको प्रतिनिधित्वको सम्बन्धमा विश्लेषण गरिएको छ । प्रतिशतका हिसाबले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनका अनुसार मधेसी समुदायको सापेक्षिक वितरण १५.३ प्रतिशत तोकिएको छ ।

## ४.१ स्थानीय तहमा मधेसी समुदायको प्रतिनिधित्व

स्थानीय तहका सन्दर्भमा कुरा गर्नु पर्दा ती तहका उच्च पद नगरपालिकाका प्रमुख/उपप्रमुख र गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित भएर आउँछन् । प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको पदमा मधेसी समुदायबाट प्रमुखमा ६१ जना अर्थात २०.८१ प्रतिशत र उपप्रमुखमा ४७ जना अर्थात १६.०४ प्रतिशत तथा अध्यक्षमा ६३ जना अर्थात १३.६९ प्रतिशत र उपाध्यक्षमा ६६ जना अर्थात १४.३४ प्रतिशत मात्र प्रतिनिधित्व रहेको छ ।
मधेसलाई आधार बनाई राजनीति गर्ने राजनीतिक दलहरूले स्थानीय तहको पहिलो चरण र दोस्रो चरणको निर्वाचनमा सहभागीता नजनाएको कारण समग्र मुलुकमा मधेसी समुदायको प्रतिनिधित्वको सवालमा विश्लेषण गर्न सकिएको छैन । यदि पहिलो र दोस्रो चरणको निर्वाचनमा समेत यी दलहरू सहभागी भएकाभए हालको तथ्याङ्कमा केही वृद्धि हुन सक्ने कुरा भने स्वीकार गर्न सकिन्छ ।

**तालिका नं. ५**

स्थानीय तहमा प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष पदमा मधेसी प्रतिनिधित्व

| **समूह** | **स्थानीय तह** | | |
|---|---|---|---|
| | **नगरपालिका** | **गाउँपालिका** | **जम्मा** |
| मधेसी | १०८ | १२९ | **२३७** |
| अन्य | ४७८ | ७९१ | **१२६९** |
| **जम्मा** | **५८६** | **९२०** | **१५०६** |

स्थानीय तहका माथिल्ला दुई प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष पदमा मधेसी समुदायको प्रतिनिधित्व समग्रमा १६ प्रतिशत रहेको देखिन्छ । तर, प्रदेश नं. २ मा उच्च तहको पदमा मधेसी समुदायहरूको बलियो उपस्थिति रहेको छ । यहाँ प्रतिस्पर्धा भएका स्थानमध्ये मधेसी समुदायहरूले ७२ प्रतिशत स्थानमा सफलता हासिल गरेका छन् । मधेसी समुदायहरूको जनसङ्ख्याका आधारमा प्राप्त हुन सक्ने हिस्साको तुलनामा यो नतिजा निकै बढी हो । प्रतिशतमा हेर्दा यो ५४ प्रतिशत हुन पुग्छ ।

## ४.२ प्रदेश सभामा मधेसी समुदायबाट प्रतिनिधित्व

संविधानले प्रदेश सभा एक सदनात्मक हुने व्यवस्था गरेको छ । यस सभामा प्रतिनिधि सभामा जस्तै यसका बहुसङ्ख्यक सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । प्रदेश सभाका कुल सदस्य मध्ये ६० प्रतिशत पहिलो हुने निर्वाचित हुने र बाँकी ४० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । प्रतिनिधि सभामा जस्तै समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित गरिने स्थानका लागि वि. सं. २०६८ सालको जनगणनाका आधारमा कानुनतः निर्धारण गरिएको ६ वटा समूहमा तोकिएको प्रतिशतको अनुपातमा सदस्य निर्वाचन गर्नु पर्ने व्यवस्थालाई अनुसरण गर्नुपर्छ ।

**तालिका नं. ६**

प्रदेश सभामा मधेसी समुदायको प्रतिनिधित्व

| | | | प्रदेश सभामा स्थान | | | |
|---|---|---|---|---|---|---|
| समूह | प्रदेश | प्रतिनिधित्वको % (कानुनी व्यवस्था) | पहिलो हुने निर्वाचित हुने | समानुपातिक प्रतिनिधित्व | जम्मा | प्रतिशत |
| मधेसी | १ | ७.५७ % | ६ | २ | ८ | ९ % |
| अन्य | | ९२.४३ % | ५० | ३५ | ८५ | ९१ % |
| जम्मा | | १००.०० % | ५६ | ३७ | ९३ | १०० % |
| मधेसी | २ | ५४.३६ % | ५० | २९ | ७९ | ७४ % |
| अन्य | | ४५.६४ % | १४ | १४ | २८ | २६ % |
| जम्मा | | १००.०० % | ६४ | ४३ | १०७ | १०० % |
| मधेसी | ३ | १.५७ % | १ | ० | १ | १ % |
| अन्य | | ९८.४३ % | ६५ | ४२ | १०९ | ९९ % |
| जम्मा | | १००.०० % | ६६ | ४४ | ११० | १०० % |
| मधेसी | ४ | ०.५२ % | ० | ० | ० | ० % |
| अन्य | | ९९.४८ % | ३६ | २४ | ६० | १०० % |
| जम्मा | | १००.०० % | ३६ | २४ | ६० | १०० % |
| मधेसी | ५ | १४.३५ % | ४ | ६ | १० | ११ % |
| अन्य | | ८५.६५ % | ४८ | ३० | ७८ | ८९ % |
| जम्मा | | १००.०० % | ५२ | ३६ | ८८ | १०० % |
| मधेसी | ६ | ०.२४ % | ० | ० | ० | ० % |
| अन्य | | ९९.७६ % | २४ | १६ | ४० | १०० % |
| जम्मा | | १००.०० % | २४ | १६ | ४० | १०० % |
| मधेसी | ७ | १.६४ % | ० | ० | ० | ० % |
| अन्य | | ९८.३६ % | ३२ | २० | ५२ | १०० % |
| जम्मा | | १००.०० % | ३२ | २० | ५२ | १०० % |
| मधेसी | सबै | १५.३० % | ६१ | ३७ | ९८ | १८ % |
| अन्य | | ७०.९० % | २६९ | १८३ | ४५२ | ८२ % |
| जम्मा | | १००.०० % | ३३० | २२० | ५५० | १०० % |

*स्रोत: निर्वाचन आयोग नेपाल*

सात वटा प्रदेश सभालाई समष्टिगत रूपमा हेर्दा त्यसका कुल ५५० सदस्यमध्ये ९८ जना मधेसी समुदायको प्रतिनिधित्व छ जुन कुल सदस्य सङ्ख्याको १८ प्रतिशत हो । पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रतिनिधित्व बिचको विभाजन ती स्थान बिचको सामान्य विभाजनको नजिक नजिक अर्थात् ६०-४० प्रतिशतका बिच रहेको छ। भौगोलिक रूपमा सात वटै प्रदेशमा निर्वाचित भएका मधेसी सदस्यमध्ये ८० प्रतिशतभन्दा बढी प्रदेश नं. २ बाट प्रतिनिधित्व गरेका छन् ।

## ४.३ सङ्घीय संसदमा मधेसी समुदायबाट प्रतिनिधित्व

तल प्रस्तुत तालिकामा, सङ्घीय संसद्को पूर्ण स्वरूपका साथै यसका विभाजित अङ्गहरू प्रतिनिधि सभा र राष्ट्रिय सभामा मधेसी समुदायद्वारा निर्वाचनमा हासिल गरिएका स्थानको अनुपातलाई देखाइएको छ । यसमा निर्वाचन प्रणाली तथा निर्वाचन सञ्चालन गरिएका प्रदेशका आधारमा निर्वाचित नतिजा बारे जानकारी प्रस्तुत गरिएको छ। समष्टिगत तथ्याङ्क अनुसार सङ्घीय संसद्का निर्वाचित ३३४ सदस्य मध्ये ५३ जना मधेसी समुदाय निर्वाचित भएका छन् जुन कुल सदस्य सङ्ख्याको १६ प्रतिशत हुन आउँछ । यसरी हेर्दा मधेसी समुदायको विद्यमान जनसङ्ख्या अनुसार न्यूनतम हुनु पर्ने प्रतिनिधित्वको सङ्ख्याभन्दा उनीहरू अझ केही माथि देखिएका छन् ।

**तालिका नं. ७**

सङ्घीय व्यवस्थापिकामा मधेसी समुदायको प्रतिनिधित्व

| समूह | प्रतिनिधित्वको % (कानुनी व्यवस्था) | प्रतिनिधि सभा | | राष्ट्रिय सभा | | सङ्घीय संसद् | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो हुने निर्वाचित हुने | समानुपातिक प्रतिनिधित्व | सात प्रदेश | राष्ट्रपति | सङ्ख्या | % |
| मधेसी | १५.३० % | ३१ | १७ | ५ | ० | ५३ | १६ % |
| अन्य | ८४.७० % | १३४ | ९३ | ५१ | ३ | २८१ | ८४ % |
| जम्मा | १००.०० % | १६५ | ११० | ५६ | ३ | ३३४ | १०० % |

**चित्र नं. ६**

समुदायको आधारमा कोटा र सङ्घीय संसदमा प्रतिनिधित्व (%)




| | आदिवासी जनजाति | दलित | खस आर्य | मधेसी | मुस्लिम | थारु |
|---|---|---|---|---|---|---|
| कोटा | २८.७ | १३.८ | ३१.२ | १५.३ | ४.४ | ६.६ |
| निर्वाचित | २३ | ८० | ४६ | १६ | ३ | ५ |

सङ्घीय संसद् अन्तर्गतको ५९ सदस्य रहेको राष्ट्रिय सभामा भने ५ जना सदस्य मधेसी छन् जुन कुल सङ्ख्याको ८ प्रतिशत हुन्छ। यो प्रतिशत जनसङ्ख्या अनुसार उनीहरूको हुनु पर्ने प्रतिनिधित्वभन्दा कम छ। कुल २७५ जना सदस्य रहेको प्रतिनिधि सभामा भने उनीहरूको उपस्थिति निश्चित रूपमै राम्रो छ। यस किसिमको उपस्थितिले यो सङ्ख्या सङ्घीय संसद्मा उनीहरूको हुनु पर्ने प्रतिनिधित्वको निकट पुगेको छ। यहाँ ४८ जना सदस्य मधेसी छन् जुन कुल सङ्ख्याको १७ प्रतिशत हुन आउँछ।

**चित्र नं. ७**

राष्ट्रिय सभामा विभिन्न जातजातिहरुको प्रतिनिधित्व




| | आदिवासी जनजाति | दलित | खस आर्य | मधेसी | थारु |
|---|---|---|---|---|---|
| पुरुष | ५ | ७ | २१ | ३ | १ |
| महिला | ५ | ० | १५ | २ | ० |

सरकारको सिफारिशमा राष्ट्रपतिबाट राष्ट्रिय सभाका लागि मनोनीत गरिएका तीन जना सदस्यमा मधेसी छैनन् । त्यसैले सबै मधेसी सदस्य सात प्रदेशमा भएको निर्वाचनका माध्यमबाट निर्वाचित भएका हुन् । प्रत्येक प्रदेशले ८ जना सदस्य निर्वाचित गर्छ । निर्वाचित पाँच जना मधेसी सदस्यको प्रतिनिधित्व भने सबै एउटै प्रदेश अर्थात् प्रदेश नं. २ बाट भएको हो । प्रदेश नं. २ नेपालका सात वटा प्रदेशमध्ये मधेसी समुदायको बहुमत भएको एउटै मात्र प्रदेश हो ।

यस्तै समान किसिमको प्रवृत्ति प्रतिनिधि सभामा पनि देख्न सकिन्छ । कानुन अनुसार समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका ११० स्थानका सन्दर्भमा प्रत्येक दलका निर्वाचित उम्मेदवारले माथि उल्लेख गरिएका प्रतिशतलाई प्रतिविम्बन गर्नुपर्छ । निर्वाचन आयोगले यस प्रावधानलाई कडाइका साथ र सफलतापूर्वक कार्यान्वयन गरेको थियो । यसैको फलस्वरूप मधेसी समुदायले समानुपातिक प्रतिनिधित्वको १५ प्रतिशतभन्दा बढी स्थान हासिल गर्न सफल भएकोछ । राष्ट्रव्यापी समानुपातिक प्रतिनिधित्व अन्तर्गतका स्थानको हिस्सा र विभिन्न दलद्वारा विजय हासिल गरिएका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका स्थानको हिस्साबिच निकै ठुलो भिन्नता छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत ३१ स्थानमा मधेसी निर्वाचित भएका थिए जुन कुल सङ्ख्याको १९ प्रतिशत हो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत विजय हासिल भएका २२ वटा स्थान प्रदेश नं. २ का थिए भने बाँकी स्थान मधेसी समुदायको बहुसङ्ख्यक जनसङ्ख्या रहेका प्रदेश नं. १ र प्रदेश नं. ५ का केही क्षेत्रमा हासिल गरिएका थिए ।

यी सङ्ख्याले के देखाउँछन् भने कानुनद्वारा निर्धारण गरिएका हिस्साका आधारमा मापन गरिएको दिगो विकास लक्ष्य सूचकका दृष्टिकोणबाट **मधेसी समुदायले उनीहरूको जनसङ्ख्याको हिस्साको झन्डै बराबर प्रतिनिधित्व हासिल गरेका छन् तर यो उपलब्धि ठुलो मात्रामा उनीहरूको बहुमत रहेका क्षेत्रको प्रतिनिधित्व गर्ने स्थानका माध्यमबाट हासिल भएको छ ।**

# परिच्छेद ५

## विभिन्न तहमा निर्वाचित दलित समुदाय

# परिच्छेद ५

## विभिन्न तहमा निर्वाचित दलित समुदाय

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक रूपमा समेत विविधता युक्त देश हो । यहाँको जनसङ्ख्यालाई विभिन्न कोणबाट व्याख्या, विश्लेषण र वर्गीकरण गर्न सकिन्छ । उदाहरणका लागि यहाँको जनसङ्ख्यालाई भौगोलिक, भाषिक, जातजाति, धार्मिक, सांस्कृतिक तथा अन्य रूपमा वर्गीकरण गर्न सकिन्छ । **दिगो विकास लक्ष्य** (SDG) सूचक १६.७.१ मा उल्लेख गरिएका लक्ष्य हासिल गर्नका लागि सबैभन्दा उपयोगी उपाय वर्गीकरणमा परेका ती विशेष समूहलाई समानुपातिक प्रतिनिधित्व मार्फत निर्वाचित गरिने स्थानमा पुऱ्याउने कुरा कानुनमा व्यवस्था गरिएमा सम्भव हुनसक्छ ।

नेपालको संविधानमा भएको सङ्घीय र प्रादेशिक व्यवस्थापिकाको गठन सम्बन्धी प्रावधानले जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम तथा पिछडिएको क्षेत्रलाई समावेशी समूहको रूपमा स्वीकार गरेको छ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि जारी गरिएका कानुनले निर्वाचन हुनु भन्दा तत्काल अघि सम्पन्न जनगणनाका आधारमा समावेशी समूहको प्रतिशत निर्धारण गर्ने गरी व्यवस्था गरेकोछ (वि. सं. २०७४ सालको निर्वाचनमा वि. सं. २०६८ सालमा गरिएको जनगणनाको आधारमा यो प्रतिशत निर्धारण गरिएको थियो) । तर यस्ता समूहभित्र पनि उपसमूह रहेकाले तिनको अनुपात प्रयोग गर्नका लागि केही सीमाहरू भने छन् ।

यस सूचकका सन्दर्भमा राष्ट्रिय योजना आयोगले महिलाका लागि मात्र लक्ष्य निर्धारण गरेको देखिन्छ, जब कि माथि उल्लेख गरिएको दिगो विकास लक्ष्य ५ को सूचकले सम्बन्धित निर्वाचित पदले सकेसम्म सबैलाई समेट्नुपर्छ । सूचक १६.७.१ ले सङ्घीय तथा प्रदेश व्यवस्थापिकाका अतिरिक्त निजामती सेवा तथा न्यायपालिकालाई समेत समेट्छ । तर, यस प्रतिवेदनमा निर्वाचित पद विशेष गरी सङ्घीय संसद् तथा प्रदेश सभाको बारेमा मात्र उल्लेख गरिने छ । यस परिच्छेदमा दलित समुदायको प्रतिनिधित्वलाई मात्र विश्लेषण गरिएको छ । प्रतिशतका हिसाबले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनका अनुसार उनीहरूको सापेक्षिक वितरण दलित समुदायका लागि १३.८ प्रतिशत तोकिएको छ ।

### ५.१ स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्व

स्थानीय तहका सन्दर्भमा कुरा गर्नुपर्दा उच्च पद नगरपालिकाका प्रमुख/उपप्रमुख र गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित भएर आउँछन् । प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको पदमा दलित समूहबाट निर्वाचित प्रतिनिधिको सङ्ख्या हेर्दा दलित समुदायबाट प्रमुखमा ५ जना अर्थात १.७० प्रतिशत र

उपप्रमुखमा १० जना अर्थात ३.४१ प्रतिशत तथा अध्यक्षमा ३ जना अर्थात ०.६५ प्रतिशत र उपाध्यक्षमा ११ जना अर्थात २.३९ प्रतिशत मात्र प्रतिनिधित्व रहेको छ ।

**तालिका नं. ८**

स्थानीय तहमा प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष पदमा दलित समुदायको प्रतिनिधित्व

| समुह | स्थानीय तह | | |
|---|---|---|---|
| | नगरपालिका | गाउँपालिका | जम्मा |
| दलित | १५ | १४ | २९ |
| अन्य | ५७१ | ९०६ | १४७७ |
| **जम्मा** | **५८६** | **९२०** | **१५०६** |

विभिन्न व्यक्तिसँग भएका छलफल र कुराकानीका आधारमा भन्ने हो भने दलित समुदाय विरुद्धको विभेद सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा प्रस्ट रूपमा देख्न सकिन्छ । यो भनाइलाई माथिको तालिकाको तथ्याङ्कले समेत पुष्टि गर्दछ । यी जातीय विभेदसँग जोडिएका अरू सामाजिक सांस्कृतिक पक्ष पनि स्वाभाविक रूपमा यसका कारक हुन सक्छन् । प्रदेशगत हिसाबमा प्रदेश नं. ४ मा चार प्रतिशतभन्दा बढी स्थान हासिल हुन गएको स्थितिले अन्यत्रको तुलनामा केही राम्रो गरेको देखिन्छ । यस्तै प्रदेश नं. १ मा एक प्रतिशतको एक तिहाई मात्र भएकाले सबैभन्दा नराम्रो स्थिति देखिएको छ । समग्रमा भन्नुपर्दा प्रदेशबिच उनीहरूको न्यून स्तरको प्रतिनिधित्वमा खासै उल्लेख्य भिन्नता भने छैन ।

***समग्र प्रदेशको अवस्था हेर्दा प्रदेश नं. ६ मा मात्रै उनीहरू जनसङ्ख्याको आकार अनुसार हुनु पर्ने हिस्सा बराबरको प्रतिनिधित्व प्राप्त गर्न सफल भएको देखिएका छन् ।***

## ५.२ वडा समितिमा दलित महिला सदस्य

अन्य स्थानको तुलनामा वडा स्तरमा दलित समुदायको अवस्था निकै फरक छ । स्थानीय तह निर्वाचन ऐनले वडा समितिमा रहने कुल पाँच सदस्यमध्ये एउटा स्थान दलित महिलाका लागि आरक्षण गरिदिएका कारण उनीहरू यस्तो सुखद अवस्थाको परिणाम प्राप्त गर्न सफल भएका हुन् । महिला प्रतिनिधित्व सम्बन्धी यो आरक्षणको प्रभाव बारे माथि चर्चा गरी सकिएको छ । दलित समुदायको प्रतिनिधित्वको प्रभाव सम्भवतः अझ बढी कौतूहलपूर्ण छ । वडाध्यक्षको पदलाई पनि समावेश गरियो भने आरक्षण गरिएका स्थानले वडा स्तरका प्रतिनिधिबिच दलित समुदायको उपस्थिति कम्तीमा २० प्रतिशत हुने कुरालाई सुनिश्चित गरेको

छ। त्यसमाथि दलित महिलाको स्थानलाई सुनिश्चित गर्न कानुनमै आरक्षण गरेर राज्यले सुविधाबाट वञ्चित समूहलाई दोब्बर सशक्तीकरण (महिला- त्यसमाथि दलित समुदाय) गरेको अवस्था देखिन्छ । त्यसो त दलित महिला निर्वाचित हुने सुनिश्चितता भएको यो ६,७४३ पद स्वयम्मा पनि सङ्ख्यात्मक हिसाबले निकै महत्वपूर्ण र उपलब्धिपूर्ण सङ्ख्याको रूपमा देखिएको छ ।

स्थानीय तह निर्वाचनमा वडा समितिमा दलित महिला सदस्यका लागि आरक्षण गरिएकामध्ये १७६ पद निर्वाचनबाट पूर्ति हुन सकेनन् । आरक्षण दिएर निर्वाचनमा सहभागी हुने अवसर दिँदा पनि त्यसको सदुपयोग हुन नसकेर यी स्थान खाली रहन पुगे । वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनको यो विषय निकै महत्वपूर्ण चासोको रूपमा रह्यो । वि. सं. २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा महिलाका लागि आरक्षण गरिएका स्थानमध्ये करिब एक प्रतिशत स्थान खाली रहेको थियो । वि. सं. २०७४ सालमा दलित महिलाका लागि आरक्षण गरिएका स्थानमध्ये कुल ३८ जिल्लामा गरी २.८ प्रतिशत स्थान खाली रहन पुगेको छ । दलितको अलावा महिलाका लागि आरक्षण गरिएको अर्को स्थानमा केवल १ पद मात्र रिक्त रहन गएको छ । यो स्थिति पनि निर्वाचन वहिष्कार गरिएका वडामा भएको थियो (सोलुखुम्बु जिल्ला नेचा सल्यान गाउँपालिका वडा नं. ६) । यसले गर्दा यो मुद्दा आउँदा दिनमा अझ नजिकबाट अध्ययन/विश्लेषण गरिनु पर्ने विषय भएको छ ।

**चित्र नं. ८**

दलित महिला सदस्यको खाली सङ्ख्या



जिल्लागत रूपमा दलित महिलाका लागि आरक्षण गरिएको स्थान रिक्त भएको अवस्थालाई विभिन्न कोणबाट हेर्न र विश्लेषण गर्न सकिन्छ । यसरी विश्लेषण गर्दा कम्तीमा तीन वटा सङ्केत प्राप्त हुन्छन् । निर्वाचनमा हिमाली जिल्लामा सबैभन्दा बढी सङ्ख्यामा निर्वाचित हुनु पर्ने स्थान खाली रहेका छन् । स्थानीय तह निर्वाचनको एक चरणबाट अर्को चरणमा प्रवेश गर्दा खाली भएका स्थानको सङ्ख्या र मात्रा कम हुँदै गएको देखिन्छ । त्यस्तै ग्रामीण क्षेत्रभन्दा सहरी क्षेत्रमा राम्रो अवस्था रह्यो भन्दाभन्दै पनि काठमाडौं उपत्यकामा नै आश्चर्यजनक रूपमा दलित महिलाका लागि आरक्षित स्थान ठुलो मात्रामा रिक्त रहन गएको पाइएको छ । निर्वाचनको पहिलो चरणमा दलित महिलाका लागि आरक्षण गरिएका १४३ स्थान खाली रहे । स्थानीय तहको तेस्रो तहको निर्वाचनमा प्रदेश नं. २ का महोत्तरी वाहेका अन्य ७ जिल्ला का ९ वटा दलित महिलाका लागि आरक्षण गरिएका स्थान मात्र खाली रहेका छन् । दोस्रो चरणमा दलित महिलाका लागि आरक्षण गरिएका थप २४ वटा स्थान खाली रहे । यसै तथ्यले स्थानीय तह निर्वाचनको एक चरणबाट अर्को चरणमा प्रवेश गर्दा खाली रहन पुगेका स्थानको सङ्ख्या र मात्रा कम हुँदै गएको कुराको पुष्टि हुन्छ ।

समग्रमा मुलुकभर दलित महिला वडा सदस्यका लागि आरक्षण गरिएका १७६ स्थान खाली रहन पुगे । तर पनि दलित महिला प्रतिनिधित्वको समावेशीकरणमा चरणगत रूपमा सुधार भएको यथार्थ वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनको तथ्याङ्कले पनि सङ्केत गरेको छ । दलित समुदायका लागि भनेर काम गर्दै आएका राजनीतिक दल सम्बद्ध तथा अन्य गैर सरकारी सङ्घ संस्थाका भनाइ अनुसार निर्वाचन सम्बन्धी विभिन्न सचेतना अभियान तथा उनीहरूले गरेका बहस पैरवीले स्थानीय तह निर्वाचनको पहिलो चरणमाभन्दा दोस्रो चरणमा रिक्त पदको सङ्ख्या कम हुन मद्दत पुगेको हो । यही कारणले गर्दा नै स्थानीय तह निर्वाचनको तेस्रो चरणमा त रिक्त स्थानको सङ्ख्या निकै कमको स्थितिमा पुग्न गएको हो । जुन कुरा निर्वाचनका हिसाबले सुखद पक्ष हो ।

यस स्थितिमा निर्वाचन परिणामबाट प्राप्त तथ्याङ्क केलाउँदा पहाडी क्षेत्रभन्दा हिमाली क्षेत्रमा दलित महिलाका स्थान सबैभन्दा बढी रिक्त रहेको भेटिन्छ । यी तथ्याङ्क केलाउने क्रममा डोल्पामा सबैभन्दा बढी स्थान रिक्त भएको देखिन्छ । डोल्पामा रहेका स्थानीय निकायका ६५ वडामध्ये ३० स्थानमा दलित महिलाका लागि आरक्षित स्थान खाली रहेका थिए । प्रतिशतका हिसाबले यो ४६ प्रतिशत भन्दा अझ केही माथि नै देखिन्छ । जिल्ला निर्वाचन कार्यालयका सम्बद्ध कर्मचारीसँगको कुराकानीका क्रममा उहाँहरूले के कुरा प्रस्ट पार्नु भयो भने शेर्पा समुदायको बाहुल्य रहेको हिमाली जिल्ला डोल्पामा त्यस्तो आरक्षण गरिएको स्थानमा प्रतिस्पर्धा गर्न पाउने हक भएका दलित समुदायको उपस्थिति नै छैन । यसै गरी अर्को हिमाली जिल्ला मनाङ पनि दलित समुदायका लागि आरक्षण गरिएको स्थान धेरै रिक्त रहन गएको जिल्लामध्ये एक हो । यो जिल्ला डोल्पा पछिको दोस्रो क्रममा पर्छ । यस जिल्लाका स्थानीय निकायमा रहेका २८ वटा वडामध्ये १७ स्थानमा दलित महिलाका लागि आरक्षण गरिएका पद रिक्त रहेका छन् । प्रतिशतका हिसाबले यो हिस्सा झन्डै ६१ प्रतिशत हुन आउँछ । रिक्त स्थानको विश्लेषणका लागि यहाँनिर एउटा ध्यान दिनु पर्ने कुरा के देखिन

आएको छ भने रिक्त रहेका स्थान सङ्ख्याका हिसाबले डोल्पा पहिलो नम्बरमा पर्छ भने प्रतिशतका हिसाबले मनाङ पहिलो नम्बरमा परेको स्थिति छ ।

त्यसैले नेपालका केही स्थानीय तहका निर्वाचन गर्ने भूगोलमा सामान्यतया दलित समुदायको जनसाङ्ख्यिक उपस्थिति नै नरहेको अवस्थाले ती स्थानमा उनीहरूका लागि आरक्षण गरिएको स्थान रिक्त रहने अवस्था सिर्जना हुन गएको देखियो । यस किसिमको अवस्थामा त्यस्ता रिक्त स्थानमा गैर दलित महिलालाई निर्वाचित गरी ल्याउनका लागि अनुमति दिइनु पर्ने विचार पनि व्यक्त गरिएका छन् । फेरि कतिपयले दलित समुदायको प्रतिनिधित्व वृद्धिका लागि व्यवस्था गरिएको आरक्षित स्थानको छुट्टै किसिमको आफ्नै महत्व भएको अवस्थामा **केही स्थानमा विविध कारणले खाली रहन गएकोमा दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न गरिएको यो प्रावधानको विकल्पमा अन्य किसिमको अपवादयुक्त व्यवस्थालाई प्रयोग गरिँदा दलित समुदायको प्रतिनिधित्वको लागि गरिएको व्यवस्थालाई नै कमजोर पार्न सक्ने भएकोले यस्तो किसिमको अपवादयुक्त व्यवस्थालाई प्रयोग गरिनु हुँदैन भन्ने तर्क पनि दिएका छन् ।**

हिमाली जिल्लापछि पहाडी जिल्लामध्ये ललितपुरमा दलित महिलाका लागि आरक्षण गरिएको स्थान सबैभन्दा बढी रिक्त रहन गएका छन् । यस जिल्लामा रहेका ७१ वडाका १२ स्थान रिक्त रहे जुन करिब १७ प्रतिशत हुन आउँछ । यसपछि सबैभन्दा बढी दलित महिलाका लागि आरक्षित स्थान रिक्त हुने जिल्लामा उपत्यकाकै भक्तपुर जिल्ला पर्छ जहाँ ३९ वटा वडाका ९ स्थान रिक्त छन् जुन २३ प्रतिशत हुन आउँछ ।

काठमाडौँ उपत्यकाकै जिल्लामा यसरी पद रिक्त रहन गएका विषयमा ललितपुर महानगरपालिकाका वडा अध्यक्षहरुसँग जिज्ञासा राख्दा दलित महिलाका लागि आरक्षण गरिएको स्थान रिक्त रहनुको मुख्य कारणमा सामाजिक-सांस्कृतिक पक्षको भूमिका पहिलो रहेको बताएका छन् । यहाँका दलित समुदाय आफूलाई जनजातिका रूपमा प्रस्तुत गर्न रुचाउँछन् किनकि यसले सामाजिक अपहेलनाबाट बच्न सघाउ पुग्न सक्ने उनीहरूको आशय बुझिन्छ । यता, भक्तपुर नगरपालिकाको १० वटा वडामा दलित महिलाका जम्मा चार वटा स्थान मात्र पूर्ति भएका छन् । यहाँको अवस्थालाई हेर्दा ४० प्रतिशत पूर्ति र ६० प्रतिशत पद रिक्तको अवस्था रहेको देखिन्छ । यसको कारणमा निर्वाचनमा हुने उम्मेदवारीमा यस समुदायको सहभागीता नभएको देखिन्छ । दलित महिलाका लागि आरक्षित स्थानमा दलित समुदायका सदस्यले नै प्रतिस्पर्धा गरेनन् । उनीहरूले पनि आफूलाई जनजातिका रूपमा चिनाउन रुचाए । यसो हुनुको कारण दलित महिलाका लागि आरक्षित स्थानबाट प्रतिस्पर्धा गर्नेलाई उनीहरूको आफ्नै समुदायले पनि निर्वाचनमा उम्मेदवारी नदिन दबाब दिएको पनि पाइयो ।

काठमाडौँ उपत्यकामा नै दलित महिलाका स्थान रिक्त रहेको तथ्यले अर्को दुई वटा यथार्थमाथि पनि सङ्केत गरेको छ । **पहिलो - सामाजिक विभेदका कारण सकारात्मक पहलका अवसरलाई उपयोग गर्न पनि केही व्यक्ति तथा समुदाय तयार छैनन् । दोस्रो - राजनीतिक**

**दलका नेता तथा कार्यकर्ता पनि उनीहरूलाई यथार्थ बुझाएर निर्वाचनमा भाग लिन लगाउने वातावरण निर्माण गर्न असमर्थ देखिएका छन् ।**

तराईका जिल्लामा दलित महिलाका लागि आरक्षित स्थान मध्ये ९ स्थान खालि भएको छ । यसो हुनुमा राजनीतिक दल तथा सञ्चार माध्यमद्वारा सञ्चालित सचेतना अभियानका कारण चेतना अभिवृद्धि हुन गई यस किसिमको सहभागीता अभिवृद्धिमा सहयोग पुगेको पाइएको छ । पहाडी जिल्लाका दलित समुदायका मानसिकता विपरीत प्रदेश नं. २ र तराई जिल्लाका कतिपय दलित समुदायले दलित महिलाका लागि व्यवस्था गरिएको आरक्षणलाई उनीहरूको समुदायलाई माथि उठाउन राज्यद्वारा उपलब्ध गराइएको सुविधा तथा अवसरका रूपमा आत्मसात् गरेका थिए ।

स्थानीय तहको वडा सदस्यको पदमा दलित समुदायको प्रतिनिधित्व उत्साहजनक देखिएको छ । दलित महिलाका लागि आरक्षण गरिएको स्थानभन्दा बाहेकका अन्य स्थानमा भने उनीहरूको प्रतिनिधित्व मुस्किलले मात्रै भएको देखिन्छ । कतिपय दलित समुदायका पुरुषबाट प्राप्त जानकारीलाई आधार मान्ने हो भने दलित महिलाको प्रतिनिधित्वलाई देखाउँदै दलित पुरुषको प्रतिनिधित्वलाई निस्तेज पार्न खोजिएको अवस्था छ । यस्ता विषय दलित पुरुषका लागि स्वीकार्य छैन भन्ने अभिव्यक्ति समेत दिएको पाइएको छ ।

स्थानीय तह निर्वाचनमा दलित समुदायका लागि सदस्य पदमा दलित महिलालाई सिट आरक्षण गरिएकोले यसले नै सबै दलित समुदायलाई समेट्दछ भन्ने आशय रहेको पाइन्छ किनकि आरक्षित स्थान भन्दा बाहेक अन्य स्थानमा दलित समुदायको प्रतिनिधित्व निकै कम रहेको छ । यस तथ्यका कारण स्थानीय तहमा प्रायः सबै दलित समुदायको प्रतिनिधित्व महिलाबाट भएको छ । यसले पुरुष दलितको अवस्थामा अवश्य नै गिरावट ल्याएको छ । दलित समुदायमा यसको दीर्घकालीन प्रभाव कस्तो रूपमा देखिँदै जाने हो भन्ने विषयचाहिँ अझै यसै हुन्छ भनेर भन्न सकिने अवस्थामा छैन । यो एक थप अध्ययनको विषयको रूपमा रहेको छ ।

दलित समुदायसँग सम्बन्धित विषयमा केन्द्रित रहेर वि. सं. २०७४ सालको निर्वाचनका विविध विषयमा दलित समुदाय आबद्ध सङ्घ संस्था तथा निर्वाचनमा भाग लिएका व्यक्तिहरूसँग पनि प्रतिवेदन तयारीको क्रममा अन्तर्वार्ता तथा लक्षित समूह छलफल गरिएको थियो । अन्तर्वार्ताका क्रममा निर्वाचनमा दलित समुदायको उपस्थितिले सामाजिक रूपमा सकारात्मक प्रभाव पारेको, समाजले अपेक्षा नगरेको सफलता दलित समुदायहरूले प्राप्त गरी दलित समूहलाई ठुलो सहयोग पुगेको जस्ता भनाइ उनीहरूमा पाइयो । अझ यसभन्दा पनि बढी दलित समुदाय सम्बद्ध कानुनी प्रावधान र निर्वाचनद्वारा भएको दलित समुदायको उपस्थितिले समाजमा समान नागरिक भएको महसुस दलित समुदायले गरेको, यसअघि रहेको दलित समुदायको विभेदको अवस्थामा सुधार आई सामाजिक स्वीकार्यताको स्थितिमा अभिवृद्धि हुनु यसको महत्वपूर्ण उपलब्धि भएको उनीहरूको ठहर थियो । निर्वाचनमा आरक्षणका माध्यमबाट दलित समुदायहरूबिच मात्र प्रतिस्पर्धा गराउन र दलित समुदायभित्रको विविधतालाई सम्बोधन गर्न सकिए परिस्थिति अझै सकारात्मक हुने धारणा

पनि कतिपयले व्यक्त गरे । समग्रमा अवसर पाएमा दलित समुदायका व्यक्तिले पनि आफ्नो क्षमता विकास गरी समाजमा बोल्न गर्न सक्ने हिम्मत उनीहरूमा रहेको पाइयो ।

## ५.३ प्रदेश सभामा दलित समुदायवाट प्रतिनिधित्व

संविधानले प्रदेश सभा एक सदनात्मक हुने व्यवस्था गरेको छ । यस सभामा प्रतिनिधि सभामा जस्तै यसका बहुसङ्ख्यक सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । प्रदेश सभाका कुल सदस्य मध्ये ६० प्रतिशत पहिलो हुने निर्वाचित हुने र बाँकी ४० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । प्रतिनिधि सभामा जस्तै समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित गरिने स्थानका लागि वि. सं. २०६८ सालको जनगणनाका आधारमा कानुनतः निर्धारण गरिएको ६ वटा समूहमा तोकिएको प्रतिशतको अनुपातमा सदस्य निर्वाचन गर्नु पर्ने व्यवस्थालाई अनुसरण गर्नुपर्छ ।

**तालिका नं. ९**

प्रदेश सभामा दलित समुदायको प्रतिनिधित्व

| | | | प्रदेश सभामा स्थान | | | |
|---|---|---|---|---|---|---|
| समूह | प्रदेश | प्रतिनिधित्वको % (कानुनी व्यवस्था) | पहिलो हुने निर्वाचित हुने | समानुपातिक प्रतिनिधित्व | जम्मा | % |
| दलित | १ | १०.६० % | ० | ३ | ३ | ३ % |
| अन्य | | ८९.४० % | ५६ | ३४ | ९० | ९७ % |
| जम्मा | | १००.०० % | ५६ | ३७ | ९३ | १०० % |
| दलित | २ | १७.२९ % | १ | ६ | ७ | ६ % |
| अन्य | | ७९.७१ % | ६३ | ३७ | १०० | ९४ % |
| जम्मा | | १००.०० % | ६४ | ४३ | १०७ | १०० % |
| दलित | ३ | ५.८४ % | ० | २ | २ | २ % |
| अन्य | | ९४.१६ % | ६६ | ४२ | १०८ | ९८ % |
| जम्मा | | १००.०० % | ६६ | ४४ | ११० | १०० % |
| दलित | ४ | १७.४४ % | ० | ५ | ५ | ८ % |
| अन्य | | ८२.५६ % | ३६ | १९ | ५५ | ९२ % |
| जम्मा | | १००.०० % | ३६ | २४ | ६० | १०० % |

| | | | प्रदेश सभामा स्थान | | | |
|---|---|---|---|---|---|---|
| समूह | प्रदेश | प्रतिनिधित्वको % (कानुनी व्यवस्था) | पहिलो हुने निर्वाचित हुने | समानुपातिक प्रतिनिधित्व | जम्मा | % |
| दलित | ५ | १५.११ % | ० | ५ | ५ | ६ % |
| अन्य | | ८४.८९ % | ५२ | ३१ | ८३ | ९४ % |
| जम्मा | | १००.०० % | ५२ | ३६ | ८८ | १०० % |
| दलित | ६ | २३.२५ % | २ | ३ | ५ | १३ % |
| अन्य | | ७६.७५ % | २२ | १३ | ३५ | ८७ % |
| जम्मा | | १००.०० % | २४ | १६ | ४० | १०० % |
| दलित | ७ | १७.२९ % | १ | ५ | ६ | १२ % |
| अन्य | | ८२.७१ % | ३१ | १५ | ४६ | ८८ % |
| जम्मा | | १००.०० % | ३२ | २० | ५२ | १०० % |
| दलित | सबै | १३.८० % | ४ | २९ | ३३ | ६ % |
| अन्य | | ८६.२० % | ३२६ | १९१ | ५१७ | ९४ % |
| जम्मा | | १००.०० % | ३३० | २२० | ५५० | १०० % |

सात वटा प्रदेश सभालाई समष्टिगत रूपमा हेर्दा त्यसका कुल ५५० सदस्यमध्ये ३३ जना दलित सदस्यको प्रतिनिधित्व छ जुन  कुल सदस्य सङ्ख्याको ६ प्रतिशत हो । यस सभामा रहेका ३३ जना दलित सदस्यमध्ये चार जना बाहेकका सबै सदस्य आरक्षित कोटामा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुने व्यवस्थाबाट निर्वाचित भई आएका छन् ।

## ५.४ सङ्घीय संसदमा दलित समुदायबाट प्रतिनिधित्व

तल प्रस्तुत तालिकामा, सङ्घीय संसद्को पूर्ण स्वरूपका साथै यसका विभाजित अङ्गहरू प्रतिनिधि सभा र राष्ट्रिय सभामा दलित समुदायद्वारा निर्वाचनमा हासिल गरिएका स्थानको अनुपातलाई देखाइएको छ । यसमा निर्वाचन प्रणाली तथा निर्वाचन सञ्चालन गरिएका प्रदेशका आधारमा निर्वाचित नतिजा बारे जानकारी प्रस्तुत गरिएको छ। समष्टिगत तथ्याङ्क अनुसार सङ्घीय संसद्का निर्वाचित ३३४ सदस्य मध्ये २६ जना दलित समुदाय छन् जुन कुल सदस्य सङ्ख्याको ८ प्रतिशत हुन आउँछ ।

**तालिका नं. १०**

सङ्घीय व्यवस्थापिकामा दलित समुदायको प्रतिनिधित्व

| समूह | प्रतिनिधित्व को % (कानुनी व्यवस्था) | प्रतिनिधि सभा | | राष्ट्रिय सभा | | सङ्घीय संसद् | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो हुने निर्वाचित हुने | समानुपातिक प्रतिनिधित्व | सात प्रदेश | राष्ट्रपति | सङ्ख्या | प्रतिशत |
| दलित | १३.८० % | ३ | १६ | ७ | ० | २६ | ८ % |
| अन्य | ८६.२० % | १६२ | ९४ | ४९ | ३ | ३०८ | ९२ % |
| जम्मा | १००.०० % | १६५ | ११० | ५६ | ३ | ३३४ | १०० % |

**चित्र नं. ९**

समुदायको आधारमा कोटा र सङ्घीय संसदमा प्रतिनिधीत्व (%)




सङ्घीय संसद्को ५९ सदस्य रहेको राष्ट्रिय सभामा भने यो अवस्था ठीक उल्टो छ। यसमा सात जना सदस्य दलित छन् जुन कुल सङ्ख्याको १२ प्रतिशत हुन्छ। यो प्रतिशत जनसङ्ख्या अनुसार उनीहरूको हुनु पर्ने प्रतिनिधित्वको नजिक छ। यहाँ दलित समुदायको सङ्ख्या १९ रहेको छ जुन कुल सङ्ख्याको ७ प्रतिशत हुन्छ। यस किसिमको उपस्थितिले यो सङ्ख्या सङ्घीय संसद्मा उनीहरूको हुनु पर्ने प्रतिनिधित्वको निकट पुगेको छ।

**चित्र नं. १०**

राष्ट्रिय सभामा विभिन्न जातजातिहरुको प्रतिनिधित्व




| | आदिवासी जनजाति | दलित | खस आर्य | मधेसी | थारु |
|---|---|---|---|---|---|
| पुरुष | ५ | ७ | २१ | ३ | १ |
| महिला | ५ | ० | १५ | २ | ० |

यस समूहबाट प्रतिनिधि निर्वाचित गर्नका लागि अपनाइएका उपायका बारे पनि केही दृष्टि दिनु सान्दर्भिक हुने छ। सरकारको सिफारिशमा राष्ट्रपतिबाट राष्ट्रिय सभाका लागि मनोनीत गरिएका तीन जना सदस्यमा दलित छैनन्। त्यसैले सबै दलित सदस्य सात प्रदेशमा भएको अप्रत्यक्ष निर्वाचनका माध्यमबाट निर्वाचित भएका हुन् । प्रत्येक प्रदेशले ८ जना सदस्य निर्वाचित गर्छ जसमध्ये एक एक स्थान दलित सदस्यका लागि आरक्षित गरिएको हुन्छ । त्यसैले प्रदेश सभाका सबै दलित सदस्य प्रत्येक प्रदेशबाट एक जनाका दरले आरक्षित स्थानका माध्यमबाट निर्वाचित भएका हुन् ।

यस्तै समान किसिमको प्रवृत्ति प्रतिनिधि सभामा पनि देख्न सकिन्छ । कानुन अनुसार समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका ११० स्थानका सन्दर्भमा प्रत्येक दलका निर्वाचित उम्मेदवारले माथि उल्लेख गरिएका प्रतिशतलाई प्रतिविम्बन गर्नुपर्छ। निर्वाचन आयोगले यस प्रावधानलाई कडाइका साथ र सफलतापूर्वक कार्यान्वयन गरेको थियो । राष्ट्रव्यापी समानुपातिक प्रतिनिधित्व अन्तर्गतका स्थानको हिस्सा र विभिन्न दलद्वारा विजय हासिल गरिएका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका स्थानको हिस्साबिच निकै ठुलो भिन्नता छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत ३ वटा स्थानमा दलित समुदायबाट निर्वाचित भएका थिए जुन कुल सङ्ख्याको २ प्रतिशत हो । दलित निर्वाचित भएका स्थान तथा जनसङ्ख्या अनुसार उनीहरूले पाउने हिस्साबिच प्रादेशिक स्तरमा वा जिल्ला स्तरमा कुनै सशक्त सम्बन्ध छैन ।

सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने २६ जना दलित सदस्यमध्ये तीन जना बाहेक सबै जना कि राष्ट्रिय सभामा आरक्षित स्थानबाट निर्वाचित भएका थिए, कि त प्रतिनिधि सभामा समानुपातिक प्रतिनिधित्वको स्थानका लागि गरिएका आरक्षणका माध्यमबाट । त्यसैले

सङ्घीय तहमा **दलित समुदायको प्रतिनिधित्व आरक्षणबाट प्राप्त भएको कोटामा बढी मात्रामा निर्भर रहेका छन् तर ती प्रयासका बावजुद पनि उनीहरूको प्रतिनिधित्व उनीहरूको जनसङ्ख्या अनुसार पाउनु पर्ने हिस्साको तुलनामा निकै कम रहेको छ।**

स्थानीय तह निर्वाचनमा दलित समुदाय प्रतिनिधित्व प्रदेश सभा तथा प्रतिनिधि सभाका लागि ती दुई वटा समूहको पहिलो हुने निर्वाचन हुने दौडसँग निकै मिल्दोजुल्दो रहेको छ। दलित समुदायहरू ती पदका दुई प्रतिशतमा मात्रै निर्वाचित भएका थिए र उनीहरूले स्थानीय तहका प्रमुखको पदभन्दा उपप्रमुखको पदका लागि भएको प्रतिस्पर्धामा राम्रो (तीन प्रतिशत विरुद्ध दुई प्रतिशत) गरेका थिए। निर्वाचनमा उनीहरूको प्रतिस्पर्धा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा केही राम्रो देखिएको थियो।

# परिच्छेद ६

## विभिन्न तहमा निर्वाचित अपाङ्ग व्यक्तिहरु

# परिच्छेद ६

## विभिन्न तहमा निर्वाचित अपाङ्ग व्यक्तिहरू

## ६.१ अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा प्रतिनिधित्व

यस प्रतिवेदनले विश्लेषण गर्न खोजेको एउटा समूह अपाङ्गता भएका व्यक्तिको समूह हो । तथापि, यस समूहसँग सम्बन्धित तथ्याङ्क प्राप्त गर्ने कार्य निकै कठिन रह्यो । प्रतिनिधि सभा तथा प्रदेश सभाका सन्दर्भमा राजनीतिक दलले उम्मेदवार उठाउँदा अपाङ्गता भएका व्यक्तिलाई पनि अवसर प्रदान गर्नु पर्ने आवश्यकता नेपालको संवैधानिक व्यवस्थाले नै सिर्जना गरेको छ । यसलाई कार्यान्वयन गर्नका लागि निर्वाचन आयोगले राजनीतिक दलहरूलाई उनीहरूल उम्मेदवारको सूची पेश गर्दा नै अपाङ्गता भएका व्यक्तिलाई सम्बोधन गर्न अनुरोध गरेको थियो । यसै गरी कम्तीमा एक जना अपाङ्गता भएका व्यक्तिलाई समावेश नगरिएको सूचीलाई आयोगले अस्वीकार गरेको थियो । यद्यपि, राजनीतिक दललाई उनीहरूले विजय प्राप्त गरेका स्थानमा अपाङ्गता भएका व्यक्तिलाई पठाउनका लागि बाध्यात्मक र पर्याप्त कानुनी आधार भएको अनुभूति निर्वाचन आयोग नेपालले गरेन । राष्ट्रिय सभाको सन्दर्भमा प्रत्येक प्रदेशले अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट कम्तीमा एक जना सदस्य निर्वाचक मण्डलले निर्वाचन गर्नु पर्ने संवैधानिक व्यवस्थाले नै सिर्जना गरेको थियो । यस अर्थमा ५९ सदस्यीय माथिल्लो सदनमा ती दुई समूहमध्येबाट कम्तीमा ७ जना सदस्य अनिवार्य रूपमा हुनु पर्ने आवश्यकतालाई पूर्ति गरेको छ ।

> संयुक्त राष्ट्र सङ्घद्वारा अनुमोदित पहिलो कानुनी रूपमा वाध्यकारी अपाङ्गतामा केन्द्रित मानव अधिकार महासन्धि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि - २००६ ले अपाङ्गता बारे दुई वटा विवरण दिएको छ । यसले उल्लेख गरेको छ - "विभिन्न अवरोधसँगको अन्तरक्रियाका क्रममा कुनै व्यक्तिसँग भएका दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी कमजोरीका कारण उनीहरूलाई समाजका अन्य व्यक्ति सरह समाजमा पूर्ण तथा प्रभावकारी सहभागिता जनाउनमा व्यवधान सिर्जना हुन्छ भने त्यस्ता व्यक्तिहरू अपाङ्गता भएका व्यक्तिमा पर्छन् ।" यी दुवै अभिव्यक्तिले अपाङ्गता चिकित्सकीय मोडेलबाट सामाजिक मोडेलमा प्रवेश गरेको प्रतिविम्बित हुन्छ ।

वि. सं. २०६८ सालमा लिइएको राष्ट्रिय जनगणनाका अनुसार नेपालको कुल जनसङ्ख्यामध्ये करिब दुई प्रतिशतमा एक वा एकभन्दा बढी अपाङ्गता भएको व्यक्ति रहेको तथ्य सार्वजनिक भएको छ । नेपालको जनसङ्ख्याका हिसाबमा यस प्रतिशतले पाँच लाखभन्दा बढी मानिसको प्रतिनिधित्व गर्दछ । अपाङ्गता भएका व्यक्तिसँगका कुराकानीमा

जनगणनाका समयमा उनीहरूको वास्तविक तथ्याङ्क सङ्कलन हुन सकेको छैन । त्यसैले वि. सं. २०६८ सालको जनगणनाले देखाएको आँकडाभन्दा अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या अझै बढी छ । तर अपाङ्गताका सम्बन्धमा अर्को एउटा यथार्थ के हो भने अपाङ्गताका समूहमा समेटिन सक्ने सबै व्यक्ति दलित समुदायका झैँ आफ्नो पहिचानलाई सजिलैसँग सार्वजनिक गर्न रुचाउँदैनन् । यो उनीहरू बिचको तीतो यथार्थ हो ।

**तालिका नं. ११**

राष्ट्रिय जनगणना २०६८ सालको जनगणनाको आधारमा नेपालमा अपाङ्गताको स्थिति

| | |
|---|---|
| जम्मा | १.९४% |
| पुरुष | २.१८ % |
| महिला | १.७१ % |
| | |
| सहरी | १.२१ % |
| पुरुष | १.३० % |
| महिला | १.१२ % |
| | |
| ग्रामीण | २.०९ % |
| पुरुष | २.३७ % |
| महिला | १.८२ % |

व्यक्तिमा अपाङ्गता विभिन्न स्वरूपमा हुने गर्छन् । वि. सं २०६८ सालमा लिइएको राष्ट्रिय जनगणनाले शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता, सुनाई सम्बन्धी अपाङ्गता, दृष्टि तथा सुनाईसम्बन्धी अपाङ्गता, स्वरवोलाई सम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता तथा बहुअपाङ्गता गरी अपाङ्गताको वर्गीकरण आठ किसिममा गरेको छ। तर अहिले अटिज्म र अनुवंषिय रक्तश्राव सम्बन्धी अपाङ्गता (हेमोफीलिया समेत) थप गरी १० प्रकारका अपाङ्गता स्वीकार गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिका रूपमा अभिलेख गरिएका एक तिहाईभन्दा बढी व्यक्तिमा शारीरिक अपाङ्गता सम्बन्धी समस्या रहेको छ भने २० प्रतिशतभन्दा केही कममा  दृष्टि सम्बन्धी अपाङ्गता छ । यसै गरी अपाङ्गता भएका व्यक्तिमध्ये १० प्रतिशतभन्दा बढीमा सुनाई तथा बोली सम्बन्धी अपाङ्गता भएको पाइएको छ ।

**तालिका नं. १२**

अपाङ्गता भएका व्यक्तिहरूको विभिन्न किसिम

| **कुल जनसङ्ख्या - २,६४,९४,५०४** | |
|---|---|
| **अपाङ्गताको किसिम** | **% मा** |
| १. शारीरिक अपाङ्गता | ३६.३३ |
| २. दृष्टि सम्बन्धी अपाङ्गता | १८.४६ |
| ३. सुनाई सम्बन्धी अपाङ्गता | १५.४५ |
| ४. दृष्टि तथा सुनाई सम्बन्धी अपाङ्गता | १.८४ |
| ५. स्वर बोलाई सम्बन्धी अपाङ्गता | ११.४७ |
| ६. मनोसामाजिक अपाङ्गता | ६.०३ |
| ७. बौद्धिक अपाङ्गता | २.९ |
| ८. बहुअपाङ्गता | ७.५२ |
| **जम्मा** | **१००** |

*स्रोतः राष्ट्रिय जनगणना - वि. सं. २०६८ सालमा आधारित*

## ६.१.१ स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व

स्थानीय तहका निर्वाचनमा अपाङ्गता सम्बन्धी आवश्यक तथ्याङ्क प्राप्त गर्न निकै कठिन स्थिति देखा पऱ्यो । राष्ट्रिय बहिरा महासङ्घ नेपालबाट प्राप्त तथ्याङ्क अनुसार स्थानीय तहको निर्वाचनमा जम्मा ४ जना मात्र अपाङ्गता भएका व्यक्ति निर्वाचित भएका थिए । स्थानीय तह निर्वाचनमा निर्वाचित त्यत्रो ठुलो सङ्ख्याका प्रतिनिधिमा ४ जना मात्र अपाङ्गता भएका व्यक्ति निर्वाचित भएका छन् भन्ने जानकारीले यसको स्रोतमा नै बाध्यतावश आशङ्का गर्नु पर्ने स्थिति रह्यो । निर्वाचित ४ मध्ये शारीरिक अपाङ्गता भएका बिमला थापा मगर देवघाट गाउँपालिका चितवनको उपाध्यक्ष पदमा निर्वाचित भएकी थिइन् । यसदेखि बाहेक अरू २ जना महिला अपाङ्गता भएका महिला वडा सदस्य र १ जना महिला दलित वडा सदस्यका लागि आरक्षण गरिएका स्थानमा निर्वाचित भएका थिए ।

**तालिका नं. १३**

स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व

| क्र.स. | नाम | स्थानीय एकाइ/तह | पद | अपाङ्गताको किसिम |
|---|---|---|---|---|
| १ | बिमला थापा मगर | देवघाट - चितवन | उपाध्यक्ष | शारीरिक अपाङ्गता - गोडा |
| २ | रूपा थापा | विदुर नगरपालिका - नुवाकोट | महिला वडा सदस्य | शारीरिक अपाङ्गता - गोडा |
| ३ | गोरी दर्जी | बेनी नगरपालिका, वडा नं. ७, म्याग्दी | दलित महिला वडा सदस्य | शारीरिक अपाङ्गता - गोडा |
| ४ | गौमती चापागाईं | मालिका गाउँपालिका, म्याग्दी | महिला वडा सदस्य | शारीरिक अपाङ्गता - गोडा |

*स्रोतः राष्ट्रिय बहिरा महासङ्घ नेपाल ।*

निर्वाचनमा अपाङ्गता भएका व्यक्तिको सहभागीता र उपस्थितिका सम्बन्धमा अपाङ्ता भएका व्यक्ति सम्बद्ध सङ्घ संस्थाका केही व्यक्तिसँग अन्तर्वार्ता लिइँदा उनीहरू त्यति धेरै सकारात्मक भएको अवस्था भेटिएन । अपाङ्ता भएका व्यक्तिको सङ्ख्या बढ्नुमा जनआन्दोलनमा सहभागीताको स्थिति प्रमुख रहेको उनीहरूको धारणा छ । अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा कोही पनि सकारात्मक रूपमा प्रस्तुत हुन नसकेका, आफ्नै घर परिवारका व्यक्तिले पनि उनीहरूको अवस्थाको विषयमा खुल्न चाहने स्थिति नरहेको, सामान्य अपाङ्गता भएका व्यक्तिले गम्भीर प्रकृतिका वा अपाङ्गता भएको अधिकारलाई कुण्ठित गरेको, कानुनी व्यवस्थाको परिपालनामा पनि करकाप गर्नु पर्ने स्थिति रहेको, अपाङ्गता सम्बन्धी कानुन निर्माणका क्रममा उनीहरूलाई सहभागी नगराइएको, राज्यका प्रमुख पदमा अपाङ्ता भएका व्यक्तिलाई अवसर नदिइएको र स्थानीय तहमा नै अपाङ्गता भएका व्यक्तिको जग बलियो हुन नसकेको उनीहरूको आरोप तथा ठम्याइ छ । अपाङ्गता भएका व्यक्तिका पक्षमा बोल्दै उनीहरूका लागि नेतृत्व सिप बढाउन क्षमता अभिवृद्धिका कार्यक्रम ल्याइनु पर्ने, राजनीतिक दलसँग आबद्धता हुनु पर्ने, अपाङ्गता भएका व्यक्ति सम्बद्ध कानुन निर्माणका समयमा अपाङ्गता भएका व्यक्ति वा संस्थाको सहभागीता जुटाइनु पर्ने सुझाव पनि उनीहरूको छ ।

## ६.१.२ प्रदेश सभामा अपाङ्गता भएका व्यक्ति

**तालिका नं. १४**

प्रदेश सभामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व

| क्र.स. | नाम | लिङ्ग | प्रतिनिधित्व गरिरहेको क्षेत्र | अपाङ्गताको किसिम |
|---|---|---|---|---|
| १ | भीमसेन खत्री | पुरुष | प्रदेश नं. २ | शारीरिक अपाङ्गता - गोडा |
| २ | शोभा लामा | महिला | प्रदेश नं. २ | शारीरिक अपाङ्गता - गोडा |
| ३ | कुमारी नन्दा बम | महिला | प्रदेश नं. ७ | शारीरिक अपाङ्गता - गोडा |

*स्रोत : राष्ट्रिय बहिरा महासङ्घ नेपाल*

फेरि पनि, प्रदेश सभाहरूको अवस्था प्रतिनिधि सभाको जस्तै नै छ। प्रदेश सभामा अपाङ्गता भएका ३ जना व्यक्ति मात्र निर्वाचित भएका छन् जुन सङ्ख्या ७ वटा प्रदेशका ५५० सदस्यको एक प्रतिशतभन्दा पनि कम हुन आउँछ। तीमध्ये २ जना भने महिला सदस्य छन्। यी तीन जना सदस्यमध्ये दुई जना प्रदेश नं. २ कै मात्र छन्। अपाङ्गताको किसिम हेर्ने हो भने तीनै जना गोडासम्बन्धी शारीरिक अपाङ्गता भएका व्यक्ति हुन्।

## ६.१.३ सङ्घीय संसदमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व

राष्ट्रिय सभाको लागि छुट्टै संवैधानिक व्यवस्था भएका कारण त्यस सभामा अपाङ्गता भएका चार जना व्यक्ति निर्वाचित हुन सकेको देखिन्छ। ती सबै “अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक” का लागि छुट्टयाइएको आरक्षित स्थानबाट निर्वाचित भएका थिए। प्रतिनिधि सभामा अपाङ्गता भएका दुई जना व्यक्ति मात्र निर्वाचित भएका छन्। यसरी निर्वाचित हुने ती दुवै सदस्य समानुपातिक निर्वाचन प्रणाली मार्फत निर्वाचित भएका थिए। यसरी प्रतिनिधि सभा र राष्ट्रिय सभामा गरी नेपालको सङ्घीय संसद्मा कुल ६ जना अपाङ्गता भएका व्यक्तिको उपस्थिति हुन पुगेको छ। तर ती सबै ६ जना पुरुष हुन्। उनीहरूको उपस्थितिको यो सङ्ख्या सङ्घीय संसद्का कुल सदस्य सङ्ख्याको करिब दुई प्रतिशत हुन आउँछ। सङ्घीय संसद्को अलग अलग सभाको कुरा गर्ने हो भने उनीहरूको उपस्थितिको यो सङ्ख्या राष्ट्रिय सभामा झन्डै सात प्रतिशत छ भने प्रतिनिधि सभामा एक प्रतिशतभन्दा पनि कम रहेको देखिन्छ। यसरी अपाङ्गता भएका व्यक्तिका तर्फबाट प्रतिनिधित्व गर्ने सांसद्हरूको अपाङ्गताको किसिम हेर्ने हो भने कुल ६ जना सांसद्मध्ये ५ जनाको अपाङ्गता गोडासँग सम्बन्धित छ भने १ जनाको अपाङ्गता हात र आँखासँग सम्बन्धित रहेको देखिन्छ। तथापि, अपाङ्गता भएका व्यक्तिको सहभागीता तथा उपस्थिति विगतभन्दा हालको प्रतिनिधि सभामा केही राम्रो भने देखिएको छ।

**तालिका नं.१५**

राष्ट्रिय सभा र प्रतिनिधि सभामा अपाङ्गता भएका व्यक्ति (PWD) को प्रतिनिधित्व, २०७४

| क्र.स. | नाम | लिङ्ग | प्रतिनिधित्व गरिरहेको क्षेत्र | अपाङ्गताको किसिम |
|---|---|---|---|---|
| १ | प्रकाश पन्थ | पुरुष | प्रदेश नं. ४ | शारीरिक अपाङ्गता - गोडा |
| २ | राजकुमार कुँवर | पुरुष | प्रदेश नं. ५ | शारीरिक अपाङ्गता - गोडा |
| ३ | जीवन बुढा | पुरुष | प्रदेश नं. ६ | शारीरिक अपाङ्गता - गोडा |
| ४ | महेश कुमार महरा | पुरुष | प्रदेश नं. ७ | शारीरिक अपाङ्गता - हात र आँखा |
| ५ | चुडामणि खड्का | पुरुष | समानुपातिक प्रतिनिधित्व | शारीरिक अपाङ्गता - गोडा |
| ६ | कृष्ण सिंह राठोर | पुरुष | समानुपातिक प्रतिनिधित्व | शारीरिक अपाङ्गता - गोडा |

*स्रोत: निर्वाचन आयोग नेपाल र राष्ट्रिय बहिरा महासङ्घ, नेपाल*

वि. सं. **२०६४ साल**को संविधान सभामा सुनाई सम्बन्धी अपाङ्गता भएका राघव वीर जोशी र शारीरिक अपाङ्गता भएकी इन्द्र कुमारी गुरुङले अपाङ्गता भएका व्यक्तिको समुदायको प्रतिनिधित्व गरेका थिए । उनीहरू दुवै जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका थिए । श्री जोशी नेपाल कम्युनिष्ट पार्टी संयुक्त (नेकपा संयुक्त) को तर्फबाट निर्वाचित भएका थिए भने श्री गुरुङ नेपाल कम्युनिष्ट पार्टी माओवादीको तर्फबाट निर्वाचित भएकी थिइन् ।

वि. सं. २०७० सालको संविधान सभामा अपाङ्गता भएका व्यक्तिको सहभागीताका सन्दर्भमा कुरा गर्नु पर्दा संविधान सभा निर्वाचनमा अपाङ्गता भएका व्यक्ति राघव वीर जोशीले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचनमा प्रतिस्पर्धा गर्न उम्मेदवारी दिए पनि उनी यस प्रतिस्पर्धामा पराजित भए ।

अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको सम्बन्धमा लक्षित समूह छलफलका सहभागीहरूले राजनीतिक दलहरूले लिएको नीति भन्दा पनि व्यक्ति स्वयंम्को प्रयास र प्रभावका कारण मात्र उनीहरू निर्वाचित हुन गएको उल्लेख गरेकाछन् । साथै निर्वाचन अयोगले मतदाता नामावली सङ्कलन गर्ने क्रममा अपाङ्गताको विवरण समेत लिने गरेको तर अन्तिम मतदाता नामावलीमा अपाङ्गता भएका मतदाताको पहिचान हुन सक्ने गरी नामावली तयार नगरेको कारण अपाङ्गता भएका मतदाता के कति र के कस्ता प्रकारका रहेको भन्ने यकिन हुन नसकेको अवस्था रहेकोछ । अतः अपाङ्गताको पहिचान हुने गरी अन्तिम मतदाता नामावली तयार गर्नका लागि सुझाव प्राप्त भएको छ ।

# परिच्छेद ७

## निष्कर्ष तथा सुझाव

# परिच्छेद ७

## निष्कर्ष तथा सुझाव

### ७.१ निष्कर्ष

महिला तथा समावेशी समूहको विभिन्न तहमा निर्वाचित प्रतिनिधित्व कानुनी प्रावधानको कारणले मात्र भएको देखिन्छ । स्थानीय तहमा निर्वाचित हुने महिला तथा दलित महिलाको प्रतिनिधित्वमा उल्लेख्य वृद्धि हुनुमा कानुनी प्रावधानले नै महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । आरक्षण गरिएका स्थान र पदमा बाहेक अन्य पदमा महिलाको प्रतिनिधित्वको अवस्थामा विगत २० वर्षको अवधिमा उल्लेख्य परिवर्तन भएको छ भन्न सकिने स्थिति देखिएन ।

कानुनले प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्षमा एउटै राजनीतिक दलले उम्मेदवारी दिँदा एकजना महिला उम्मेदवार दिनु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । तर उम्मेदवारी दिने सवालमा अझ पनि राजनीतिक दलले पुरुषका पक्षमा मात्र हित हुने गरी निर्णय गर्ने गरेकाछन् । व्यवहारमा थप उम्मेदवारी दिने कुरा त परै जाओस् राजनीतिक दलले अधिकांश महिलालाई स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष पदको उम्मेदवारीमा मात्र सीमित गरेको अवस्था देखिन्छ । यसरी राजनीतिक दलले महिलालाई स्थानीय तहको प्रमुख र अध्यक्ष पदको उम्मेदवारीबाट नै वञ्चित गरेको पाइएको छ ।

राजनीतिक दलले ठूलो मात्रामा पुरुष उम्मेदवारलाई स्थानीय तहको प्रमुख/अध्यक्ष पदमा उम्मेदवारी दिनलगाएर महिलालाई उपप्रमुख/उपाध्यक्ष पदमा सीमित गरे पनि स्थानीय तहको न्यायिक कार्यको महत्वपूर्ण जिम्मेवारी लगायत अन्य स्थानीय समितिको जिम्मेवारीले महिलाको भूमिकालाई वृद्धि गरेको छ तर त्यस्तो भूमिका निर्वाह गर्नका लागि महिलालाई थप क्षमता विकासको कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिएको छ ।

स्थानीय तहमा निर्वाचन गर्नु पर्ने कुल ३५२२१ पदमध्ये विभिन्न पदमा निर्वाचित भएका सम्पूर्ण महिलाको समग्र आँकडा हेर्दा उनीहरूबाट निर्वाचित सङ्ख्या १४ हजार ३५३ अर्थात् ४०.७५ प्रतिशत रहेको छ । यो प्रतिशत वि सं. २०५४ सालको स्थानीय निकाय निर्वाचनको तुलनामा दोब्बर हो । यस किसिमको निर्वाचन परिणाम नेपालको निर्वाचनको इतिहासमा २०७४ को निर्वाचन महिलाका लागि एउटा ठुलो उपलब्धि सावित हुन पुगेको छ ।

संविधानद्वारा अनिवार्य गरिएको कम्तीमा एक तिहाई महिला सदस्य हुनु पर्ने व्यवस्थाको प्रत्याभूति कतिपय अवस्थामा हुन नसकेको देखिन्छ । विशेषतः प्रदेश सभाको हकमा कतिपय प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट पुरुष उम्मेदवार मात्र विजयी भएको र एक तिहाई महिला सदस्य निर्वाचनमा कठिनाइ देखिएको छ ।

महिलाहरूको न्यून उम्मेदवारी वा टिकट वितरणका सम्बन्धमा - अझ त्यसमा पनि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा महिलालाई उम्मेदवार बनाउने सम्बन्धमा, राजनीतिक दलहरू त्यतिविधि खुलेर आफ्नो धाराणा राख्ने चाहेको स्थिति देखिदैन ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा महिलाहरूको उम्मेदवारी न्यून देखिएको छ। यसको प्रमुख कारणको रूपमा उम्मेदवार भएर निर्वाचनमा प्रतिस्पर्धा गरी वित्तीय व्यवस्थापन गर्न कठिनाइ रहेको समेत पाइएकोछ।

दलित समुदायका लागि आरक्षित केही स्थान विविध कारणले खाली रहन गएकोमा दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न गरिएको यो प्रावधानको विकल्पमा अन्य किसिमको विकल्प प्रयोग गरिँदा दलित समुदायको प्रतिनिधित्वको लागि गरिएको व्यवस्थालाई नै कमजोर पार्न सक्ने भएकोले यस्तो किसिमको विकल्प प्रयोग गरिनु हुँदैन भन्ने तर्कहरू पनि पाइएको छ।

काठमाडौं उपत्यकामा नै दलित महिलाका स्थान रिक्त रहेको तथ्यले सामाजिक विभेदका कारण सकारात्मक पहलका अवसरलाई उपयोग गर्न पनि केही व्यक्ति तथा समुदाय तयार छैनन् साथै राजनीतिक दलका नेता तथा कार्यकर्ता पनि उनीहरूलाई यथार्थ बुझाएर निर्वाचनमा भाग लिन लगाउने वातावरण निर्माण गर्न असमर्थ रहेको देखिएको छ।

जनसङ्ख्याको आधारमा प्रतिनिधित्वलाई हेर्दा अझ पनि पूर्ण प्रतिनिधित्वको अवस्था देखिदैन। सङ्घीय संसद्को ५९ सदस्य रहेको राष्ट्रिय सभामा कानुनको प्रावधानले सात जना सदस्य दलित उम्मेदवार निर्वाचित भएका छन्। जुन कानुनतः हरेक प्रदेशबाट एक एक जना निर्वाचित गर्नु पर्ने बाध्यात्मक परिस्थितिको उपज हो। मधेसीको सन्दर्भमा यसरी आरक्षण नगरिएको राष्ट्रिय सभामा केवल ५ जना सदस्य रहेका छन् जुन कुल सङ्ख्याको ८ प्रतिशत हुन्छ।

कुल २७५ जना सदस्य रहेको प्रतिनिधि सभामा भने मधेसी समुदायहरूको उपस्थिति निश्चित रूपमै राम्रो छ। यस किसिमको उपस्थितिले यो सङ्ख्या सङ्घीय संसद्मा उनीहरूको हुनु पर्ने प्रतिनिधित्वको निकट पुगेको छ। यहाँ दलितको सङ्ख्या १९ रहेको छ जुन कुल सङ्ख्याको ७ प्रतिशत हुन्छ। यस्तै यहाँ ४८ जना सदस्य मधेसी समुदाय छन् जुन कुल सङ्ख्याको १७ प्रतिशत हुन आउँछ।

मधेसी समुदायले उनीहरूको जनसङ्ख्याको हिस्साको झन्डै बराबर प्रतिनिधित्व हासिल गरेका छन् तर यो उपलब्धि ठुलो मात्रामा उनीहरूको बहुमत रहेका क्षेत्रको प्रतिनिधित्व गर्ने स्थानका माध्यमबाट हासिल भएको छ।

दलित समुदायको प्रतिनिधित्व आरक्षणबाट प्राप्त भएको कोटामा बढी मात्रामा निर्भर रहेका छन् तर ती प्रयासका बावजुद पनि उनीहरूको प्रतिनिधित्व दलितको जनसङ्ख्या अनुसार पाउनु पर्ने हिस्साको तुलनामा निकै कम रहेको छ।

स्थानीय तह निर्वाचनमा दलित समुदाय तथा मधेसी समुदाय प्रतिनिधित्व प्रदेश सभा तथा प्रतिनिधि सभाका लागि ती दुई वटा समूहको पहिलो हुने निर्वाचन हुने दौडसँग निकै मिल्दोजुल्दो रहेको छ। दलित समुदायहरू ती पदका दुई प्रतिशतमा मात्रै निर्वाचित भएका थिए र उनीहरूले स्थानीय तहका प्रमुखको पदभन्दा उपप्रमुखको पदका लागि भएको

प्रतिस्पर्धामा राम्रो (तीन प्रतिशत विरुद्ध दुई प्रतिशत) गरेका छन् । निर्वाचनमा उनीहरूको प्रतिस्पर्धा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा केही राम्रो देखिएको छ ।

स्थानीय तह निर्वाचनमा निर्वाचित त्यत्रो ठुलो सङ्ख्याका प्रतिनिधिमा ४ जना मात्र अपाङ्गता भएका व्यक्ति निर्वाचित भएका छन् । प्रदेश सभामा अपाङ्गता भएका ३ र प्रतिनिधि सभामा २ जना व्यक्ति मात्र निर्वाचित भएका छन् । अपाङ्गताको प्रकारका आधारमा हेर्दा अधिकांश सदस्यहरू गोडाको अपाङ्गता भएको पाइएको छ । अपाङ्गता भएका व्यक्तिहरू समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएको पाइएको छ । तथापि, अपाङ्गता भएका व्यक्तिको सहभागीता तथा उपस्थिति विगतभन्दा हालको प्रतिनिधि सभामा केही राम्रो भने देखिएको छ ।

## ७.२ सुझाव

यस अध्ययनले नेपालमा वि. सं. २०७४ सालमा सम्पन्न सबै तहको निर्वाचनको आधारमा महिला, दलित, मधेसी तथा अपाङ्गता भएका मतदाता एवं जनप्रतिनिधिको लोकतान्त्रिक निर्वाचनमा सक्रिय सहभागीता अझै वृद्धि गर्न नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, सञ्चार माध्यम तथा सामाजिक सङ्घ संस्थाहरूका लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ :

### नेपाल सरकारका लागि सुझाव

- नेपालको संविधानको विभिन्न धाराहरूमा 'समानुपातिक समावेशी सिद्धान्तका आधारमा" सहभागीतालाई सुनिश्चित गरिएको सन्दर्भमा विभिन्न सरोकारवालाहरूले आफ्नो पक्षमा मात्र व्याख्या गर्ने परिपाटीको अन्त्य गर्नका लागि समानुपातिक समावेशी सिद्धान्तको व्याख्या गरी संविधान वा कानुनमा नै लिपिबद्ध गरिनु पर्ने । साथै विपन्न, अल्पसङ्ख्यक, सीमान्तकृत, लोपोन्मुख जस्ता संविधानमा उल्लेख भएका शब्दावलीहरूको सम्बन्धमा कानुन निर्माण गरी यिनीहरूको व्याख्या गरिनु पर्ने र समानुपातिक निर्वाचन प्रणालीमा यसै समूह वा क्लस्टरबाट मात्र निर्वाचित गर्ने गरी कानुनी व्यवस्था गरिनु पर्ने ।
- स्थानीय तहको निर्वाचनमा राष्ट्रिय पार्टीको हैसियत रहेका राजनीतिक दलहरूबिचको आपसिक गठबन्धनले गर्दा प्रमुख वा अध्यक्षको पदमा महिलाको उम्मेदवारी सङ्ख्यामा नै कमी देखिएको, अझ निर्वाचनबाट विजयी हुने महिलाको सङ्ख्यामा झनै कमी देखिएको छ । अतः राजनीतिक दलहरूको गठबन्धनको कारणले महिला तथा समावेशी समूहको निर्वाचित हुन पाउने अधिकारमा कटौती नहुने गरी प्रमुख वा अध्यक्षको पद मध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिइएमा महिला उम्मेदवारी नै दिनु पर्ने गरी कानुन संशोधन गर्ने । **साथै कानुन निर्माणको चरणमा व्यवस्थापिका संसदमा पर्याप्त छलफल गरिनु पर्ने । सरोकारवालाहरूसँग समेत छलफल गरिनु पर्ने ।**

- संविधानको धारा २१५ (४) र २१६ (४) को प्रावधान अनुरूप गाउँ र नगर कार्यपालिकामा प्रतिनिधित्व गर्ने सदस्य सङ्ख्या दलित वा अल्पसङ्ख्यकबाट क्रमशः २ र ३ जना हुने रहेकोमा दलित समुदायबाट कति जना र अल्पसङ्ख्यकबाट कति जनाले प्रतिनिधित्व गर्ने सो को सङ्ख्या नै प्रस्ट हुने गरी संविधानमा संशोधन गरिनु पर्ने ।

- वर्तमान निर्वाचन प्रणाली अनुरूप पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ समावेशिताको सिद्धान्तलाई अवलम्बन गर्नु पर्ने कानुनी बाध्यता नहुदा राजनैतिक दलहरूले उम्मेदवार मनोनयन गर्ने क्रममा महिलाको प्रतिनिधित्व तर्फ कम ध्यान दिएको पाईएको छ । **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा एक तिहाई महिला तथा समावेशी समूहको उम्मेदवारी दिनु पर्ने व्यवस्था गर्न महिला तथा समावेशी समूहका लागि मात्र जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र तोकी चक्रीय प्रथा अँगाल्ने वा उम्मेदवारी दिँदा न्यूनतम तोकिएको सङ्ख्यामा महिला तथा समावेशी समूहको उम्मेदवारी दिने कोटा प्रणाली सम्बन्धमा** संविधान तथा कानुनको समीक्षा गरी सो अनुरूप संशोधन गर्ने ।

- सामाजिक विभेदको परिणामले महिला तथा समावेशी समूहका व्यक्तिहरू अझ पनि राज्यको मूल प्रवाहीकरणमा आउन नसकेको विभिन्न अध्ययनहरूले देखाएको छ । पछिल्लो निर्वाचन परिणामलाई हेर्दा पनि यो विषय पुष्टि हुन्छ । यसका लागि सङ्घीय, प्रदेश तथा स्थानीय सरकारले **महिला तथा समावेशी समूहको क्षमता विकास केन्द्रित जनसचेतना तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरी महिलाको नेतृत्व क्षमता बढाउन जरुरी छ ।**

- निर्वाचनका विभिन्न चरणहरूमा उम्मेदवारको सुरक्षा संवेदनशील हुने, अझ त्यसमा पनि महिला तथा समावेशी समूहका दलित र अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षा संवेदनशीलता बढी हुने हुँदा सरकारले उनीहरूको जिउ धनको विशेष सुरक्षा दिने प्रवन्ध मिलाउने ।

- विभिन्न अल्पसङ्ख्यक जाति तथा समूहको जनसङ्ख्या कम देखाइने गरेको भन्ने आरोप लाग्ने गरेकोले सर्वस्वीकार्य तथ्याङ्कका लागि आगामी राष्ट्रिय जनगणना २०७८ मा नेपाल सरकारले स्थानीय तहसँग समन्वय गरी यथार्थ परक तथ्याङ्क सङ्कलन गर्ने व्यवस्था गर्ने ।

- वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा दलित महिला सदस्यमा १७६ स्थानमा उम्मेदवारी नपरेका कारणहरूमा मतदाता सम्बन्धित स्थानमा दलित समुदाय नभएको भन्ने प्रारम्भिक जानकारी प्राप्त भएको हुँदा यस सम्बन्धमा अन्य सम्भावित कारणहरू समेतको पहिचान गरी समाधानका लागि सरकारबाट विशेष पहल गर्ने ।

- सन २०३० सम्ममा नेपाल सरकारले दिगो विकासका लक्ष्य प्राप्त गर्न तोकेको सङ्घीय तथा प्रदेश संसदमा महिलाको सहभागिता ४० प्रतिशत र स्थानीय तहमा

४२ प्रतिशतको लक्ष्य हासिल गर्ने योजना बनाएको छ । यसै गरी अपाङ्गको सहभागिता ३५ प्रतिशत पुर्‍याउने लक्ष्य समेत राखिएको छ । उक्त लक्ष्यहरू पूरा गर्नका लागि जिम्मेवार निकायले कार्य गरे नगरेको सम्बन्धमा सरकारले नियमित रूपमा अनुगमन र समन्वय गर्ने । यदि लक्ष्य हासिल गर्न कुनै समस्या रहेको देखिएमा सोको समाधान गर्ने । महिला तथा समावेशी समूहको निर्वाचनमा सहभागीता बृद्धिका लागि नेपालले प्रतिवद्धता जनाएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, अनुबन्ध लगायत बहुपक्षीय सम्झौताहरूको कार्यान्वयनका लागि आवश्यक समन्वय र सहकार्यको व्यवस्था मिलाउने ।

- राजनीतिक दल सम्बन्धी ऐनले राजनीतिक दलहरूको सम्बन्धमा एकात्मक केन्द्रीय शासन व्यवस्थामा जस्तो राष्ट्रिय दलको मात्र परिकल्पना गरेकोले देश सङ्घीय शासन व्यवस्थामा प्रवेश गरी सकेपछि प्रदेश स्तरमा समेत क्षेत्रीय राजनीतिक दलहरू रहन सक्ने भएकाले राजनीतिक दल सम्बन्धी ऐनमा संशोधन गरी क्षेत्रीय वा प्रादेशिक दल सम्बन्धी व्यवस्था समेत गरिनु वाञ्छनिय हुने ।
- कानुनतः मतदाता नामावलीमा नाम समावेश गर्न नेपाली नागरिकता प्रमाणपत्र अनिवार्य रहेको तर मुलुकको कतिपय स्थानमा विशेषतः घरमुलीले महिलाहरूको नागरिकता प्रमाणपत्र बनाइ नदिने भएकाले मतदाता नामावलीमा नाम दर्ता नहुने हुँदा निर्वाचनमा मतदान गर्न, उम्मेद्वार हुन, प्रस्तावक वा समर्थक हुनबाट बञ्चित भएको पाइएको छ । अतः यसको अन्त्यका लागि नेपाल सरकार, राजनीतिक दल, निर्वाचन आयोग तथा सम्बद्ध सरोकारवालाहरूले मतदाता नामावलीमा नाम समावेश गर्नका लागि उत्प्रेरित गर्न अभियान नै सञ्चालन गर्नुपर्ने ।

## निर्वाचन आयोग, नेपालले ध्यान दिनुपर्ने विषय

- वि. सं. २०७४ सालमा सम्पन्न प्रदेश तथा सङ्घीय संसद्को निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यहरूको संवैधानिक तथा कानुनी प्रावधानलाई पूर्णतः कार्यान्वयन गर्न आयोगले खेलेको भूमिका सह्राहनीय थियो । परिणामतः सङ्घीय तथा प्रदेश संसद्मा तोकिए बमोजिमको सङ्ख्यामा सम्बन्धित समूह र क्षेत्रबाट प्रतिनिधित्व गराउन सफल भएको थियो । यस्तो भूमिकालाई आगामी निर्वाचनहरूमा समेत निरन्तरता दिइनु पर्ने । साथै निर्वाचन आयोगले संविधान र कानुनले प्रदान गरेको अधिकार बमोजिम आगामी दिनमा आफ्नो भूमिकालाई अझ सशक्त बनाउदै लैजानु पर्ने ।
- पछिल्लो निर्वाचनको समयमा महिला तथा समावेशी समूहको प्रतिनिधित्व गराउन आइपरेका समस्या र चुनौतीको सम्बद्ध सरोकारवालाहरूको संलग्नतामा समीक्षा

तथा बृहत् परामर्श गरी विज्ञहरूको परामर्शमा ऐन नियमावली लगायतका निर्वाचन कानुनहरू निर्माण तथा संशोधन गर्न तयार गर्ने ।

- महिला, दलित, मधेसी, अपाङ्ग लगायत अन्य समावेशी समूहको मतदाता र उम्मेदवारको रूपमा निर्वाचनमा सहभागीता वृद्धि गर्न विशेषतः निर्वाचन पश्चात्को अवधिमा निर्वाचन आयोगले विकास साझेदार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय गरी निर्वाचन तथा नागरिक शिक्षाको कार्यक्रम सञ्चालन गर्ने । साथै दलका सङ्घीय, प्रदेश तथा स्थानीय तहका कमिटिहरूमा महिला तथा समावेशी समूहको प्रतिनिधित्वको विषयमा राजनीतिक दल सम्बन्धी कानूनमा भएको व्यवस्था बारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

- मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि निर्वाचन शिक्षा रणनीतिक योजना निर्माण गरी सोही अनुरूप निर्वाचन पश्चातको समयमा समेत कार्यक्रम सञ्चालन गरिनु पर्दछ । साथै महिला तथा समावेशी समूह लक्षित निर्वाचन शिक्षाको भावी रणनीति तयार गर्ने ।

- आगामी दिनमा के कस्ता निर्वाचन तथा मतदाता शिक्षा सामग्रीहरूको प्रयोग गर्ने भन्ने विषय विस्तृत रुपमा छलफल गरी सोही अनुसार शैक्षिक सामग्री निर्माण गरी प्रयोग गर्ने तर्फ सबै सरोकारवालाहरूलाई परिचालन गर्ने । साथै पाठ्यसामग्री भन्दा श्रव्य दृश्य सामग्री बढी प्रभावकारी हुने विभिन्न अध्ययनहरूले देखाएको हुँदा निर्वाचन तथा मतदाता शिक्षाका लागि शैक्षिक सामग्रीहरू निर्माण गर्दा सोही अनुरूप निर्माण गर्नु गराउनु पर्ने यस्ता कार्यहरु निवाचन पस्चात (Post Electoral Period) अवधिमा निरन्तर रुपमा संचालनगर्ने ।

- सकारात्मक विभेदको सिद्धान्तका आधारमा महिला तथा समावेशी समूहका लागि निर्वाचन आचार संहितामा थप विशेष व्यवस्था गर्न सोको पुनरावलोकन तथा संशोधन गर्ने । महिला, दलित तथा विपन्नका लागि उम्मेदवार मनोनयन शुल्क ५० प्रतिशत छुट दिइदा पनि उनीहरूको उम्मेदवारी सङ्ख्या न्यून रहनुको कारणमा बढदो चुनावी प्रचार प्रसार खर्च रहेको छ । अतः निर्वाचन आयोगले सरोकारवालाहरूको सहकार्यमा प्रचार प्रसार खर्च र प्रचार प्रसारको समय पालना तथा सुरक्षा प्रत्याभूतिको अनुगमन गरी सो को उल्लङ्घन गर्ने माथि तत्काल कारबाही गर्नुपर्ने । साथै महिला तथा समावेशी समूहलाई प्रतिकूल असर पार्ने गरी गरिएका निर्वाचन कसुर सम्बन्धी कार्यहरूको शीघ्र तथा पारदर्शी सुनुवाई गर्ने ।

- निर्वाचनबाट एक निश्चित अवधिका लागि प्रतिनिधिको चयन गरिने र निर्वाचनमा सञ्चार माध्यमले प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा निर्वाचन आयोगले सञ्चार माध्यम परिचालनको रणनीति विकास गर्नुपर्छ । यसरी विकास गरेको सञ्चार माध्यम परिचालन रणनीतिले निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात गर्नु पर्ने काम तथा क्रियाकलापको सम्बन्धमा प्रस्ट कार्य योजना बनाई व्यवस्था गरी सोही बमोजिम परिचालन गर्ने ।

- हरेक निर्वाचन सम्पन्न भए पश्चात् आगामी दिनमा गर्नुपर्ने थप कार्यहरूको मार्गदर्शन पहिचान गर्न महिला तथा समावेशी समूहको सहभागीता सम्बन्धमा अध्ययन र विश्लेषण गरिनुपर्छ । निर्वाचन समीक्षाबाट प्राप्त उपलब्धिका आधारमा निर्वाचन आयोगले आगामी दिनमा सम्पन्न गरिने निर्वाचनमा महिला तथा समावेशी समूहको अधिक सहभागीताका लागि थप कार्य योजना निर्माण गर्नु पर्ने । यस्तो योजना निर्माण गर्दा निर्वाचनका सबै सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया र बहस गरी आगामी दिनका निर्वाचन पश्चात अवधिका लागि कार्यक्रम तथा योजना निर्माण गर्नु पर्ने ।
- निर्वाचन आयोगले वि. सं. २०७० सालमा सम्पन्न दोस्रो संविधान सभाको निर्वाचन देखि बहिरा तथा वि. सं. २०७२ सालदेखि दृष्टिविहीन मतदाताहरूका लागि थप विशेष मतदाता शिक्षा कार्यक्रम सञ्चालनको अभ्यास सुरु गरेकोमा सबै तहको निर्वाचन परिणामबाट यसको प्रभाव सकारात्मक देखिएकोले ती कार्यक्रमलाई निरन्तरता दिइनुपर्छ । साथै, वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा महिला, दलित तथा समावेशी समूहका व्यक्तिहरूका लागि निर्वाचनमा सहभागीता वृद्धि गर्न उम्मेदवारी मनोनयन गर्ने समेत गैर सरकारी संस्था मार्फत सञ्चालन गरिएको कार्यक्रमको प्रभाव सकारात्मक रहेको पाइएकोले यस्तो कार्यक्रमलाई निरन्तरता दिँदै आगामी दिनमा वडा स्तरसम्म यो कार्यक्रम सञ्चालन गर्ने । अन्य सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई समेत सम्बोधन गर्ने गरी कार्यक्रम गर्नुपर्ने ।
- निर्वाचन आयोग समावेशी मुद्दामा अझ बढी सम्वेदनशील बन्दै मतदान केन्द्र तथा मतदाता  नामावली दर्ता गराउने स्थानलाई महिला तथा अपाङ्गता मैत्री बनाउदै लैजानुपर्छ ।
- दृष्टिविहीनहरूको निर्वाचनमा सहभागी हुने र **आँफैले मतदान गर्न पाउने अधिकारको** सुनिश्चितता गर्नका लागि निर्वाचन आयोगले भोटिङ मेशिन, ब्रेल लिपि मतपत्र, एक्सेसिवल मटेरियल्स तथा विशेष प्रकारको औजार (Mechanical Instrument) जस्ता उपकरणहरू मध्ये उपयुक्त उपकरणको व्यवस्था गर्न त्रमशः पहल गर्दै जाने ।
- निर्वाचनमा केन्द्र र स्थानीय तहमा खटिने कर्मचारीहरूको नियुक्ति गर्दा महिला तथा समावेशी समूहको समेत समान सहभागीता हुने गरी गर्नुपर्ने । साथै, महिला तथा समावेशी समूह मैत्री व्यवहारका लागि सचिवालय तथा निर्वाचनमा खटिने कर्मचारीहरूलाई प्रशिक्षित गर्नुपर्ने ।
- निर्वाचन आयोगले उम्मेदवारीको फारम भराउँदा आवश्यक समावेशी सम्बन्धी सूचना भर्न लगाउने । जसले गर्दा उम्मेदवारको बारेमा समावेशी सम्बन्धी तथ्य जानकारी प्राप्त हुनेछ ।

- निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन गर्दा अपाङ्गताको सूचना लिइने तर अन्तिम मतदाता नामावली प्रकाशन गर्दा अपाङ्गता भए नभएको उल्लेख नहुनुले गर्दा अपाङ्गता भएका व्यक्तिको निर्वाचन प्रक्रियामा विशेष व्यवस्था गर्न, सहभागीताको लेखाजोखा गर्न तथा अपाङ्गताको प्रकारका आधारमा हरेकको आवश्यकता फरफ फरक हुने हुँदा त्यही अनुरूप व्यवहार गर्न समस्या रहेकोले **अन्तिम मतदाता नामावलीमा अपाङ्गता भएका मतदाताको तथ्याङ्क उल्लेख गरिनु पर्ने ।**
- **समानुपातिक निर्वाचन प्रणालीमा १० प्रतिशत भन्दा कम सिट प्राप्त गर्ने राजनीतिक दलले महिला बाहेक अन्य क्लस्टरबाट निर्वाचित नगरे पनि हुने कानुनी प्रावधानले अन्य क्लस्टरको प्रतिनिधित्वमा नकारात्मक प्रभाव पर्न गएकोले जतिसुकै सिट जिते पनि तोकिएको समावेशी समूहको कोटा लागु हुने गरी कानुनमा संशोधन गरिनु पर्ने ।**
- पछिल्लो पटक प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा पुरुषको तुलनामा महिला मतदाताको सङ्ख्या कम देखिएको हुँदा सबै महिला मतदाता निर्वाचन आयोगको जिल्ला निर्वाचन कार्यालय तथा आयोगमा रहेको लैङ्गिक सम्पर्क व्यक्ति मार्फत लैङ्गिक तथ्याङ्क तथा सूचनाहरू अध्यावधिक गरी नियमित रूपमा सार्वजनिक गरिनु पर्ने ।

## राजनीतिक दलका लागि सुझावहरु

- महिला तथा समावेशी समूहलाई आरक्षण गरिएका सिटमा मात्रै सीमित गराइएकोले राजनीतिक दलहरू यस मामिलामा अझ पनि उदार हुन नसकेको दखिन्छ । कुल जनसङ्ख्याको ५० प्रतिशत भन्दा बढी महिला जनसङ्ख्या रहेको र मतदातामा समेत आधा सङ्ख्या महिला रहेको सन्दर्भमा चुनावमा विजयी हुनका लागि महिलाहरूको मत महत्वपूर्ण हुने कुरालाई मनन गरी संविधान, राजनीतिक दल तथा निर्वाचन कानुनमा व्यवस्था भएअनुसार महिला तथा समावेशी समूहलाई दलको विभिन्न तहका समितिहरू तथा निर्वाचनमा सहभागीताको सुनिश्चितताको लागि दलको विधानमा नै व्यवस्था गर्ने । साथै महिला तथा समावेशी समूहबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा समेत यस समूहको उम्मेदवारी सङ्ख्या बढाउदै लैजाने ।
- राजनीतिक दलहरूले महिलाहरूलाई राजनीतिक सचेतना वृद्धि गरी दलको विभिन्न तहका समितिहरूमा र साधारण सदस्यको रूपमा समेत महिला तथा समावेशी समूहको सदस्य सङ्ख्या वृद्धि गर्नु पर्ने ।
- राजनीतिक दलहरूले आफ्नो महाधिवेशन, बैठक, दलका कार्यक्रमहरू, दलको महत्वपूर्ण काम तथा क्रियाकलापहरूमा महिला तथा समावेशी समूहको

प्रतिनिधित्व सुनिश्चित गरी उनीहरूलाई नेतृत्व गर्ने अवसर प्रदान गरी क्षमता तथा नेतृत्व विकास गर्न महिला तथा समावेशी समूह लक्षित विशेष आउटरिच कार्यक्रम सञ्चालन गर्ने ।

- महिला तथा समावेशी समूहबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरूलाई राजनैतिक दलहरूले राज्य सञ्चालन र जनप्रतिनिधिको काम, कर्तव्य र अधिकारको विषयमा प्रशिक्षित गरी निर्णय प्रक्रियामा उनीहरूलाई अधिकाधिक सहभागी गराइनु पर्ने । साथै, पछिल्ला निर्वाचनहरूमा बदर मतको सङ्ख्या वृद्धि भएको सन्दर्भमा राजनीतिक दलहरूले आफ्ना मतदाताहरूलाई मत बदर नहुने गरी मतदान गर्नका लागि मतदाता शिक्षा दिई प्रशिक्षित गर्ने ।

- महिला तथा समावेशी समूहको निर्वाचनमा उम्मेवारी सङ्ख्यामा निकै नै कमी भएकोले उनीहरूको संलग्नता सङ्ख्यात्मक तथा गुणात्मक रूपमा वृद्धि गर्दै लैजानको लागि स्थानीय स्तर देखि नै नेतृत्व विकास र नेतृत्वको अवसर सिर्जना गर्नुपर्छ । यसका लागि राजनीतिक दलले महिला तथा समावेशी समूहको प्रतिनिधित्विलाई सुनिश्चित गर्नका लागि तहगत रूपमा नेतृत्व गर्न सक्ने गरी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी सामूहिक तथा दोस्रो पुस्ताको नेतृत्वको समेत विकास गरी निर्वाचनमा उम्मेदवारहरू हुन सक्ने व्यक्ति तयार गर्दै लानु आवश्यक छ । अतः राजनीतिक दलले लक्षित समूहका लागि आन्तरिक कार्यदल गठन गरी क्षमता वृद्धिका कार्यक्रमहरू अविलम्ब सञ्चालन गर्ने ।

- उम्मेदवार हुनका लागि आर्थिक हैसियतले निकै ठुलो भूमिका निर्वाह गर्ने गर्दछ । महिला तथा समावेशी समूहको स्रोत साधनमा न्यून पहुँचका कारण समेत उनीहरूले चुनावी प्रचार प्रसारका लागि आवश्यक वित्तीय स्रोत जुटाउन नसक्ने अवस्था रहेको देखिन्छ । अतः महिला तथा समावेशी समुदायको प्रतिनिधित्वलाई वृद्धि गर्नका लागि राजनीतिक दलहरूले वित्तीय आधारमा भन्दा पनि क्षमताको आधारमा संभावित महिला तथा समावेशी समूहका उम्देवारहरूलाई अवसर, क्षमताको विकास तथा प्रोत्साहन गर्नुपर्ने । साथै राजनीतिक दलले महिला तथा समावेशी समूहलाई आर्थिक सहयोग गर्ने तथा आर्थिक स्रोत सङ्कलन गर्नमा समेत सहयोग गर्नु पर्ने ।

